मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

पूर्णाङ्क ३२, मंसिर २०५७

संचेतना द्वैमासिक

के गर्दैछ मानवअधिकार आयोग?

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ९, पूर्णाङ्क ३२, मंसिर २०५७

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप-सम्पादक
आत्माराम शर्मा

आवरण
महेन्द्र श्रेष्ठ
एम. एस. माउस, पुतलिसडक
फोन : २६५९४४

ले-आउट
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा
शालिग्राम तिवारी

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७०७७०/२७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

के गर्दैछ मानवअधिकार आयोग ? लेखनाथ भण्डारी (३)
दमननाथ ढुंगाना, गणेशराज शर्मा, सिन्धुनाथ प्याकुरेल, सुशील प्याकुरेल, कपिल श्रेष्ठ, खिमलाल देवकोटाका विचारहरु सहित

मुक्त कमैयाहरूको वर्तमान अवस्था– प्रेम पराजुली (१०)
विस्थापित कमैयाहरुको लगत सहित

मानवअधिकार वर्षपुस्तक
मात्र एउटा प्रकाशन कि मानवअधिकार स्थितिको तस्वीर- प्रकाश ज्ञवाली (१३)

महिलाहरूको विश्वयात्रा- प्रेक्षा ओझा (१७)

अभिवादन मार्था, साराह, अल्वर्टिना र डोरा- अग्निशिखा (१९)
दक्षिण अफ्रिकी महिला आन्दोलनको आलेख

मानवअधिकार शिक्षा र इन्सेक– देविका तिमिल्सिना (२३)

सशस्त्र संघर्षको अवस्थामा सञ्चार – कृष्ण गौतम (२५)

सन् २००० : मानवअधिकार उल्लंघनका उल्लेख्य घटना – किरण माली (२९)

बोल र मृत्युको स्वीकार गर !

मानवअधिकारको विश्वव्यापी घोषणपत्रले घोषणा गरेको थियो- प्रत्येक व्यक्तिलाई व्यक्तिगत स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार छ । ... सबै मान्छे जन्मजात स्वतन्त्र र फुक्का हुन्छ । ... कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइनु हुन्न । निर्दयी, अमानवीय वा अपमान र बेज्जतीपूर्ण व्यवहार वा सँजाय दिन पाइँदैन । ... त्यो घोषणापत्र जारी भएको आधा शताब्दी बितिसकेको छ । तर पनि जारी छ- मानवद्वारा मानवमाथि अपमान, शारीरिक आक्रमण र हिंसाको कहर । विशेषतः महिलालाई यो कहरले डामेको छ ।

कतै चितवनकी एक सत्र वर्षीय किशोरी बोक्सीको आरोपमा पाता फर्काइन्छे । उसको निर्दयी लोग्ने, धामीले बताएअनुसार ती किशोरीको बंगारा रेट्छ, बंगारा निकाल्छ, ऊ मारिन्छे ।

कतै पाकिस्तानकी एक युवती "घरको सम्मान"का स्वातिर आफ्नै भाइहरूबाट मारिन्छे । उसको "अपराध" यति मात्र थियो कि- विश्वविद्यालयको प्राङ्गणमा ऊ कुनै परपुरूषसँग कुरा गरिरहेको देखिएकी थिई ।

कतै कुनै अरबी मुलुकमा अम मोहमद "सम्मानका स्वातिर" आफ्नै लोग्नेद्वारा मारिन्छे । उसको "अपराध" यति मात्र थियो कि- उसको पेट फुलेको थियो । बस्, चरित्रहीनताको शंकामा ऊ मारिई । पछि पोष्टमार्टमा गर्दा थाहा भयो- कलेजोको स्वरावीका कारण उसको पेट सुन्निएको थियो ।

लेवनानको शतिला क्याम्पमा एक प्यालेष्टिनी किशोरीका आँखा सामुन्ने उनकी कास्वे बहिनी, तीन, आठ र एघार वर्षका भाइहरू र दुई दिदीहरू गोलीले ढालिएका थिए । र, उनी आफैं पनि आफ्नै बाबुका सामुन्ने इजरायली सैनिकद्वारा बारम्बार बलात्कृत भएकी थिइन् । यस्तो त्रासदी भोगेकी ती किशोरीको दुई वर्षसम्म बोली निस्केको थिएन ।

कतै रूवाण्डामा एउटी गर्भवती महिला अस्पतालभित्रै डाक्टरद्वारा मारिन्छे । ती गर्भवतीको पेट चिरेर भित्रको शिशु समेत जन्मनै नपाई मारिन्छ । यसर्थ कि, जातीय विद्वेषले ग्रस्त रूवाण्डामा डाक्टर र गर्भवतीको जात फरक/फरक थियो ।

नृशंसताका यी केही उदाहरण मात्र हुन्। विश्वमा भएका र मैरहेका महिलामाथिका उत्पीडन र हिंसाका गाथाहरू लेख्ने हो भने एक दर्जन महाभारतका ठेली तयार हुन्छन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको मर्म बधस्थलहरूमा पनि पुग्नुपर्छ र पुग्नुपर्छ- घुम्ने मेचमाथि बसेका अन्धा मान्छेहरूमा पनि ।

अल्जेरियन कवि ताहर जाउतको शब्दमाः
मौनता मृत्यु हो
तिमी बोल्छौ भने मारिन्छौ
नबोल्दा पनि मारिन्छौ
तसर्थः,
बोल र मृत्यु स्वीकार गर ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको यस सन्दर्भमा कवि जाउतका यी शब्दहरूले विश्वव्यापी रूपमा महिलाहरूलाई झक्झकाओस् । र, तिनीहरू आफैंले लेखुन्- महिला मुक्ति आन्दोलनको एक नयाँ अध्याय ।

के गर्दैछ मानवअधिकार आयोग ?

◂ लेखनाथ भण्डारी ◂

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा प्रतिबद्धता जनाइएको नागरिकको मानवअधिकारको संरक्षणको कार्यान्वयनको पक्षमा "संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं सम्बर्द्धन गर्ने" उद्देश्यले श्री ५ को सरकारले २०५३ साल पौष २४ गते "मानवअधिकार आयोग ऐन २०५३" जारी गऱ्यो। तर त्यसरी संविधान र कानुनको कार्यान्वयन प्रति सचेतना जाहेर गर्दै जारी गरिएको ऐनको. कार्यान्वयन हुन भने साढे तीन वर्षसम्म सडक देखि सदनसम्म आवाज उठाउनु पऱ्यो। जुलुस, धर्ना, अदालत र अनशनका अतिरिक्त अन्य विभिन्न दबाबमूलक कार्यक्रम नागरिक समाजले गरेपछि मात्र गठन भएको आयोग गठन पछि पनि निर्विबाद रहन सकेन।

ऐन बनिसकेपछि पटक-पटक सरकारले आयोग गठन गर्ने मौखिक आश्वासन दिंदै आउने क्रममा अन्ततः २०५७ जेठ १३ गते देशमा एक राष्ट्रिय मानवअधिकार आयोग गठन गरिएको छ। प्रधानमन्त्री, प्रधानन्यायाधिश र प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी दलका नेताको सिफारिसमा श्री ५ बाट गठन गरिएको आयोगको विषयलाई लिएर तत्कालै जे जस्ता प्रतिक्रियाहरु उत्पन्न भएका भए पनि अब आयोग आफ्नो लक्षित मार्गमा हिंड्न थालिसकेको छ। हिजो आयोग गठनको विषयलाई लिएर आयोगप्रति चर्को स्वरमा विरोधको आवाज उठाउनेहरुमा पनि आयोगप्रति क्रमशः सहानुभूति र केही अपेक्षाहरु थपिएका छन्।

आयोगको गठन पश्चात आयोगलाई पूर्णतः जनविरोधी, प्रजातन्त्रको उपहास भएको भन्ने टिप्पणी सत्ता पक्षीय सांसदहरुबाट संसदमा नै उठाइएको थियो। आयोगका अध्यक्षको विषयलाई लिएर सत्ता पक्ष र प्रमुख प्रतिपक्षी दल बीच बहुमत र अल्पमतको जुहारी समेत चलेको थियो। अन्ततः ती सबै स्वरहरु क्रमशः आयोगको आवश्यकता र सक्रियतातर्फ केन्द्रित हुन थालेका छन्। आयोग स्थापनाको पक्षमा समेत आवाज उठाउँदै आउनु हुने पूर्व

माओवादी जनयुद्धप्रति संकेत गर्दै अध्यक्ष खत्री राजनीतिक समस्याबाट सृजित समस्याको हल राजनीतिक ढंगबाटै हुनुपर्छ भन्दै भन्नुहुन्छ- "जनताको मानवअधिकार उल्लंघन हुने गरी कसैले राजनीतिक समस्या सृजना गर्नु हुँदैन।" आयोग स्थापना पछि मुक्त कमैयाको पुनर्स्थापना, जातीय छुवाछूत, महिलाका पक्षमा कानुन निर्माण, संविधान विरोधी कानुनको संशोधन, गैरकानुनी थुनामा राख्ने र वेपत्ता पारिने घटनाको नियन्त्रणका सम्बन्धमा आयोगले चासो लिएको कुरा अध्यक्ष खत्री बताउनु हुन्छ।

सभामुख दमननाथ ढुंगानाले तत्काल आयोगलाई 'जन विरोधी आयोग' को संज्ञा दिनु भएको भए पनि अहिले आएर उहाँले आयोगको मूल्यांकन कामको आधारमा गर्नुपर्ने बताउनु भएको छ। देशमा आयोगमाथि आयोगको औचित्य भन्दा पनि भार हुने तर्क उठाउँदै आउनु हुने वरिष्ट अधिवक्ता गणेशराज शर्मा आयोगले आफ्नो औचित्य आफै स्थापित गर्न सक्नु पर्ने मान्यता. राख्दै भन्नुहुन्छ "आयोग नागरिक समाजप्रति जवाफदेही हुनुपर्छ।"

नव गठित मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री आफ्नो नियुक्तिका विषयलाई लिएर गरिएका सबै प्रकारका टिका-टिप्पणी र विरोधका बाबजुद आयोगलाई र आफ्नो उपस्थितिलाई औचित्यपूर्ण रुपमा स्थापित गर्न आफ्नो सबै प्रकारको प्रयत्न रहने बताउनु हुन्छ। अध्यक्ष खत्री भन्नुहुन्छ- "मानवअधिकार संरक्षणको लागि शिक्षा र चेतना विकासमा आयोग क्रियाशील हुनेछ। आयोग मानवअधिकार उल्लंघनका विरुद्ध आवश्यक कारवाही गर्नका लागि आन्तरिक संयन्त्र निर्माणका क्रममा छ।"

माओवादी जनयुद्धप्रति संकेत गर्दै अध्यक्ष खत्री राजनीतिक समस्याबाट सृजित समस्याको हल राजनीतिक ढंगबाटै हुनुपर्छ भन्दै भन्नुहुन्छ- "जनताको मानवअधिकार उल्लंघन हुने गरी कसैले राजनीतिक समस्या सृजना गर्नु हुँदैन।" आयोग स्थापना पछि मुक्त कमैयाको पुनर्स्थापना, जातीय छुवाछूत, महिलाका पक्षमा कानुन निर्माण, संविधान विरोधी कानुनको संशोधन, गैरकानुनी थुनामा राख्ने र वेपत्ता पारिने घटनाको नियन्त्रणका सम्बन्धमा आयोगले चासो लिएको कुरा अध्यक्ष खत्री बताउनु हुन्छ।

सरकारले आयोगको गठन पछि आयोगको पूर्वाधार निर्माणमा अपेक्षित सहयोग, भौतिक साधन, स्रोत, आर्थिक स्रोत र मानवीय संशाधन जुटाउन नसकेको स्वीकार गर्दै अध्यक्ष खत्री भन्नुहुन्छ- "सरकारी निकायहरुमा मानवअधिकारको महत्वप्रति पर्याप्त ज्ञान छैन। त्यही अज्ञानताका कारण ढिलाई भएको हुन सक्छ।"

आयोग गठन पछि सबैभन्दा बढी चर्चा र विवाद आयोगका अध्यक्षको नियुक्तिका अतिरिक्त आयोगको पूर्वाधार निर्माणको विषयलाई लिएर भएको छ। पूर्व गृहसचिवले

आयोगप्रति जति तिक्त टिप्पणी गर्नु भएको भए पनि वर्तमान गृह सचिव आयोगप्रति कुनै टिप्पणी गर्न चाहनु हुन्न। उहाँको भनाइ छ- "आयोग गृहमन्त्रालयको टिप्पणीको सरोकारको विषय होइन।" त्यसरी नै मन्त्री परिषद्का मुख्य सचिव पनि आयोगका सम्बन्धमा कुनै प्रकारको टिप्पणी गर्न चाहनु हुन्न। मुख्य सचिव तिर्थमान शाक्यसंग आयोग गठन पछि सरकारबाट पर्याप्त सहयोग नभएको विषयलाई लिएर जिज्ञासा राख्दा उहाँले भन्नुभयो- "त्यो विषय मेरो कार्यक्षेत्र भित्र पर्दैन।"

आयोग गठन पूर्व आयोग गठनका विषयमा निकै नै गृहकार्य गरिएको कुरा ऐन बनेको साढे तीन वर्ष पछि मात्र आयोग गठन हुनुले पनि देखाउँछ। आयोग गठन हुनु पूर्व सरकारले आयोगको संगठनात्मक स्वरुप, आयोगलाई आवश्यक पर्ने जनशक्ति र बजेटका सम्बन्धमा अध्ययन गरी सोको प्रतिवेदन एवं आयोगले बनाउनु पर्ने नियमावलीहरुको मस्यौदा पेश गर्न एक कार्यदल गठन गरेको थियो। त्यस कार्यदलले आयोगलाई ४ प्रथम स्तरको अधिकृत, ७ द्वितीय स्तरको अधिकृत, ११ तृतीय स्तरको अधिकृत, २२ सहायक प्रथम स्तरको, १ सहायक द्वितीय स्तरको, १० सवारी चालक, १२ पियन समेत गरी ६७ जना कर्मचारी उपलब्ध गराउनु पर्ने सिफारिस गरेको थियो। तर अहिले आयोगले नियुक्त गरेको सचिव बाहेक १२ जना भन्दा पनि कम अन्य कर्मचारी लिएर आयोग हरिहरभवन पुल्चोकमा विघटित आपूर्ति मन्त्रालय रहेको राणाकालीन दरबारमा रहेको छ। आयोग गठन पश्चात् आयोगले २५ कोठा, एक हल, १० वटा सवारी साधन पार्किङ्ग लगायतका अन्य सुविधा भएको घर भाडामा चाहिएको विज्ञापन पनि प्रकाशित गरेको थियो।

आयोगका लागि सोही कार्यदलले पहिलो वर्ष १ करोड ६० लाख र दोस्रो वर्षदेखि ९८ लाख रुपियाँ बजेट उपलब्ध गराउनु पर्ने सिफारिस गरेकोमा सरकारले यो प्रथम वर्षको लागि ५० लाख रुपैयाँ छुट्याएको आयोगले जनाएको छ। त्यसैगरी आयोगलाई कार्यदलले १० वटा गाडी उपलब्ध गराउनु पर्ने सिफारिस गरेकोमा हालसम्म दुई वटा गाडी मात्र प्राप्त गरेको छ।

आयोगले के के गऱ्यो ?

आफ्नो स्थापनाको औचित्यपूर्ण उपस्थिति आम रुपमा महसुस गराउन नसकेकै भए पनि हालसम्म आयोगले मानवअधिकारका अनेकौं विषयमा चासोहरु भने राखेको छ। मानवअधिकारको संरक्षण सम्बर्द्धनको पक्षमा चेतना र मानवअधिकार उल्लंघनका विरुद्ध दवाव, पीडितलाई राहत एवं दोषीलाई कारवाही जस्ता न्यूनतमदेखि अधिकतम लक्ष्यसम्मका विषयहरुमा आयोगले यस बीचमा केही स्थलगत अध्ययन, निर्देशन, दबाब, सुझाव संकलन, अन्तरक्रिया, प्रेस विज्ञप्ति आदि माध्यमबाट आफ्नो दुरुह यात्राको थालनी गरेको छ।

आयोगको पूर्णता र गतिविधि

गठन भएको १४ दिन पछि प्रधानमन्त्री

आयोगप्रति सरकारको उत्साहजनक व्यवहार देखिदैन

◀ कपिल श्रेष्ठ ◀

सदस्य, राष्ट्रिय मानवअधिकार आयोग आयोगका सदस्य कपिल श्रेष्ठ सरकारी संयन्त्रमा जनताका मानवअधिकारप्रतिको संवेदनशिलता वा जानकारीको कमीका कारण आयोगलाई लक्षित उद्देश्यमा हिड्न अप्रत्यक्ष असहयोग भइरहेको बताउनु हुन्छ। कतिपय सरकारी निकायमा आयोगले उनीहरुको काममा छेकबार पो गर्ने हो कि भने भ्रम छ भन्दै उहाँ भन्नुहुन्छ- त्यसकारण आयोग स्थापना पछि यसको संस्थागत विकासका लागि आवश्यक साधन स्रोत, अवसर र वातावरण सृजना गरेर परिचालन गर्नेतर्फ सरकारको उत्साहजनक व्यवहार देखिदैन।

आयोगले जन अपेक्षा अनुसार मात्र होइन, आयोगकै कार्ययोजना अनुसार पनि काम गर्न सकिरहेको छैन। सदस्य श्रेष्ठ त्यस सम्बन्धमा भन्नुहुन्छ- "सरकारले आफ्नो आवश्यकता महसुस गरेर आयोग गठन गरेको होइन। राष्ट्रिय अन्तर्राष्ट्रिय दबावका कारण नचाहेदा नचाहेदै पनि बाध्यतावस गठन गरेको आयोगलाई सरकारले त्यति राम्रो वा सहज रुपमा लिएको छैन। आयोगलाई स्वतन्त्र, स्वायत्त र अधिकार सम्पन्न राज्यको अंग बनाउने भन्दा पनि सरकारको एउटा सानो निकायको रुपमा सीमित गर्न खोज्नेहरु पनि छन् भने त्यसै कारण आयोगलाई आवश्यकता जनशक्ति र अन्य स्रोत पनि उपलब्ध हुन सकेको छैन।"

मानवअधिकार शिक्षा र दरिलो नागरिक समाजको निर्माण आयोगका लागि प्रमुख आवश्यकता र चुनौतिका रुपमा रहेको स्वीकार्दै श्रेष्ठ थप भन्नुहुन्छ- "नागरिक समाजको दबाव र हामीमाथिको विश्वसनियता आर्जन गर्न सके आयोगले मानवअधिकारको संरक्षणमा विशेष हैसियत देखाउन सक्छ।" मानवअधिकार संस्कार र संस्कृतिको निर्माण गर्नु आयोगको प्राथमिक दायित्व रहेको बताउँदै सदस्य श्रेष्ठ थप्नुहुन्छ- "मानवअधिकार आयोगको स्थापना देशकै नौलो प्रयोग पनि हो। यस प्रयोगलाई हामीले सरकारी निरंकुशता नियन्त्रणका लागि दबाव दिने, सरकारलाई नागरिकको मानवअधिकार संरक्षणमा प्रतिबद्ध गराउने तथा मानवअधिकार उल्लंघनकर्ता (दोषी) माथि कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाउने, त्यस्ता घटना दोहोरिन नदिन सबैलाई सचेत गर्ने र मानवअधिकारको संरक्षणका क्षेत्रहरुको पहिचान गराउने तर्फ क्रियाशील पार्नुपर्छ।" उहाँ आयोगले यस बीचमा लक्षित उद्देश्य पूरा गर्न आयोगको संस्थागत संरचनाको विकास गर्ने र मानवअधिकार उल्लंघनका कतिपय गम्भीर विषयहरुमा सम्बन्धित पक्षहरुलाई सचेत गराएको बताउँदै भन्नुहुन्छ- "सरकारको व्यवहार जनताको मानवअधिकार संरक्षण र आयोगको संस्थागत विकासका लागि सकारात्मक हुनु पर्ने, मानवअधिकार विरोधी ऐन कानुनहरुमा सुधार गर्नुपर्ने, गैर कानुनी क्रियाकलाप नियन्त्रण गर्नुपर्ने, कमैया, महिला, जातीय विभेद जस्ता विभिन्न पक्षका समस्याप्रति सरकारले विशेष कदम चाल्नु पर्ने जस्ता कुराहरुमा आयोगले सरकारको ध्यानाकर्षण गराएको छ।"

गिरिजाप्रसाद कोइरालासंग भेटघाट गरी आयोगका अध्यक्ष खत्रीले आयोगका तर्फबाट प्रथम "प्रेस विज्ञप्ति" जारी गर्नु भएको थियो। जेठ २७ गते जारी सो विज्ञप्ति अनुसार आयोगका अध्यक्षले जेठ १७ गते र सदस्यहरुले जेठ २३ गते शपथग्रहण गरेपछि "अब आयोगले पूर्णता प्राप्त गरेको छ" भनिएको छ। त्यस्तै आयोगले प्रधानमन्त्री समक्ष आयोगलाई प्रभावकारी ढंगबाट काम शुरु गर्न भौतिक पूर्वाधारको यथाशिघ्र व्यवस्था गर्न माग गरेको र भद्रकालीमा अनशन बसेका माओवादी क्षेत्रका पीडित जनतालाई भेटी समस्याप्रति चासो व्यक्त गरेको पनि सोही विज्ञप्तिमा उल्लेख छ।

आयोगले सोही आफ्नो प्रथम प्रेस विज्ञप्तिमा विभिन्न विषयमा सरकारले गरेका काम कारवाही बारे मन्त्री परिषद् सचिवालयलाई जेठ २६ गते पत्र लेखी जानकारी माग गरेको थियो। आयोगले माग गरेका विषयहरुमा 'रुकुमको खारामा भएको हत्या एवं अग्नी काण्ड, कैलाली जिल्लाको उर्मा गाविसमा भएको ६ जनाको हत्या, कमैयाहरुको न्यूनतम ज्याला एवं कमैया मुक्ति, लाहानमा भएको चमार वहिष्कार तथा हालसम्म वेपत्ता पारिएका भनी प्रकाशित समस्याका बारेमा ७ दिनभित्र जानकारी गराउनु पर्ने' रहेका थिए।

दोस्रो पटक पनि आयोगले असार २ गते अर्को विज्ञप्ती जारी गर्दै सरकार र माओवादी बीच वार्ताको चर्चाले प्राथमिकता पाइरहेको अवस्थामा मुठभेडका घटनाहरु वृद्धि भई निर्दोष नागरिकहरुले समेत ज्यान गुमाउनु परिरहेको जटिल परिस्थिति गम्भीर भएको व्यक्त गर्दै दुवै पक्षलाई धैर्य र संयमका साथ समस्याको शान्तिपूर्ण समाधान खोज्न आग्रह गरेको थियो। सो विज्ञप्तिमा सरकार र माओवादी दुवैलाई तत्काल गर्नुपर्ने केही सुझावहरु पनि दिइएको थियो।

आयोगले मुख्य रुपमा सरकार र माओवादी पक्षलाई तत्काल गर्नुपर्ने भनी दिएका सुझावमा हत्या, हिंसा, आतंक, वेपत्ता र यातना दिने घटना बन्द गर्नुपर्ने जस्ता विषयहरु थिए। त्यसरी आयोगले सरकारलाई दिएको सुझावमा माओवादीको आशंकामा गिरफ्तार गरिएकाहरुको संख्या, नाम र अवस्था सार्वजनिक गर्नुपर्ने, ऐन विपरित हिरासतमा लिइएकाहरु र अदालतले रिहा गर्न आदेश दिएका व्यक्तिहरुलाई तत्काल रिहा गर्न, हत्या गरिएका वा घाइते भएका पीडित पक्षलाई सरकारले उपलब्ध गराएको क्षतिपूर्ति बारे

'ब्युरोक्रेसी' ले आयोगको सक्रियता र सहयोग चाहिरहेको छैन

• सुशील प्याकुरेल •
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

आयोगका सदस्य सुशील प्याकुरेल आयोगका प्राथमिकताका विषयहरुका सम्बन्धमा भन्नुहुन्छ- "मानवअधिकार आयोग ऐन र संविधानले आयोगलाई मानवअधिकारको संरक्षणका लागि विस्तृत रुपमा परिभाषित गरिदिएको छ। त्यो 'म्याण्डेट' लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन संविधान, ऐन र कानुनमा भएका व्यवस्था तथा नेपालले अन्तर्राष्ट्रिय रुपमा जेनाएको सबै प्रतिबद्धताहरुलाई नेपाली जनताको मानवअधिकारको क्षेत्रमा साकार त्यसैको प्राप्ति हुनु पर्छ भन्ने कुरामा आयोगको प्राथमिकता रहनेछ।"

देशका जनताको मानवअधिकारको स्थिति हेर्दा न्यूनतम मानवीय जीवन बीउन आवश्यक कुराको वाप्तिका लागि नेपाली जनताको आर्थिक सामाजिक र सांस्कृतिक अधिकारलाई उपभोग गर्न सक्ने अवसरको सूचना गर्नु पर्छ। नेपालको संविधानले नागरिक र राजनीतिक अधिकारको जमरी व्याख्या गरेको छ त्यसरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई दाबी संविधान र कानुनले न्यायिक उपचारको हक न्याएको छैन। तैपनि नेपालमा प्रतिबद्धता बाहेर गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा ती कुराहरु पनि समेटिएका छन्। तसर्थ देशमा गरीबिको रेखामुनि रहेका जनताको न्यूनतम आवश्यकता परिपूर्ति गरिनुलाई जनताको मौलिक हक भित्र राख्ने परिपाटीको शुरुवात गराउन त्यसको आवश्यक वातावरण तयार गर्न आयोग अग्रसर रहनेछ। सदस्य प्याकुरेल उक्त विचार राख्नु हुन्छ।

देशमा आर्थिक शोषण, सामाजिक विभेद कायमै रहेकाले गर्दा राजनीतिक उत्पीडनको अन्त्य हुन सकेको छ। राजनीतिक उत्पीडनलाई न्यायिक उपचार छ तर सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारमा न्यायिक उपचार छैन। जबसम्म सामाजिक विभेद र आर्थिक शोषणको अन्त्य हुन्न तबसम्म राजनीतिक उत्पीडन पनि रहिरहने भएकाले जनताका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण गर्नेतर्फ राज्यको ध्यान जानु पर्छ। आयोग त्यसका लागि क्रियाशील रहनेछ।

आयोगले हालसम्म मानवअधिकारको संरक्षणको पक्षमा के गऱ्यो त ? यस प्रश्नमा उहाँ भन्नुहुन्छ- "आयोगको स्थापना पछि यसले नागरिक र राजनीतिक मुद्दालाई हेर्दै भन्ने सरकारी सोच थियो। तर आयोगले नागरिक समाज र मानवअधिकार संस्थाहरुको अपेक्षा अनुसार देशको न्यायिक र कानुनी क्षेत्रमा प्रशासन यन्त्रबाट हुने कानुनको उल्लंघन राज्य गृह प्रशासन र प्रहरी संगठनलाई कानुनी क्रियाकलाप मात्र गर्न अनुरोध गऱ्यो। प्रशासन र प्रहरीबाट हुने कानुन उल्लंघनका घटनाहरुमा हस्तक्षेप गर्नु पऱ्यो। त्यसरी नै आयोग आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षेत्रमा पनि सक्रिय छ भन्ने अनुभूति सरकारी निकायमा दिन कमैया, महिला, आदीवासी, छुवाछुत जस्ता विषयमा छलफल गर्ने, भेदभावमूलक कानुनको अध्ययन र सुधारका लागि सुझाव दिने, मानवअधिकार तथा सामाजिक न्यायसग सम्बन्धित संसदीय समिति, गृह मन्त्रालय र कानुन तथा न्याय मन्त्रालयहरुसग नजिक रहेर सहकार्य गर्ने आधारहरु निर्माण गर्न आयोग अग्रसर छ।"

सरकारी व्यवहार र दृष्टिकोणका सन्दर्भमा प्रतिक्रिया छ- "आयोगले चासो लिएका र जानकारी माग गरेका विषयहरुमा सरकारले हल्का ढंगले वा सतही रुपमा जवाफ लेख्ने गरेको छ। सरकारले आयोगको क्रियाकलापप्रति गम्भीरता पूर्वक सोच्नु पर्छ। आयोगले जानकारी माग गरेका विषयमा सरकारले के गऱ्यो वा गरेन भन्ने कुरा नगरेर गर्दैछौं भन्ने जस्तो परम्परागत प्रवृत्ति देखाएर पन्छिने र बढिन गरेको पाइएको छ।" कमैयाहरुको मुक्ति पछिको स्थिति र वेपत्ता पारिएका नागरिकका सवालमा सरकारले आयोगलाई कुनै स्पष्ट जानकारी नदिएको कुरा उहाँ स्वीकार्दै भन्नुहुन्छ- "सरकारले आयोगलाई सबल र सक्रिय बनाउन आर्थिक र प्राविधिक विनियमहरु तयार गर्ने कुरामा पनि सहयोग गरिरहेको छैन। 'ब्युरोक्रेसी' ले आयोगको सक्रियता र सहयोग चाहिरहेको छैन। ऐन नियम नभई आयोग कसरी चल्छ ? सरकारले यसमा सोच्नु त कता हो कता आयोगले तयार पारेर पठाएका विषयमा पनि कुनै परामर्श दिइरहेको छैन। सरकारको त्यस प्रकारको व्यवहारले आयोगलाई समस्या छ। यसलाई सरकारको असहयोग नै मान्नु पर्छ।"

देशमा माओवादी 'जनयुद्ध' का कारण बढिरहेको मानवअधिकार उल्लंघन नियन्त्रण गर्नका लागि आयोगको भूमिका कस्तो रहन सक्छ ? सरकारले शान्ति वार्तामा आयोगलाई किन अग्रसर गराउन चाहन्छ ? प्रश्न विषयमा आयोगका सदस्य प्याकुरेल स्पष्ट गर्न खोज्दै भन्नुहुन्छ- "राजनीतिक प्रणालीका लागि हुने संघर्षको विषयमा आयोगले सरोकार राख्न मिल्दैन। तर राजनीतिक प्रणाली स्थापना वा कायम गर्ने र भत्काउने क्रममा जनताका आधारभूत हक अधिकार खोस्ने र उल्लंघन गर्ने हुँदैन। 'जनयुद्ध' प्रभावित जिल्लामा जनताका खोस्न पाउने हक अधिकार, स्वास्थ्य, शिक्षा, विकास र शान्ति सुरक्षाको प्रत्याभूतिमा सरकारले जनयुद्ध नियन्त्रणका नामसा पछिनु हुँदैन। माओवादी पक्षबाट पनि त्यहाँका जनतालाई ती अधिकारबाट वञ्चित गरेर राजनीतिक संघर्षलाई अघि सार्न हुँदैन। आयोग जनताको मानवअधिकार राजनीतिक प्रणालीको सुरक्षा वा विरोधका नामसा खोस्न हुन्न भन्ने चाहन्छ।" ■

सार्वजनिक जानकारी दिइनु पर्ने, कुनै पनि व्यक्तिलाई पक्राउ गरी वेपत्ता पार्ने काम तुरुन्त बन्द गर्नुपर्ने र कुनै पनि अवस्थामा निशस्त्र जनतामाथि आक्रमण गर्न नहुने रहेका थिए। माओवादीलाई दिएका सुझावहरुमा 'जनयुद्ध' शुरु भएयताका घटनाहरुमा हत्या गरिएका व्यक्तिहरुको नामावली सार्वजनिक गर्नुपर्ने, नागरिकहरुको अपहरण तुरुन्तै बन्द गर्नुपर्ने र हालसम्म अपहरित व्यक्तिहरुको बारेमा यथार्थ जानकारी सार्वजनिक गर्नुपर्ने, कुनै पनि नागरिकमाथि स-शस्त्र आक्रमण गर्ने, घरमा वम प्रहार गर्ने, आगो लगाउने, सम्पत्ती लुट्ने र आतंकित पार्ने जस्ता कामहरु बन्द गर्नुपर्ने लगायतका रहेका थिए।

आयोग र सरकार बीचको जुहारी

आयोगले आफ्नो प्राथमिकतामा राखेका यी कुराहरु के कति पूरा भए ? माओवादी र सरकारले उनीहरुको सुझावलाई के कति गम्भीरताका साथ कार्यान्वयन गरे वा ध्यान दिए तथा सरकारले आयोगलाई के कस्ता जानकारी उपलब्ध गरायो त ? यस सम्बन्धमा आयोगका सदस्य कपिल श्रेष्ठ भन्नुहुन्छ- आयोगप्रति सरकारको व्यवहार अत्यन्तै औपचारिकतामा मात्र सीमित रहेको छ। आयोगले जानकारी माग गरेका बिषयहरुमा सरकारले सही जानकारी दिने र कार्यान्वयन र कार्यरुपमा बदल्ने कुनै योजना, सोच र प्रतिबद्धता नदेखिने उत्तर मात्र होइन कतिपय प्रश्नमा सफेद झुठ समेत बोलेको पाइएको छ। सदस्य श्रेष्ठ सरकारको मानवअधिकार प्रतिको इमान्दारिता, प्रतिबद्धता, दृष्टिकोण र संयन्त्र समेत स्पष्ट नदेखिएको अवस्थामा सरकारले इमान्दारितापूर्वक मानवअधिकारको पालना र सुदृढीकरण गर्ने कुरामा प्रतिबद्ध छैन भन्ने निष्कर्षमा पुगेको र सरकारले मानवअधिकारलाई 'कर्मकाण्ड' को रुपमा चलाएको बताउनु हुन्छ।

पुनरावेदन अदालत वुटवलले बन्दी प्रत्यक्षीकरणको आदेश गरेर छोडेका ताराप्रसाद भुसाललाई प्रहरीले अदालतभित्रैबाट गिरफ्तार गरेको विषयलाई लिएर उत्पन्न विवादका सम्बन्धमा आयोगले २०५७ असार २५-२७ बीच स्थलगत अध्ययन गरेको थियो। स्थलगत अध्ययनमा आयोगका सदस्यद्वय कपिल श्रेष्ठ र सुशील प्याकुरेल रहनु भएको थियो। आयोगको चासो पछि भुसाललाई २०५७ साउन ९ गते प्रहरीले अज्ञात ठाउँबाट वुटवल स्थित राजमार्गमा आँखामा पट्टि बाँधेको अवस्थामा ल्याएर छोडेको थियो।

काठमाडौं बागबजार स्थित मितेरी अस्पतालमा उपचारका लागि भर्ना भएका दुई व्यक्ति माओवादी भएको आशंकामा प्रहरीले अस्पतालमै स-शस्त्र धर्ना हाली उपचारमा समेत बाधा पुऱ्याएको घटनाको विषयमा पनि आयोगले प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयलाई सचेत गराएको थियो। आयोगले २०५७ भदौ १९ गते घाइतेहरुको यथोचित औषधी उपचारको प्रबन्ध गर्न र उनीहरुलाई आयोगको पूर्व स्वीकृति वा जानकारी विना अन्यत्र स्थानान्तरण नगर्न जानकारी गराए पछि त्यसको प्रतिवाद गर्दै प्रहरी प्रधान कार्यालयले अर्को पत्र लेखेको थियो।

आयोगँलाई प्रहरीले लेखेको सो पत्र आयोगमा प्राप्त हुनु अगावै सार्वजनिक सञ्चार माध्यममा पुगेको थियो। त्यसै विषयलाई लिएर अर्को एक पत्र लेख्दै आयोगले सो कुरालाई अत्यन्त गम्भीर र अमर्यादित कार्य भनेको थियो। आयोगको पत्रलाई गलत रुपमा अर्थ लगाइएको तथा श्री ५को सरकारको संयन्त्रमा मानवअधिकारको ज्ञान नभएको आयोगको ठहर थियो।

आयोगको सरकारी निकायहरु प्रतिको टिप्पणीहरु सार्वजनिक भइरहेका बेला तत्कालीन गृहसचिव पदम प्रसाद पोखेलले तिब्र आक्रोस व्यक्त गर्नु भएको थियो। गृहसचिव पोखेलले २०५७ भदौ २२ गते राजधानीमा आयोजित मानवअधिकार सम्बन्धी एक दक्षिण एशियाली गोष्ठीमा विभिन्न आयोग र समितिहरुद्वारा गृहप्रशासनलाई दिइने निर्देशनहरुमा आपत्ती जनाउने क्रममा मानवअधिकार आयोगको समेत नाम लिदै जसले पनि रिट जारी गर्ने ? भन्ने प्रश्न गर्दै भन्नुभएको थियो- "कुनै पनि अंग स्वतन्त्र हुन्छ भन्ने नाममा निरंकुशता लाद्ने काम भइरहेको छ। त्यस्ता निकायहरुबाट सरकारी कर्मचारीहरुलाई विना कारण दुःख दिने काम भएको छ, उनीहरुलाई मानसिक यातना पुगेको छ।" सोही कार्यक्रममा विज्ञान तथा प्रविधि मन्त्री सुरेन्द्र प्रसाद चौधरीले पनि मानवअधिकारको रक्षा गर्ने नाममा मानवअधिकार संगठनहरुले यसलाई अनावश्यक मुद्दा बनाएको र ती संस्थाहरुले राजनीतिका लागि माओवादीका नाममा भएका आतंककारीहरुको मानवअधिकारका अनावश्यक कुरा उठाएर हिंडेको बताउनु भएको थियो।

आयोगले लिएका चासोहरु

आयोगले सरकारले गरेको कमैया मुक्तिको घोषणालाई तयारी विना नै मुक्तिको घोषणा गरेँको कारण कमैयाहरुको जनजीवन अस्तव्यस्त भएको, उनीहरुमा गाँस र वासको

आयोगले केही सकारात्मक संकेत देखाएको छ

◀ बिमलाल देवकोटा ◀

व्यापक जन दबाव र ठूलो संघर्ष पछि सरकारले नचाहँदा नचाहँदै पनि बाध्य भएर मानवअधिकार आयोगको गठन गरेको छ। त्यस आयोगले मानवअधिकारका क्षेत्रमा गरिएका सबै अपेक्षा पूरा गर्न आयोगको बनौट नै त्यसका लागि बाधकका रुपमा रहेको छ। यस बीचमा आयोगले केही सकारात्मक संकेत देखाएको छ तर त्यसलाई सम्पूर्ण नमानेर शुरुवात मात्र मान्नु पर्छ।

यो आयोगले चाहेर पनि धेरै काम गर्न सक्तैन। यसको समग्र निर्देशिका (ऐन) त्यसका लागि सकारात्मक मात्र नभएको होइन कि धेरै हदसम्म काम गर्न रोक समेत लगाएको छ। आयोगले ती रोकावटहरुको यथाशिघ्र संशोधन गर्नुपर्छ। यदी आयोग साँच्चिकै स्वायत्त, स्वतन्त्र र जनताको मानवअधिकार रक्षा गर्न प्रतिबद्ध छ भने त्यसका लागि आयोगका बाधा हटाउनु पर्छ। त्यसका लागि आयोग, सरकार र राजनीतिक पार्टीहरु अग्रसर हुनुपर्छ। त्यसले नै यी सबै पक्षको मानवअधिकार आयोग प्रतिको

प्रतिबद्धताको सबकली रुप देखाउँछ।

आयोगका अध्यक्षका सम्बन्धमा सर्वोच्च अदालतमा दर्ता भएको मुद्दाका सम्बन्धमा तत्काल टिप्पणी गर्नुभन्दा ऐनमा भएको व्यवस्था नै त्रुटीपूर्ण छ भन्ने मलाई लाग्छ। ऐनमा अध्यक्षको लागि तोकिएको योग्यताले न्यायाधिशहरुलाई स्वतन्त्र रहने कुरामा दखल पुऱ्याएको छ। त्यसरी ऐनमा नै आयोगको अध्यक्ष अवकास प्राप्त प्रधान न्यायाधिश वा न्यायाधिशलाई मात्र राख्ने कुरा हुनु सिद्धान्ततः मिल्दैन। त्यसबाट स्वतन्त्र रुपमा न्यायिक कार्यमा सलग्न हुनुपर्ने न्यायाधिशहरुलाई सिफारिस समितिप्रति 'लोयल' हुन लालच बढाउँछ उहाँ भन्नुहुन्छ।

व्यवस्था नभएको र वर्ष भरि गरेको कामको न्यूनतम ज्याला समेत नपाएकोमा सरकारलाई मुक्त घोषित कमैयाको उचित पुनर्स्थापनाको माग गरेको थियो। मुक्त कमैयाहरुको सम्बन्धमा अध्ययन गर्न आयोगका सदस्य सुशील प्याकुरेल र आयोगका अन्य कर्मचारीहरुको टोली सम्बन्धित क्षेत्रमा पुगेको थियो।

आयोगले स्थापनाकालका प्रारम्भिक दिनमा कारागार व्यवस्थापन, मानवअधिकारको संरक्षण र सरकारी सञ्चार माध्यमको भूमिका, महिलाहरुका समस्या, चमार जाति वहिष्कार समस्या जस्ता विषयमा पनि विभिन्न समयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरेको छ। देशका कारागारहरुको स्थिति यातनागृह भएको, मानवअधिकार संस्कृति निर्माणमा सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुने, दलित भनिने समुदायमाथि हुने गरेका भेदभाव विरुद्ध र मानवअधिकार र महिला सम्बन्धी वर्तमान नेपाल कानुन विषयमा पनि आयोगले सम्बन्धित पक्षहरु बीच अन्तरक्रियाहरु गरेको छ। त्यस्तैगरी आयोगले अदालतको आदेशमा कैद मुक्त गरिएका नागरिकहरुलाई तत्कालै अदालत हाताभित्रैबाट प्रहरीले पक्राउ गर्ने घटनाहरुका सम्बन्धमा सम्बन्धित पक्षलाई त्यसो नगर्न ध्यानाकर्षण तथा पीडित पक्षलाई उद्धार गर्ने जस्ता कार्यका अतिरिक्त डोल्पा जिल्लाको सदर मुकाममा माओवादीबाट भएको आक्रमणलाई मानवअधिकारको गम्भीर उल्लंघन र आफ्नो राजनीतिक आस्थाको नाममा अरुको शान्तिपूर्वक बाँच्न पाउने अधिकार कुण्ठित गर्नु मानवअधिकारका मान्यताहरु विरुद्ध हुनुको साथै मानवताका विरुद्ध हुने भएकाले त्यस्ता घटना पुनः हुन नदिन सरकार र 'सम्बद्ध सबै पक्ष' लाई आयोगले आह्वान गरेको थियो।

आयोगको अन्तर्राष्ट्रिय गतिविधि

यसैबीच आयोगले आफ्ना केही गतिविधिहरु अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्क विस्तारतर्फ पनि केन्द्रित गरेको देखिन्छ। त्यस क्रममा केही अन्तर्राष्ट्रिय मानवअधिकार आयोगहरु बीचको भेटघाट, अन्तरक्रिया र भ्रमणहरु रहेका छन्। आयोग र क्यानेडियन मानवअधिकार आयोग बीच गत साउन ९ गते दुई पक्षीय सहयोगका सम्बन्धमा छलफल भएको थियो। त्यस्तै संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयका प्रतिनिधिद्वय पिटर होस्किङ र आर. पी. पिलार्य र आयोग बीच पनि आयोगको भावी योजना कार्यक्रम र दातृ संस्थाहरुबाट उपलब्ध हुन सक्ने सहयोग आदि पक्षमा छलफल भएको थियो।

आयोगका सदस्यद्वय डा. गौरिशंकर लाल दास र कपिल श्रेष्ठले गत अगष्ट ७-९ मा न्यूजिल्याण्डमा सम्पन्न एशिया प्रशान्त क्षेत्रका राष्ट्रिय मानवअधिकार आयोगहरुको क्षेत्रीय वैठकमा नेपालको तर्फबाट पहिलोपटक भाग लिनु भएको थियो भने सो वैठकले सो मञ्चको सदस्यता नेपाललाई पनि प्रदान गऱ्यो। एशियन इलेक्सन मनिटरिङ्ग नेटवर्कको गत अगष्ट २४-२८ मा बैंककमा सम्पन्न कार्यशालामा आयोगका सदस्य श्रेष्ठले स्रोत व्यक्तिको रुपमा भाग लिनु भएको थियो।

गत श्रावण १२ र १३ गते आयोगको आवश्यकता पूर्ति एवं आयोगको सुदृढिकरणका लागि सहयोग प्रबर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तका विशेष सल्लाहकार, एशिया प्यासेफिक मञ्च राष्ट्रिय मानवअधिकार संस्थाका निर्देशक, अन्तर्राष्ट्रिय विकास समाजका सभापति र युएनडिपीका प्रतिनिधिहरु बीच पनि छलफल भएको थियो। छलफलमा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुका प्रतिनिधिहरुले आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको कुरा आयोगले जनाएको छ।

आयोगको आन्तरिक गृहकार्य

आयोगले केही आन्तरिक गृहकार्यहरु पनि गरेको छ। ती गृहकार्यहरुमा उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावलीको तयारी र त्यस माथिको सम्बन्धित विशेषज्ञहरु बीचको छलफल पनि एक हो। आयोगले उक्त नियमावली लगायत अन्य केही आन्तरिक प्रशासन तथा आर्थिक विनियम सम्बन्धी व्यवस्था बारेका प्रस्तावहरु चार महिनाभन्दा पहिले नै सल्लाह र सुझावका लागि प्रधानमन्त्रीको कार्यालय पठाएको थियो। तर ती प्रस्तावहरुका सम्बन्धमा आयोगले ताकेता गर्दा पनि प्रधानमन्त्रीको कार्यालयले न कुनै सल्लाह सुझाव दिएको छ न फिर्ता नै पठाएको छ।

त्यसरी नै केही समय पहिलेमात्र आयोगले आन्तरिक व्यवस्थापनमा सहयोग पुऱ्याउन आवश्यक ६ जना अधिकृत तृतीयको माग गरेको थियो भने त्यस अघी विभिन्न सरकारी निकायबाट काजमा खटिएका कर्मचारीहरु मध्ये अधिकांश आ-आफ्ना ठाउँमा फिर्ता गइसकेका छन्। अन्य निकायबाट आएका कर्मचारीहरुको एकाएक फिर्ताका सम्बन्धमा आयोगले कुनै स्पष्ट जानकारी नदिए पनि आयोगको आन्तरिक व्यवस्थापनमा भएको कमी कमजोरी, सरकारको व्यवहार तथा स्पष्ट

एक वर्षपछि आयोगको मूल्यांकन गर्न थाल्नु उचित होला

◀ दमननाथ ढुंगाना ◀

पूर्व सभामुख

नव गठित राष्ट्रिय मानवअधिकार आयोगको अपेक्षा, चुनौति र मूल्यांकनको सम्बन्धमा पूर्व सभामुख तथा नेपाल बार एसोशियसन मानवअधिकार समितिका अध्यक्ष (संयोजक) वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना आयोगले सर्व प्रथम आयोगको आफ्नो जन्म सम्बन्धी मनोवैज्ञानिक पीडा पार गर्न सक्नु पर्ने कुरामा जोड दिनु हुन्छ। आयोगका सम्बन्धमा उहाँको टिप्पणी छ- आयोग बडो द्वन्द्व र द्विविधा बीच गठन भएको हो। पहिले त आयोगले आफ्नो जन्म सम्बन्धी मनोवैज्ञानिक पीडा नै पार गर्न सक्नु पर्दछ।

आयोगले आफ्नो दायरा र सिमा आफै निर्धारण गर्न सक्नु पर्छ। आयोगले आफ्नै कामले आफ्नो स्वीकार्यता व्यापक बनाउन सक्नु पर्दछ। आयोग आफ्नो ध्यान र हात धेरै फैलाउन र बाँधेर बस्न पनि सक्तैन।

आयोग अहिले आफ्नो संगठनको भौतिक बन्दोबस्त गर्नेदेखि सबै काम कुरामा प्रारम्भिक चरणमा छ। आयोग मानवअधिकारका कुरामा सोचक हो र सरकारको कामको बाधक मात्र होइन। यस्तो सिद्ध गर्न र समझदारी बढाउन आयोगलाई अझै केही समय लाग्नेछ।

मानवअधिकार आयोग प्रजातान्त्रिक स्मृतिको द्योतक हो। अहिले प्रजातन्त्रमा प्रजातान्त्रिक संस्कृति धेरै तल झरेको अवस्था छ। तापनि आयोग 'हुने विरुवाको चिल्लो पात' मा छ, त्यो स्वागतयोग्य छ। आयोग आफ्नो प्रतिष्ठा र काम कर्तव्यमा अघि बढोस्। शुभकामना छ। आयोगको कामको मूल्यांकन गर्ने वेला भइसकेको छैन। आयोगले काम राम्ररी थालेको एक वर्ष पछि मूल्यांकन गर्न थाल्नु उचित होला। ☒

कार्ययोजनाको अभाव हुन सक्ने कुरा विभिन्न समयमा उठेका चर्चा, विवाद र सरकारी दृष्टिकोणले पनि देखिएको छ। आयोगले गत आश्विन २ गते आयोगको सचिवमा पत्रकार जोगेन्द्र किशोरी घिमिरेलाई नियुक्त गरेको छ।

आयोगमा उजुरीको ओइरो

आयोग स्थापना भएयता आयोगमा हालसम्म ४०० उजुरी परिसकेका छन्। ती उजुरी मध्ये आयोगको सूत्रले केही कार्यान्वयनको क्रममा र केही विचाराधीन रहेको कुरा उल्लेख गरे पनि के कति उजुरीको के कस्तो किनारा लगाइयो भन्ने सम्बन्धमा भने जानकारी गराएको छैन।

आयोगमा ६ महिनाको अवधीमा परेका उजुरीहरुको संख्याले आयोग क्रमश: उजुरीको ओइरोले पुरिदै जाने स्थिति एकातिर छ भने अर्कोतिर आयोगको वर्तमान अवस्थाकै व्यवस्थापन स्थितिमा उजुरकर्ताहरुले आ-आफ्ना समस्यामा सुनुवाई पाउने कुराको निश्चितता घट्दै जाने खतरा पनि छ। हाल आयोगमा दर्ता भएका उजुरीहरुमा माओवादी जनयुद्ध पीडितहरुको संख्या सबैभन्दा धेरै भएको र ती उजुरीमा पनि हत्या, हिंसा, सम्पत्ती लुटपाट, अंगभंग, अपहरण, वेपत्ता र आन्तरिक शरणार्थी आदि प्रमुख छन्। त्यस्ता उजुरीहरु पीडित पक्षका तर्फबाट उनीहरु सम्बन्धित परिवारका सदस्यहरुले दिएका छन्।

आयोगमा दर्ता उजुरीको दोस्रो ठूलो संख्या प्रहरी प्रशासनबाट विभिन्न रुपमा पीडित हुनेहरुको छ। यस्ता उजुरीहरुमा जिल्ला प्रशासन कार्यालयबाट सार्वजनिक अपराध र सजायँ ऐन तथा हातहतियार र खरखजाना ऐन अन्तरगत मुद्दा लगाइएकाहरु, थुना, हिरासत वा निवारक नजरबन्दमा राख्ने, अदालतको आदेशबाट थुना वा हिरासत मुक्त भएपछि पनि पुन: कारागार वा अदालतको ढोकैबाट प्रहरीले पक्राउ गर्ने, वेपत्ता पार्ने जस्ता रहेका छन्। यी दुई ठूलो संख्यामा रहेका उजुरीका अतिरिक्त आयोगमा परेका अन्य उजुरीहरुमा कमैया समस्याबाट पीडित, दलित एवं उत्पीडित जातिका समस्याबाट पीडित, थुनुवा कैदीका समस्या, महिला विरुद्धका हिंसा, यौन शोषण आदि रहेका छन्। यी बाहेक आयोगमा न्यायिक तथा अर्धन्यायिक निकायको प्रत्यक्ष सरोकार रहने मुद्दाहरु, व्यक्तिगत झै-झगडाका समस्याहरु पनि उजुरीका रुपमा आएको कुरा आयोगले जानकारी दिएको छ।

आयोगको लोगो छनौट

आयोगले आफ्नो उपस्थितिलाई सार्थक रुपमा प्रस्तुत गर्न एक प्रतिक चिन्ह (लोगो) को छनौट पनि यसै गरेको छ। संयुक्त राष्ट्रसंघद्वारा जारी मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको मर्मलाई र नेपाली पनलाई झल्काउने आयोगको प्रतिक चिन्ह युवा चित्रकार निर्माता वासु क्षितिजले सिर्जना गर्नु भएको छ। उहाँको 'डिजाइन' देशव्यापी प्रतियोगिताबाट आयोगले छनौट गरेको हो। सो चिन्हमा उठिरहेको सेतो परेवा, दुई हात फैलाइरहेको मानिस, प्रज्वलित दीप, विश्व र नेपालको चित्र निलो पृष्ठभूमिमा रहेका छन्। चित्रकार क्षितिज आफूले तयार गरेको आयोगको प्रतिक चिन्हमा स्वतन्त्रता, समानता, विश्वबन्धुत्वको भावनालाई सार्थक रुपमा प्रस्तुत गर्दै विश्वव्यापी मानवअधिकारको सर्वमान्य सिद्धान्त र आदर्श आत्मसात गरिएको बताउनु हुन्छ।

आयोगका अध्यक्ष विरुद्धको मुद्दा

नव गठित मानवअधिकार आयोग आफ्ना सफल कार्य गतिविधिका कारण नभएर

आयोगको औचित्य छैन भनेर व्यर्थ विवाद गर्दिन

◄ गणेशराज शर्मा ►

वरिष्ठ अधिवक्ता

आयोगको स्थापनाको औचित्य ारहेको विचार राख्नु हुने वरिष्ठ अधिवक्ता गणेशराज शर्मा समाजको आवश्यकता अनुसारका संस्था निर्माण गर्नुपर्ने कुरामा जोड दिनु हुन्छ। उहाँ हाल गठित मानवअधिकार आयोगलाई अरुको देखासिकीमा गठन गरिएको सरकारको एउटा नयाँ अंग ठान्नु हुन्छ।

नव गठित मानवअधिकार आयोगमा पुरानो हुकुमी शासन शैलीको सरकारी प्रवृत्ति देखिएको चर्चा गर्दै उहाँ भन्नुहुन्छ- "आयोगले प्रहरीलाई सोध्न हुने अनि प्रहरीले आयोगलाई सोध्दा मर्यादा नाघ्ने ? प्रश्नबाट नै क्रुद्ध हुने आयोगले भने आफ्नो सीमा बिर्सिएको हैन ?"

देशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ। त्यो आयोग पनि अपाग नै छ भने अर्को आयोग गठन गरेर किन अपाग पार्ने ? यस्ता आयोग उद्देश्य पूरा गर्ने भन्दा पनि ध्यान पुऱ्याउने खालका छन्। वरिष्ठ अधिवक्ता शर्मा- "मानवअधिकारको संरक्षणका लागि सर्वोच्च अदालतले जति महत्वपूर्ण भूमिकाको निर्वाह गर्दछ, त्यसको तुलनामा यी औचित्य र अस्तित्व स्थापित गर्न नसकेका आयोग कति खर्चिला छन् ? यी प्रचार बाहेक कुनै काम गर्दैनन्। यी रहनु र नरहनुमा कुनै फरक नभएको" बताउनु हुन्छ।

देशको कार्यकारी शक्ति र व्यवस्थापिका जनमतमा आधारित छ। जनमतमा आधारित संस्था मानवअधिकारको संरक्षणमा उपयोगी नहुने हो भने यस्ता आयोगको उपयोगिता नहुने मात्र होइन, सहायक उपयोगिता पनि हुन्न। देशमा सक्षम र उत्तरदायी कार्यकारी हुनुपर्छ। यस्ता आयोगले मान्छे झिका, फायल झिका भनेर कसरी चल्छ ? प्रहरीसंग गोप्य सूचना माग्ने कि सरकारले आवश्यक सूचना आफैं सार्वजनिक गर्ने ? सरकार ऐन कानुन अनुसार चल्नु पर्छ तर यी आयोगले ऐन कानुन मिचेर काम कसरी गर्न सक्छन् ? नेपालको प्रेस र नागरिक समाज मानवअधिकारप्रति स्वयं सचेत छ। तर मानवअधिकार आयोग नामको लालचले गठन गर्ने, नागरिक समाजको होइन। यो आयोगलाई कुन जनप्रतिनिधिको निकायले अनुमोदन गऱ्यो ? आयोगको अध्यक्ष नियुक्त हुँदा पनि त्यतिकै विवाद र विरोध भयो। त्यस्तो हुँदाहुँदै यो निकाय कसरी सर्वसम्मत राष्ट्रिय आयोग भयो ?

अहिले आयोग गठन भइसकेको छ। तसर्थ म यसको औचित्य छैन भनेर व्यर्थ विवाद गर्दिन। तर मेरो जोड शक्तिशाली र प्रजातान्त्रिक कार्यकारीको स्थापना तर्फ छ। शक्तिशाली र प्रजातान्त्रिक कार्यकारीले पनि धेरै व्यवधान भयो भने धेरै काम गर्न सक्दैन। उसले निर्विघ्न रुपमा काम गर्न पाउनु पर्छ।

नेपालको पछिल्ला दश वर्षमा के भयो ? एउटा जहाज किनियो ? एउटा राम्रो सडक बन्यो ? सबैतिर विवादै मात्र, विरोध मात्र छ। देशको बेइज्जत भइरहेको छ। सबैमा मुद्दैमुद्दा छ। सिंगापुरमा केही पहिले एकै पटक दश वटा एयर बस किनियो। कुनै विवाद र विरोध भएन। तर नेपालमा किन्ने कुरामा किन यस्तो ? किन्ने पक्षमा कमिशन भए बेच्ने पक्षमा पनि त्यस्तै कुरा उठ्यो होला, तर किन उठ्दैन ? तसर्थ हामी अरु देशमा यो छ, त्यो छ भनेर देशको व्यग्य चित्र कोरिरहेका छौं। मानवअधिकार आयोग प्रायोजित नागरिक समाजले आफ्नो प्रचारका लागि गठन गरेको निकाय हो।

अन्य विभिन्न कारणले चर्चा र विवादमा आइरहेको छ। त्यस रुपको पछिल्लो घटना हो आयोगका अध्यक्षको नियुक्ति नै गैर कानुनी वा संविधानसंग बाझिएको दावी गर्दै सर्वोच्च अदालतमा दायर भएको रिट निवेदन। प्रधान न्यायाधिश वा सर्वोच्च अदालतका न्यायाधिश भइसकेका कुनै पनि व्यक्तिलाई सरकारी पदमा नियुक्त हुन बन्देज लगाइएको हुँदाहुँदै पनि पूर्व प्रधान न्यायाधिश नयनबहादुर खत्रीलाई मानवअधिकार आयोगको अध्यक्षमा नियुक्त गर्नु संविधानसंग बाझिएको कारण देखाउँदै अधिवक्ताद्वय विनोद कार्की र दिपक श्रेष्ठले सर्वोच्च अदालतमा रिट दायर गर्नु भएको छ।

प्रधान न्यायाधिश वा सर्वोच्च अदालतका न्यायाधिश भइसकेका व्यक्तिलाई राजनीतिक, न्यायिक जाँचबुझ र कानुन सम्बन्धी खोज अनुसन्धान गरी मन्तव्य पेश गर्ने पदमा मात्र नियुक्ती गर्न संविधानले छुट दिएको तर आयोगका अध्यक्षमा नियुक्त गरिनु भएका खत्रीको नियुक्ती भने यी तिनै छुट भित्र नपरेकोले संविधानसंग बाझिएको कुरा उक्त रिट निवेदनमा उल्लेख गरिएको छ। रिट निवेदकको तर्क छ- संविधानको प्रस्तावनामा नयाँ संविधानको निर्माणका विभिन्न उद्देश्यमध्ये स्वतन्त्र र सक्षम न्यायपालिका खडा गर्ने अभिप्राय भएको तर मानवअधिकार आयोग

ऐनमा अवकाश प्राप्त प्रधानन्यायाधिशलाई मानव अधिकार आयोगको अध्यक्षमा नियुक्ती गर्ने प्रावधानले गर्दा आयोगको अध्यक्ष बन्न लालायित भई कार्यपालिकाप्रति विशेष पक्ष र अनुरागी बन्ने संभावना भएकोले स्वतन्त्र र सक्षम न्यायापालिकाको अवधारणालाई कमजोर तुल्याएको छ।

सो रिटका सम्बन्धमा गत कार्तिक ३ गते सर्वोच्च अदालतका न्यायाधिश दिलिपकुमार पौंडेलको इजलाशले सम्बन्धित पक्षलाई कारण देखाऊ आदेश जारी गर्ने भन्ने बारे गत कार्तिक १८ गते निर्णय सुनाउने निर्णय गरेको थियो। सो रिटमा प्रधानमन्त्री, प्रधानन्यायाधिश, प्रतिनिधिसभामा विपक्षी दलका नेता समेतलाई विपक्षी बनाई त्यस सम्बन्धमा अन्तिम टुंगो नलागेसम्म देशलाई आर्थिक भार पर्ने कुनै पनि क्रियाकलाप नगर्न तथा तलव सुविधा भत्ता नलिन/नदिलाउन सरकार र आयोगका नाममा अन्तरिम आदेश जारी गर्न माग पनि गरिएको छ।

आयोगको सय दिन पूरा

नव गठित यस आयोगले आफ्नो स्थापनाको एक सय दिन पुरा गरेको उपलक्ष्यमा गत आश्विन ८ गते आयोगकै सभा कक्षमा एक जलपान समारोहको आयोजना गऱ्यो। सो कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो। त्यसै समारोहमा अन्य विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको पनि सहभागिता रहेको थियो।

आयोगले सय दिन पूरा गरेको उपलक्ष्यमा आयोजित कार्यक्रममा अध्यक्ष खत्रीले धन्यवाद मन्तव्य व्यक्त गर्दै आयोगको अनुभूति जनमानसमा दिलाउने प्रश्न जटिल भएको र त्यसका लागि सबै क्षेत्रको सहयोगको अपेक्षा राखेको उल्लेख गर्नु भएको थियो। अध्यक्ष खत्रीले कतिपय सरकारी निकायबाट आयोगले आफ्नो दायरा बाँधेको र सरकारी काममा समेत बाधा उत्पन्न गरेको अभिव्यक्तिहरु सुन्नमा आएको कुरा उल्लेख गर्दै त्यस्ता अभिव्यक्तिहरु प्रशासन यन्त्रमा मानवअधिकार प्रतिको सचेतनताको अभावको रुपमा लिएको र त्यसबाटलाई हतोत्साही नभै शिक्षाको रुपमा ग्रहण गर्ने बताउनु भएको थियो।

आयोगले आफ्नो सकारात्मक सक्रियता देखाएको छ

◀ सिन्धुनाथ प्याकुरेल ◀
वरिष्ठ अधिवक्ता

गुनुभन्दा हुनु राम्रो हो त्यसैले आयोगको गठन सकारात्मक कुरा हो। यस बीचमा भितरी अस्पतालमा उपचारका लागि भर्ना भएका घाइतेहरुको उपचारमा बाधा नगर्न र अन्यत्र स्थानान्तरण नगर्न प्रहरीलाई दिएको निर्देशन तथा विभिन्न अदालतहरुबाट रिहा गरिएका व्यक्तिलाई पुनः अदालतबाटै पक्राउ नगर्न सम्बन्धित पक्षलाई ध्यानाकर्षण गर्न जस्ता कार्य गरेर आयोगले आफ्नो सकारात्मक सक्रियता देखाएको छ। तर यो आयोग मानवअधिकार उल्लंघन गर्ने पक्षलाई कारवाही गर्नेभन्दा पनि कारवाही गर्न अनुरोधसम्म वा सिफारिस गर्न मात्र हो। समर्थ आयोगको सम्बन्धमा केही गरन वा केही गर्छ भनेर टिप्पणी गर्न सकिन्न। म चाहन्छु आयोगले आफ्नो सीमित घेरा बीच पनि राम्रो काम गरोस्।

आयोगका अध्यक्षको नियुक्तिको विषयलाई लिएर अदालतमा परेको मुद्दाका सम्बन्धमा म किन बोल्ने ? तर त्यो मुद्दा पर्नुले आयोगका लागि अध्यक्षमा नियुक्त व्यक्ति उनका आफ्ना पूर्व गतिविधिले गर्दा योग्य होइन, भन्ने कुरा पुनः सिद्ध भएको छ। आयोगमा रहनु भएका व्यक्तिहरुमा जुन विविधता छ, त्यो स्वभाविक हो तर मानवअधिकारको पक्षमा र उल्लंघनकर्तालाई कारवाही गर्ने कुरामा एक अर्को बीच मेल भएन भने त्यो राम्रो होइन। आयोगमा विभिन्न आग्रह र चाहना भएका व्यक्तिहरुको प्रतिनिधित्व भएका कारण उनीहरुबाट धेरै आशा गर्न सकिन्न। तर धेरै आशा नगरे पनि सकेसम्म सरक्षण र उल्लंघनकर्तामाथि कारवाही गर्नका लागि हामीले दबाब दिनु पर्छ। नागरिक समाजका विभिन्न पक्षहरु सञ्चार, कानुन, बुद्धिजीवी वा जनताको सहयोग पनि पाएन भने आयोगले केही गर्न सक्तैन।

आयोगको चुनौति भनेको आयोगको संरचना, कार्यक्षेत्र र अधिकारमै सीमित घेरा हो। अदालतले गैर कानुनी भनेर आदेश गरि नसक्दै प्रहरीले अदालतभित्रैबाट मानिस पक्राउ गरेर बेपत्ता पार्छ। नागरिकको आफ्नो सुरक्षाका लागि सांसदको घरमा वा अदालतको छिंडीमा सुत्नु पर्छ भने त्यस्ता गतिविधि नियन्त्रण गर्नका लागि आयोगको के भूमिका हुन सक्छ ? आयोगले के गर्न सक्छ ? आयोगले उल्लंघनकर्तामाथि कारवाही र क्षतिपुर्तिको लागि पहल गर्नु पर्छ। आयोग लक्षित उद्देश्य पूरा गर्न समर्थ हुन्न भने आयोगमा अध्यक्ष वा सदस्य भएर बस्नुको औचित्य छैन। आयोगका अधिकारीहरुले त्यो पनि सोच्नु पर्छ। देशमा हत्या हिंसा मात्र नभएर आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि विभिन्न समस्या छन्। मानवअधिकार हननका हजारौं घटना दोहोरिरहेका छन्। महिला, बालबालिका, वृद्ध, दलित, जनजाति लगायतको समस्यामा आयोगले सरकारलाई स्पष्ट भएर मानवअधिकारको संरक्षण गर्न सक्ने नीति निर्माण गर्न गराउन दबाब दिन सक्नु पर्छ।

मुक्त कमैयाहरूको वर्तमान अवस्था

◂ प्रेम पटाछुली ◂

नेपालका पश्चिम तराईका दाङ,बाँके, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुमा कमैया प्रथा विद्यमान रहेको र त्यस प्रथाभित्र बाँधा श्रम प्रणाली रहेको ठहर गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले सर्व प्रथम २०४९ मा त्यसलाई प्रकाशमा ल्याउने काम गरी त्यसको विरुद्धमा विभिन्न सचेतन कार्यक्रमहरु संचालन गऱ्यो। त्यस पछि अरु विभिन्न संघ संस्थाहरु पनि कमैया प्रथा विरुद्धमा विभिन्न कार्यक्रमहरु लिएर गए। यसरी कमैयाहरुका माझमा काम गर्ने संघ संस्थाहरुले सन् १९९६ मा कमैया सरोकार समूह गठन गरी यो प्रथाका विरुद्धमा एक भएर अगाडि जाने निर्णय समेत गरेर अपिल कार्यक्रम जस्ता कार्यक्रमहरु पनि गरे। जसको परिणाम स्वरुप कमैया तथा सर्वसाधारण बीचमा सचेतनता अधिवृद्धि भयो। र कमैयाहरु आफूमाथि भइरहेको शोषण र अन्यायका विरुद्धमा संघर्षमा उत्रने स्थिति सृजाना भयो।

कमैयाहरुले चलाएको मुक्ति आन्दोलनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा सामाजिक कार्यकर्ताहरुको सर सहयोग र प्रमुख प्रतिपक्षी दलको समर्थन तथा सरकारलाई दिएको शशक्त दवावका कारण नचाहँदा नचाहँदै पनि श्री ५ को सरकार कमैयाहरुलाई ०५७ श्रावण २ गते मुक्त घोषणा गर्न बाध्य भयो। घोषणाको क्रममा मुक्त कमैयाहरुलाई आश्यक बसोबासको व्यवस्था गर्ने, संसदको १८ औं अधिवेशनमै कमैया श्रम निषेध ऐन प्रस्तुत गर्ने प्रतिबद्धता समेत प्रकट गरी कमैया ऋण मोचनका निम्ति छुट्याएको रकम उनीहरुको सीप विकास कार्यक्रमकालागि खर्च गर्ने घोषणा गर्दै कमैयामाथि लादिएको सम्पूर्ण सौंकी गैर कानुनी समेत घोषणा गरिएको थियो।

श्री ५ को सरकारले उपप्रधानमन्त्री तथा स्थानीय विकासमन्त्री रामचन्द्र पौडेलको अध्यक्षतामा भौतिक योजना तथा निर्माणमन्त्री, भूमि सुधार तथा व्यवस्थामन्त्री, अर्थमन्त्री, कृषि तथा सहकारी राज्यमन्त्री, महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री, वन राज्यमन्त्री, भूमि सुधार विषय हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य, भूमि सुधार व्यवस्था मन्त्रालयका सचिव सदस्य सचिव रहने गरी कमैया श्रमबाट मुक्त व्यक्तिहरुको पहिचान तथा पुनर्स्थापनाकालागि केन्द्रीय समन्वय तथा अनुगमन समिति समेत गठन गऱ्यो। त्यसै गरी जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी उपाध्यक्ष र सदस्यहरुमा जिल्ला वन कार्यालयका प्रमुख, सुकुम्वासी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष, स्थानीय विकस अधिकारी, जिल्ला आवास तथा शहरी विकास शाखाका प्रमुख, ग्रामीण आवास कम्पनीका स्थानीय प्रमुख, जिल्ला समितिले तोकेको वित्तीय संस्थाको प्रमुख, गरीबसंग विश्वेश्वर कार्यक्रमका जिल्ला प्रमुख, महिला जागृति कार्यक्रमका प्रमुख र भूमि सुधार वा मालपोत कार्यालय मध्ये भूमि सुधार मन्त्रालयले तोकेको कार्यलयका प्रमुख सदस्य सचिव रहने गरी कमैया श्रमबाट मुक्त व्यक्तिहरुको पहिचान तथा पुनर्स्थापनाकालागि जिल्ला समन्वय तथा अनुमन समिति गठन गरेको छ।

केन्द्रीय समन्वय तथा अनुगमन समितिको भर्खरै वसेको बैठकले कमैयाको अवस्था तथा जग्गाको स्थिति हेरी बढीमा पाँच कट्टासम्म जग्गा दिने निर्णय गरेको छ। सरकारले कमैयाहरुको लगत लिने र उनीहरुलाई परिचय पत्र दिने पहिलो कार्यक्रम बनाएको छ। सो कार्यक्रम अनुसार भाद्र महिनामा कमैयाहरुको लगत लिइयो। सो लगत अनुसार निम्न जिल्लामा निम्नानुसार कमैयाहरु रहेको तथ्याङ्क प्रस्तुत भएको छ।

कमैया मुक्तिको घोषणा गरेको भोलिपल्टैदेखि कतिपय मानवीय भावना नभएका जमिन्दारहरुले आफूकहाँ काम गरिरहेका कमैयाहरुलाई वर्षा यामको झरीमा उनीहरुका लत्ताकपडा तथा सरसामानहरु समेत निकाल्न नदिई घर र कामबाट अपमानजनक ढंगबाट निकाले। कतिपय कमैयाहरुलाई उनीहरुका मालिकहरुद्वारा दिइएको मानसिक तथा शारीरिक प्रताडना सहन नसकी आफैं घर र काम छोडेर हिंड्न बाध्य बनाइयो। यसरी विस्थापित भएका कमैयाहरु घर न घाटको भएर खोला किनार तथा खाली ठाउँहरुमा यत्रतत्र खुल्ला आकाश मुनी बस्न बाध्य भए। आफूसंग खाद्यान्नको वचत नभएको, आफूले माघदेखि पाउनुपर्ने न्यूनतम ज्याला नपाएको, लत्ता कपडा र भाँडाकुँडा नभएको तथा बस्नको निम्ति छाप्रो समेत नभएकाले विस्थापित भएका कमैयाहरु भोकभोकै र नाङानाङै मुक्तिको नाममा कष्टकर जीवन काट्न बाध्य भए।

जिल्ला	घरवार विहीन मुक्त कमैया	घर भएको तर जग्गा नभएको	घर र २ कठ्ठा सम्म जग्गा भएको	२ कठ्ठा माथि जग्गा र घर भएको
दाङ	२३९	१५३	९४४	१०८०
बाँके	१८६	८७४	३९	२४२
वर्दिया	३१५५	१११९	१०२०	१६५५
कैलाली	२६८८	१११९	५३३	१९८९
कंचनपुर	१५५२	३५५	२२२	९९८
जम्मा	७८२०	३६२०	२७५८	५९६४

कमैया मुक्तिको घोषणा गरेको भोलिपल्टैदेखि कतिपय मानवीय भावना नभएका जमिन्दारहरुले आफूकहाँ काम गरिरहेका कमैयाहरुलाई वर्षा यामको झरीमा उनीहरुका लत्ताकपडा तथा सरसामानहरु समेत निकाल्न नदिई घर र कामबाट अपमानजनक ढंगबाट निकाले। कतिपय कमैयाहरुलाई उनीहरुका मालिकहरुद्वारा दिइएको मानसिक तथा शारीरिक प्रताडना सहन नसकी आफैं घर र काम छोडेर हिंड्न बाध्य बनाइयो।

सरकारले कमैया मुक्तिको घोषण गरेपछि उनीहरुमाथि आइपर्ने विपत्तिका बारेमा पनि उचित प्रबन्ध मिलाउछ भन्ने सबैले अपेक्षा गरेका थिए। यसै कारणले सरकारको यो कदमको सर्वत्र स्वागत गरिएको थियो। तर श्री ५ को सरकारले कमैयाहरुको उचित बसोबास र जमीनको व्यवस्था

नगरेसम्म यसरी विस्थापित भएका कमैयाहरुलाई अस्थाई वसोवासको व्यवस्था मिलाई गैर सरकारी संघ संस्थाहरु र सरकारी श्रोतहरुलाई समेत संयोजन गरी राहत सामाग्री वितरण गरेको भए र कमैयाले ०५६ माघ महिनादेखि विस्थापित हुन्जेलसम्म काम गरी कमाएको न्यूनतम ज्याला मात्र पनि दिलाएको भए कमैयाको यस्तो दुर्दशा हुने थिएन। श्री ५ को सरकार कमैयाको यो समस्याप्रति संवेदनशील भएर लाग्नुको सट्टा खुच्चिङ भन्ने शैलीमा प्रस्तुत भयो। र ४/४ महिना बितिसक्ता पनि उनीहरुका समस्याप्रति रमिते बनेर उनीहरुका दुःख कष्ट देखे पनि नदेखे झैं गरी पुनर्स्थापना कार्यमा ढिलासुस्ती गरिरहेको छ।

विस्थापित भएर हालसम्म कैलाली जिल्लामा ९८० परिवार, कञ्चनपुर जिल्लामा १०६३ र बाँके जिल्लामा ३३ घर परिवार कमैयाहरु शिविरहरुमा वसेका छन्। मुक्त कमैयाहरुको तथ्याङ्क तालिका १ अनुसार रहेकोछ।

विस्थापित कमैयाहरुलाई ट्रेड युनियन, मानव अधिकारवादी तथा सामाजिक संघ संस्थाहरुले सामान्य राहात सामाग्री वितरण गरे पनि यो पर्याप्त थिएन। मुक्तिको घोषणा भएपछि सम्पूर्ण कमैयाहरु बाहिर निस्कन खोजेका थिए। तर विस्थापित भएका कमैयाहरुको दुर्गती देखेर जमिन्दारहरुका अनेक प्रताडनाहरु सहेर पुनः कमैया भएर नै बस्न बाध्य भए। ०५७ श्रावण २ गते देखि लागू हुने गरी कमैया मुक्तिको घोषणा गरिए पनि ठूलो संख्यामा कमैयाहरु जमिन्दारहरुकै घरमा कमैया बसिरहेकै छन्। यसरी विस्थापित भएका कमैयाहरुकालागि श्री ५ को सरकारको तर्फबाट कुनै राहत कार्यक्रम गरिएन। जसका कारण बाहिर आउन खोजेका कमैयाहरु निस्कन सकेनन्। तर ०५७ माघ महिनादेखि सबै कमैयाहरुको सम्झौता समाप्त हुने भएकाले मालिकहरुले उनीहरुलाई निकाल्नेछन् र ठूलो संख्यामा कमैयाहरु विचल्लीमा पर्ने अवस्था देखिएको छ।

श्री ५ को सरकारले ०५६ पौष २९ गते नेपाल अधिराज्यका कृषि मजदूरहरुकालागि रु ६०।- न्यूनतम ज्याला तय गरेको छ। कमैयाहरुले उक्त ज्याला दिलाई भराई पाउँ भनी विभिन्न गा.वि.स.हरुमा उजूरी दर्ता गराएका छन्। तर त्यस उपर कुनै कारवाही भएको छैन। समान कामको निम्ति महिला र पुरुषका बीच ज्यालामा भेदभाव कायमै छ। मुक्त कमैयाहरुले यो समस्यालाई भोगिसकेका छन्। त्यसैले उनीहरु सचेत र संगठित बन्दै प्राप्त आफ्ना हक अधिकारको रक्षा र विकास गर्दै लिन बाँकी अधिकारकालागि नेपाल ट्रेड युनियन माहसंघसंग आबद्ध कृषि मजदूर संघ नेपालमा आबद्ध भई आफूलाई संगठित गर्दैछन् र गाउँ-गाउँमा गाउँ भेला र छलफल गर्दै गाउँ कमिटी, इलाका कमिटी र जिल्ला कमिटी निर्माण कार्यमा जुटेका छन्।

यही क्रममा गत असोज २७ गते कैलाली जिल्लाको टिकापुर नगरपालिकामा मुक्त कमैया तथा कृषि मजदूरहरुले कृषि मजदूर संघ कैलालीको प्रथम जिल्ला अधिवेशन सम्पन्न गरेकाछन्। हजारौं कृषि मजदूरहरुको सहभागितामा सम्पन्न उक्त अधिवेशनले रामप्रसाद चौधरीको अध्यक्षतामा ११ सदस्यीय कृषि मजदूर संघ, कैलाली जिल्ला कार्य समिति गठन गरेकोछ। उक्त समितिका सदस्यहरु निम्नानुसार रहेका छन् : अध्यक्ष रामप्रसाद चौधरी, उपाध्यक्ष देशलाल चौधरी, सचिव पङ्गुराम चौधरी, सहसचिव कालीराम चौधरी, कोषाध्यक्ष सोहनलाल कठरीया, सदस्यहरुमा कमलप्रसाद चौधरी, रामप्रसाद चौधरी, मासुराम चौधरी, श्रीमती रामेश्वरी चौधरी, हरिराम चौधरी र टिकाराम कठरीया छन्। त्यसैगरी असोज २९ गते कञ्चनपुर जिल्लामा, कार्तिक २१ गते बाँके जिल्लामा र २२ गते बर्दिया जिल्लामा कृषि मजदूर संघ जिल्ला समितिको भव्य रुपमा जिल्ला अधिवेशनहरु सम्पन्न भएकाछन्। कञ्चनपुर जिल्लामा वीर बहादुर डगौराको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति, बाँकेमा चन्द्र बहादुर चौधरीको अध्यक्षतामा १० सदस्यीय कार्य समिति र बर्दिया जिल्लामा डोग्ला थारुको अध्यक्षतामा १४ सदस्यीय कार्य समिति गठन गरेकोछ।

कृषि मजदूर संघको जिल्ला अधिवेशनले निम्नानुसार मागहरू तय गरेको छ-

- कमैया मुक्तिको घोषणा भएको ४/४ महिना बितिसक्ता पनि श्री ५ को सरकारले मुक्त कमैयाको थातबासको व्यवस्था नगरेकोमा दुःख व्यक्त गर्दै तुरुन्त थातबासको व्यवस्था गर्न गराउन माग गरेको छ।
- कृषि श्रमिकको न्यूनतम ज्याला रु. ६०।- घोषणा भएको एक वर्ष बितिसक्ता पनि व्यवहारमा त्यो लागू नभएको र गा.वि.स तथा नगरपालिकाहरुमा ज्याला पाउन उजुरी दिंदा समेत त्यस उपर सुनुवाई नभएकोले निर्धारण गरिएको न्यूनतम ज्याला व्यवहारमा लागू गरी सहज ढंगले प्राप्त हुने व्यवस्था गर्न गराउन माग गरिएको छ।
- समान कामको निम्ती महिला र पुरुषको समान ज्याला हालसम्म पनि व्यवहारमा लागू नभएको हुनाले व्यवहारमा लागू गर्न गराउन माग गरिएको छ।
- कृषि मजदूरका बालबालिकालाई माध्यमिक तहसम्म निःशुल्क र अनिवार्य शिक्षा लागू गर्न गराउन माग गरिएको छ।
- मुक्त कमैयालाई बसोबासको लागी कम्तीमा १० कट्ठा जग्गा उपलब्ध गराउन जोडदार रुपमा माग गरिएको छ।
- मुक्त कमैयाहरुको लगत लिने क्रममा छुट भएका सबै मुक्त कमैयाहरुको लगत पुनः लिन श्री ५ को सरकारसंग माग गरिएको छ।
- २०५६ माघ १ गते देखि कमैयाहरुले ८ घण्टा काम गरेको रु. ६०।- र अतिरिक्त काम गरेको प्रति घण्टा रु. ७।५० का दरले पाउनुपर्ने ज्याला हालसम्म पनि नपाएको हुनाले उक्त अवधिको ज्याला तुरुन्त पाउने व्यवस्था गर्न गराउन माग गरएको छ।
- कमैया मुक्तिको घोषणालाई कानूनी मान्यता दिंदै कमैया राख्नेलाई सजाय गर्ने कमैया श्रमको स्पष्ट परिभाषा गर्दै त्यसलाई निषेध गर्न अध्यादेश जारी गरी कमैया समस्याको कानूनी रुपमा सरल तरिकाले हल गर्न माग गरिएको छ।
- गरीब कृषि मजदूरहरुको ढाडै भाँचिने गरी हालै गरिएको पेट्रोलियम पदार्थको अस्वभाविक मूल्य वृद्धि फिर्ता गर्न माग गरिएको छ।
- कमैया मुक्ति अभियानमा सघाउ पुऱ्याउने सम्पूर्ण संघ संस्था, राजनैतिक पार्टीहरु तथा व्यक्तिहरुप्रति अधिवेशनले आभार प्रकट गर्दै धन्यवाद दिइएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

केन्द्रीय कार्यालय

कृषि श्रमिक विभाग

विस्थापित कमैया क्याम्प तथा परिवार विवरण

जिल्ला	क्र. स.	क्याम्प वसेको स्थान	परिवार संख्या	जम्मा सदस्य संख्या			०- ५ वर्ष सम्मका			६- १६ वर्ष सम्मका			१७-४५ वर्ष सम्मका			४५ वर्ष मन्दा माथि		
				महिला	पुरूष	जम्मा	केटा	केटी	जम्मा	केटा	केटी	जम्मा	महिला	पुरूष	जम्मा	महिला	पुरूष	जम्मा
कैलाली	१	धनगढी	२०७	४१७	४८१	८९८	८८	११८	२०६	११२	१३६	२४८	१९८	२१३	४११	१९	१४	३३
	२	अत्तरीया	६	१४	१७	३१	१	४	५	६	७	१३	६	६	१२	१		१
	३	मालास्वेती ,वॉस्कोटा	१६	५७	५७	११४	१६	१०	२६	१४	१६	३०	२०	२१	४१	७	१०	१७
	४	गेटा कत्था मिल	९	२७	२८	५५	६	५	११	९	१२	२१	११	१०	२१	१	१	२
	५	गेटा चैतन्यपुर	११	४२	६३	१०५	११	८	१९	११	२६	३७	१५	२३	३८	५	६	११
	६	वलिया ,साम्फा	१५	३९	४२	८१	१२	१४	२६	११	१२	२३	११	११	२२	५	५	१०
	७	पथरैया	२२८	५८०	५६०	११४०	१६०	१५८	३१८	१५८	१४०	२९८	१५०	१६०	३१०	११२	१०२	२१४
	८	वेलादेवीपुर	१०५	२६५	२६०	५२५	७०	६८	१३८	७५	७३	१४८	६५	७०	१३५	५५	४९	१०४
	९	उर्मा, तिलकपुर	१०५	३२०	३१०	६३०	९०	८८	१७८	८८	८४	१७२	८०	८०	१६०	६२	५८	१२०
	१०	मालास्वेती	३५	८९	८६	१७५	२५	२४	४९	२६	२३	४९	२४	२५	४९	१४	१४	२८
	११	टेघरी	१२	२८	३२	६०	९	११	२०	१०	११	२१	६	७	१३	३	३	६
	१२	चौमाला राजीपुर	२८	८७	८१	१६८	२५	२२	४७	२६	२४	५०	२४	२४	४८	१२	११	२३
	१३	चौमाला ,लङ्गडी	२२	७०	५४	१२४	२०	१८	३८	२१	१८	३९	१९	११	३०	१०	७	१७
	१४	गौरीगंगा	२०	४६	५०	९६	१५	१८	३३	१६	१७	३३	८	७	१५	७	८	१५
	१५	बेतहनी	७	१७	१८	३५	६	७	१३	५	४	९	४	४	८	२	३	५
	१६	टिकापुर	२४	७१	७३	१४४	२०	२२	४२	२१	२२	४३	१८	२०	३८	१२	९	२१
	१७	मसुरीया ,लिकमा	२२	५०	६०	११०	२०	१८	३८	२०	१०	३०	११	७	१८	९	१४	२३
	१८	मसुरीया वडैपुर	४४	१२६	१२३	२४९	४१	३४	७५	४४	४६	९०	२२	२९	५१	१९	१५	३४
	१९	दोधरा	१६	३९	४१	८०	११	१२	२३	१०	१३	२३	१०	१०	२०	८	६	१४
	२०	कमलपुर ,वौनिया	२८	८०	८८	१६८	२६	३२	५८	२७	२९	५६	२१	१९	४०	६	८	१४
	२१	उदासीपुर	८	१९	२१	४०	६	७	१३	७	८	१५	४	३	७	२	३	५
	२२	मालास्वेती डमौरा	१२	३५	३७	७२	११	१२	२३	९	१०	१९	९	१०	१९	६	५	११
		कैलाली जम्मा	९८०	२५१८	२५८२	५१००	६८९	७१०	१३९९	७२६	७४१	१४६७	७३६	७७०	१५०६	३७७	३५१	७२८
कंचनपुर	१	झलारी, मामरवोझ	१५०	३७२	३७८	७५०	१०५	१०७	२१२	११०	१०९	२१९	१०२	१०२	२०४	५५	६०	११५
	२	कृष्णपुर किचाई	८५	२०८	२१७	४२५	६२	६५	१२७	५८	६१	११९	५२	५५	१०७	३६	३६	७२
	३	झलारी नदी किनार	१२	३२	२८	६०	१०	८	१८	६	७	१३	९	८	१७	७	५	१२
	४	बाँडी	८४	२२०	२००	४२०	९५	९०	१८५	५५	४५	१००	५०	४५	९५	२०	१८	३८
	५	सुडा मुसेपानी महेन्द्रनगर	५००	१२९०	१११०	२४००	४१०	३८०	७९०	४०७	३७५	७८२	३०३	२५०	५५३	१७०	१०५	२७५
	६	छैला, दैजी गा.वि.स	८०	१९०	२१०	४००	५०	५५	१०५	५१	५६	१०७	४७	५०	९७	४४	४९	९३
	७	वालमन्दिर महेन्द्रनगर	७०	१८०	१७०	३५०	५३	५१	१०४	५५	४९	१०४	४०	४३	८३	३२	२७	५९
	८	ब्रम्हदेव	६०	१३७	१६३	३००	४०	४६	८६	४३	४९	९२	४२	४९	९१	१२	१९	३१
	९	प्रेमनगर, रैकवार विचवा	२२	५९	५१	११०	२०	१८	३८	२९	२५	५४	६	५	११	४	३	७
		कंचनपुर जम्मा,	१०६३	२६८८	२५२७	५२१५	८४५	८२०	१६६५	८१४	७७६	१५९०	६५१	६०७	१२५८	३८०	३२२	७०२
वाँके	१	रनियापुर,घिया	३३															

मानवअधिकार वर्ष पुस्तक :

मात्र एउटा प्रकाशन कि मानवअधिकार स्थितिको तस्वीर ?

◀ प्रकाश ज्ञवाली ◀

मानवअधिकार र प्रजातन्त्र एक अर्काका पर्याय हुन्। मानवअधिकार विनाको प्रजातन्त्र र प्रजातन्त्र विनाको मानवअधिकारको सार्थकता रहँदैन। जबसम्म मानवअधिकारको पूर्ण प्रत्याभूति हुँदैन तबसम्म प्रजातन्त्र सफल वा सबल भएको मान्न सकिँदैन। मानवअधिकार आन्दोलन प्रजातान्त्रिक आन्दोलन हो। प्रजातान्त्रिक व्यवस्थाका मूल मर्महरुका रुपमा रहेका न्याय, समानता र स्वतन्त्रताको आन्दोलन मानवअधिकार आन्दोलन हो। जनताको सचेतनता र जागरणका आधारमा मानवअधिकार आन्दोलन अगाडि बढ्दै जान्छ र त्यसले प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरण र सबलीकरणमा अहम् भूमिका निर्वाह गर्दछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार आन्दोलन जनताको सचेत जागरणबाट मात्र अगाडि बढ्न सक्छ भन्ने मान्यताका आधारमा आफ्नो स्थापना कालदेखि नै गरीब, शोषित पीडित र ग्रामीण क्षेत्रका जनताको वीचमा मानवअधिकार शिक्षाको शुरुवात गऱ्यो। देशको मानवअधिकार स्थितिका बारेमा आम नेपाली जनताले सुसूचित हुनुपर्छ, मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु र नेपाल अधिराज्यको संविधान २०४७ ले निर्दिष्ट गरेका जनअधिकारका सवालहरुलाई राज्यले पूरा गर्नु पर्छ, कहींकतैबाट जनताको अधिकारको कटौती गरिएको छ वा हनन भएको छ भने त्यसलाई तुरुन्त बन्द गरिनुपर्छ, दोषीमाथि कानूनबमोजिम कारवाही गरिनुपर्छ र पीडित पक्षलाई यथोचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ भन्ने निश्कर्ष निकाल्यो। र, यसको निर्धारण र मापनका लागि सन् १९९२ मा नेपालमा मात्र हैन, दक्षिण एशियामै पहिलो पटक देशव्यापी रुपमा मानवअधिकार स्थितिको आँकलन गरिएको मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने पहिलो संस्थाको रुपमा स्थापित हुन पुग्यो। हालसम्म यसका आठवटा श्रृंखलाहरु प्रकाशित भैसकेका छन्।

मानवअधिकार वर्ष पुस्तकको मूलभूत उद्देश्य :

- आधारभूत तहमा नै मानवअधिकार उल्लंघन हुन नदिन जनतामा सचेतनता ल्याउने। उनीहरुका बीचमा कार्यरत मानवअधिकार संस्था वा कार्यकर्तामार्फत् मानवअधिकार उल्लंघनका घटनाहरु बटुल्ने।
- यस्ता घटना पिच्छेको जानकारी एवं निश्कर्षको अभिलेख राख्ने र त्यसबारे भविष्यमा अनुगमन समेत गर्ने।
- घटनाहरुको विश्लेषण गर्ने र त्यसबारे आधारभूत तहमा चासो, छलफल, परिचर्चा बढाउने।
- मानवअधिकार उल्लंघनका विरुद्ध रणनीति तयार गर्ने।
- मानवअधिकारको क्षेत्रमा भएका उल्लंघन र उपलब्धीको अद्यावधिक अभिलेख प्रकाशन गर्ने। यस्तो प्रकाशनलाई हरेक वर्ष निरन्तरता दिइरहने।
- यसको प्रकाशनले पीडित पक्षलाई राहतका साथै भविष्यमा मानवअधिकार उल्लंघनका घटना नदोहोरिउन् र पीडक पक्ष हतोत्साहित होउन् भन्ने उद्देश्य लिइएको छ।

मानवअधिकार वर्ष पुस्तक प्रकाशनका मुख्य आधारभूत सिद्धान्तहरु :

- मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मान्ने।
- मानवअधिकार उल्लंघनका तथ्य तथ्यांकलाई अन्तर्राष्ट्रिय प्रचलनमा ल्याइएको मानवअधिकार अभिलेख (ह्युरिडक्स फर्म्याट) फारमलाई मुख्य आधार मानेर संकलन गर्ने।
- मानवअधिकार आन्दोलनसँग प्रत्यक्ष सम्बन्धित विषयहरुलाई निरन्तर र क्रमबद्ध दुई श्रेणीमा विभाजन गरेर ठाउँ दिने।
- मानवअधिकारको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसँग सम्बन्धित विषयहरुको पनि अभिलेख गर्नेतर्फ पाइला चाल्ने।





- देशैभरि कडा मेहनतका साथ खट्ने कार्यकर्ताहरुले आधारभूत तहका जनताको पीडासँग सम्बन्धित जे-जति समस्या बटुल्छन्, ती सबैको संग्रह गर्ने। मावनअधिकार वर्ष पुस्तकको माध्यमबाट जनताको सबै प्रकारका समस्याहरुलाई चिन्ने प्रयास गर्ने।
- मानवअधिकार वर्ष पुस्तकलाई अत्यधिक रोचक र जानकारीमूलक दस्तावेजको रुपमा प्रस्तुत गर्ने। सर्वसाधारणसँग मानवअधिकार वर्ष पुस्तकको बारेमा सैद्धान्तिक बहस गर्नुभन्दा पनि रोचकता र जानकारीको दस्तावेज भित्रैबाट उनीहरुले मानवअधिकारको चेतना प्राप्त गर्न सक्ने तवरले सूचनाहरुको विश्लेषण गर्ने।
- प्रत्यक्षत: मानवअधिकारसँग सम्बन्ध नभएका विषयलाई जानकारीका लागि प्रस्तुत गर्ने। तर, तथ्यांकमा गणना नगर्ने। आत्महत्या, प्राकृतिक विपत्ति र दूर्घटना जस्ता घटनाहरु जानकारीका लागि प्रस्तुत गर्ने। ती घटनाका कारणहरुको थप अनुसन्धान गर्ने र तत्सम्बन्धी संचेतना बढाउन प्रयास गर्ने।
- मानवअधिकार उल्लंघनका घटनाहरु समाजका ठालुहरु र राजनीति तथा प्रशासनमा प्रभाव एवं पहुँच हुनेहरुबाट हुने गर्छ। हाम्रो देशमा एउटै घटनामा थुप्रै मानिसहरु पीडित हुने गर्दछन्। अर्थात् यो आमस्तरको हुने गर्छ। प्रहरी प्रशासनको अप्रत्यक्ष पुठ पाएर धेरैजसो अत्याचार हुने गर्छ। त्यसकारण राजनीतिक, सामाजिक, प्रशासनिक वा व्यक्तिगत सबै स्तरबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरु दर्ज गर्ने।
- पछिल्ला वर्षका पुस्तकहरुमा क्रमश: मुख्य घटनाहरुको मात्र उल्लेख गर्ने र व्यक्तिगत कारणबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरुलाई समष्टिकरण गर्दै जाने। तिनको तथ्यांक मात्र उल्लेख गर्ने। परिच्छेदमा नियमित शीर्षकहरु राख्ने। अनुसूचीमा परिवर्तन गर्ने। प्रजातन्त्र र मानवअधिकारको आन्दोलनसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरुलाई क्रमश: समेटेर प्रकाशन गर्दै जाने।
- हरेक वर्ष उल्लेख्य र प्रमुख घटनाका रुपमा मानवअधिकारको दृष्टिकोण र राष्ट्रिय सरोकारका मुख्य विषयबारे विस्तृत जानकारी दिने।
- वर्षमा एकैचोटी वर्ष पुस्तक मार्फत् मात्र जानकारी सार्वजनिक गर्दा ढिलो हुन जान्छ। अत: त्रैमासिक वा सम्भव भएसम्म छिटो अन्तरालमा मानवअधिकार स्थितिसूचक प्रकाशन गर्ने।
- केन्द्रीय र क्षेत्रीय स्तरमा संचार जगतमा प्रकाशित सामग्रीको अनुगमन गर्ने। तिनको अभिलेख राख्ने। ती सूचनाहरु सम्बन्धित ठाउँमा पठाउने। वास्तविकता खुट्याएर, सूचना प्रेषण गर्ने जिल्ला प्रतिनिधिबाट प्रतिवेदन प्राप्त भएपछि मात्र प्रकाशन गर्ने।
- देशका पाँचै विकास क्षेत्रमा रहेका इन्सेकका क्षेत्रीय कार्यालयहरुलाई मानवअधिकारको क्षेत्रीय अभिलेख केन्द्रको रुपमा विकास गर्ने।
- मानवअधिकारसम्बन्धी सूचनाकी आधारमा मानवअधिकार उल्लंघन विरुद्ध जनतालाई सचेत र संगठित बनाउन प्रयास गर्ने। मानवअधिकार संगठन, मानवअधिकार नेतृत्व र मानवअधिकार संचारको अवधारणा विकास गर्ने।
- वर्ष पुस्तकको मूल्यांकन पचहत्तरै जिल्ला, पाँचै विकास क्षेत्र र केन्द्रीय स्तरमा समेत गर्ने। त्यसैमा आधारित हुँदै आवश्यक परिमार्जन गर्ने। समय-समयमा आफ्ना धारणा सार्वजनिक गर्ने र त्यसको प्रतिक्रियाको अनुगमन गर्ने।

वर्ष पुस्तकको तयारीका लागि जिल्ला प्रतिनिधिहरु:

मानवअधिकार वर्ष पुस्तकको तयारीका क्रममा देशका ७५ वटै जिल्लामा एकरूएकजना झमानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरु रहन्छन्। ती प्रतिनिधिहरुले आ-आफ्नो जिल्लामा भएका मानवअधिकार हननका घटनाहरु संकलन गर्ने, ती घटनाहरुको बारेमा इन्सेक केन्द्रीय कार्यालयबाट उपलब्ध गराइएको फाराममा विस्तृत रुपमा उल्लेख गर्ने, गंभीर प्रकृतिका मानवअधिकार हननका घटनाहरुलाई तत्काल केन्द्रीय कार्यालय, वर्ष पुस्तक शाखामा प्रेषण गर्ने, जिल्लामा विभिन्न संघ, संस्था, राजनीतिक पार्टीहरु आदिसँग आवश्यकताअनुसार मानवअधिकारका बारेमा विचार विमर्श, छलफल गर्ने, जेलको निरीक्षण गरी जेलको भौतिक अवस्था, बन्दीहरुको अवस्था अवलोकन गर्ने, बन्दीहरुका मागहरुलाई सार्वजनिक गर्ने, जेल र बन्दीहरुको अवस्थामा गरिनुपर्ने सुधारका पक्षहरुलाई औंल्याउने जस्ता कार्यहरु गर्दछन् र यी सबै गतिविधिहरुका बारेमा केन्द्रमा विस्तृत जानकारी गराउँछन्। जिल्ला प्रतिनिधिहरुले मानवअधिकार हनन भएका घटनाहरु, मानवअधिकारका सवालमा भएका विभिन्न कार्यक्रमहरु तथा जेल र बन्दीहरुका बारेमा सम्भव भएसम्म फोटोहरु पनि पठाउने गर्दछन्।

जिल्ला प्रतिनिधिहरुका लागि तालिम

व्यवस्थित सूचना संकलनका लागि हरेक वर्ष पाँचै क्षेत्रमा तालिमको आयोजना गरिन्छ। यस्तो

तालिम कहिंलेकाहीं संयुक्त रुपमा पनि गर्ने गरिन्छ। तालिमको प्रमुख उद्देश्य सूचनाहरुको एकरुपता, मानवअधिकार उल्लंघनका घटनाहरुको पहिचान, वर्गिकरण, प्राप्त गर्न सक्ने क्षेत्रहरु आदिको बारेमा जिल्ला प्रतिनिधिहरुलाई जानकारी गराउनु रहेको छ।

केन्द्र वा क्षेत्रबाट गरिने सूचना संकलन :

जिल्ला प्रतिनिधिहरुले पठाएका सूचनाहरुका अलावा इन्सेकको केन्द्रीय कार्यालयमा रहेको मावअधिकार वर्ष पुस्तक तथा प्रलेख शाखामा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित सामग्रीहरु, विभिन्न संघ, संस्थाद्वारा प्राप्त जानकारीहरु आदिको पनि अभिलेख राख्ने गरिन्छ। यसबाहेक पाँच वटै विकास क्षेत्रमा रहेका इन्सेक क्षेत्रीय कार्यालयहरुबाट पनि मानवअधिकार हननका सम्बन्धमा आफ्नो क्षेत्रअन्तर्गतका जिल्ला प्रतिनिधिहरुलाई त्यस्ता सूचनाहरु प्रेषण गर्न ढिलाई भएको भए झकझकाउने, कमी कमजोरीहरु औंल्याइदिने तथा प्रेषण नगरेका घटनाहरुका बारेमा सोधखोज गर्ने कार्य गरिन्छ। क्षेत्रीय कार्यालयहरुले अन्य प्रशासनिक एवं संस्थागत कामहरु सम्पन्न गर्न केन्द्र र जिल्ला प्रतिनिधिको बीचमा पुलको काम पनि गर्दछन्। जिल्ला प्रतिनिधिहरुद्वारा प्रेषण नगरिएका घटनाहरु वा द्विविधा रहेका घटनाहरुको पुष्ट्याइँ-पुनर्पुष्ट्याइँका लागि जिल्ला प्रतिनिधिहरुलाई त्यस्ता सूचनाहरुबारे जानकारी गराइन्छ र जिल्ला प्रतिनिधिहरुले अन्तिम रुपमा त्यसको अनुसन्धान गरी प्रेषण गरेको सूचनालाई नै आधिकारिक मानिन्छ।

सूचनाहरुको अन्तिम रुप प्रदान :

७५ वटै जिल्लाको अन्तिम सूचनां संकलनका लागि हरेक नयाँ वर्षको जनवरीमा पाँचवटै क्षेत्रमा जिल्ला प्रतिनिधि भेलाको आयोजना गरिन्छ। भेलामा सम्बन्धित क्षेत्रका जिल्ला प्रतिनिधिहरुले आ-आफ्नो जिल्लाको विगत वर्षको डिसेम्बर अन्तिम तारिखसम्म भएका मानवअधिकार हननसम्बन्धी सूचनाहरुलाई क्रमबद्ध तरिकाले मिलाउने, तिनको तथ्यांक प्रस्तुत गर्ने र वर्ष पुस्तकमा प्रकाशन गर्नका लागि संक्षेपीकरण गर्ने गर्दछन्। संभव भएसम्म जिल्ला प्रतिनिधिहरुले भेलाभन्दा अगाडि केन्द्रीय कार्यालयमा पठाएका सूचनाहरुलाई संक्षेपीकरण गरिन्छ र तिनलाई पुनः अध्ययन गर्न भेलाहरुमा लगी सम्बन्धित जिल्ला प्रतिनिधिलाई जाँच गर्न दिइन्छ। त्यस्ता भेलाहरुमा केन्द्रीय कार्यालय वर्ष पुस्तक शाखा र क्षेत्रीय कार्यालयमा कार्यरत साथीहरुको सहभागिता रहने गर्दछ।

त्यसरी संक्षेपीकरण गरिएका सूचना विवरणहरुलाई केन्द्रीय कार्यालयमा कम्प्युटर टाइप गरिन्छ। सबैं तथ्यांकहरुको संकलन, प्रोसेसिङ र विश्लेषण गरिन्छ। त्यसपछि देखिएका अन्यौलताहरु, पीडकरूपीडितहरुको नाम, थर, ठेगाना, घटनास्थल, मिति, घटना हुनुका कारण, पीडक र पीडितको पछिल्लो अवस्था, पीडकमाथिको कारवाही, पीडितलाई उपलब्ध क्षतिपूर्ति आदिका बारेमा यथार्थ स्थिति पुनः निर्क्यौल गरिन्छ। यस्ता कुराहरुमा कुनै द्विविधा भए सम्बन्धित जिल्लाको जिल्ला प्रतिनिधिलाई सोधिन्छ र त्यसपछि प्राप्त सूचनालाई यथार्थ मानी अन्तिम सम्पादन गरेर प्रकाशित गरिन्छ।

यसरी संकलन तथा प्रकाशन गरिने मानवअधिकार उल्लंघनका घटनाहरुबाहेक वर्ष पुस्तकमा मानवअधिकारका विविध पक्षसँग सम्बन्धित सवालहरुका बारेमा पनि विस्तृत व्याख्या विश्लेषण गरिएको हुन्छ। त्यसका लागि विभिन्न शिर्षकका विस्तृत लेखहरुलाई वर्ष पुस्तकमा समावेश गरिन्छ।

हालसम्म समावेश भएका विषयहरु :

मानवअधिकार वर्ष पुस्तकका आठ वटा श्रृंखलाहरुमा देशको मानवअधिकारसँग सम्बन्धित विविध पक्षहरुलाई समेटेर विस्तृत जानकारी प्रदान गर्ने जमर्को भैसकेको छ र यो भविष्यमा पनि जारी नै रहनेछ। यस्ता विषयहरुलाई परिच्छेद र अनुसूचीमा विभक्त गरी समावेश गर्ने गरिएको छ। सन् १९९३ देखि हरेक वर्ष पुस्तकमा वर्षको उल्लेख्य र प्रमुख घटनाका विषयहरुलाई समावेश गरिएको छ। त्यसैगरी हरेक वर्ष पुस्तकमा राज्य र मानवअधिकार शिर्षकअन्तर्गत न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको मानवअधिकार सम्बन्धी क्रियाकलापको विश्लेषण गरिएको छ।

उल्लेख्य : नेपालमा जातीय छुवाछुत, प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन, शहीद र शहीदका परिवार, माओवादी जनयुद्ध र मानवअधिकार, नेपालको राजनीतिमा अपराधीकरण, नेपालमा राजनीतिक भ्रष्टाचार, नेपालमा मानवअधिकार र निर्वाचन, नेपालमा

सन् १९९३ को वर्ष पुस्तकमा प्रकाशित एक घटनामा पीडकको रुपमा आफ्नो नाम समावेश भएको देखेर रोल्पाका बेगम राना इन्सेक र वर्ष पुस्तकप्रति क्रुद्ध भए, यसको विरोधमा उठिए। तर, सन् १९९५ को वर्ष पुस्तकमा प्रकाशित एक घटनामा उनको नाम पीडितको रुपमा समावेश भयो। त्यसपछि उनी मानवअधिकार वर्ष पुस्तकप्रति सकारात्मक भएका छन् र हरेक वर्ष आफ्नो प्रति सुरक्षित गर्न पुस्तक प्रकाशित भएको भोलिपल्ट इन्सेक केन्द्रीय कार्यालयमा उनी आइपुग्छन्।

रामेछाप जिल्ला दोरम्बा गाविसमा रहेको प्रहरी चौकीमा ०५७ कात्तिक १९ गते माओवादीहरुले आक्रमण गरी अपहरण गरिएका प्रहरी निरीक्षक दिलिप गुरुङलाई ०५७ कात्तिक २३ गते दोलखामा आफन्तलाई जिम्मा लगाइयो। दोलखास्थित मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि बालकृष्ण शर्मा र इन्सेक आबद्ध संस्था हुसाडेकका कार्यक्रम संयोजक होम पाठकलाई ०५७ कात्तिक २२ गते नेकपा (माओवादी) का २ नं. जिल्ला १ नं. एरियाका जनसेना प्रतिनिधि रामजी र पार्टी प्रतिनिधि दिनेशले निरीक्षक गुरुङलाई जिम्मा स्वरुप बुझाएका थिए।

जुम्लास्थित मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधि राजेन्द्र महतको पहलमा तथा स्थानीय पत्रकार नवराज शाही समेतको संयुक्त रोहबरमा नेकपा माओवादीद्वारा गत ०५७ मंसिर १ गते अपहरित नेपाली कांग्रेस जिल्ला कार्यालय जुम्लाका सचिव गौरीनन्द आचार्यलाई ०५७ मंसिर ६ गते दिउँसो १ बजे छोडियो। पीडित आचार्यलाई सदरमुकाम खलङ्गाबाट पूर्वतिर दुई घण्टा पैदलको बाटोमा पर्ने गुटीचौर गाविस र गज्याङकोट गाविसको बीचको जङ्गलमा नेकपा (माओवादी) का प्रतिनिधि प्रकाशले वर्ष पुस्तक जिल्ला प्रतिनिधि राजेन्द्र महत तथा पत्रकार नवराज शाहीको जिम्मा लगाई छोडेका थिए। त्यसपछि पीडित आचार्यलाई स्थानीय व्यक्तिहरुको रोहबरमा उनको परिवारमा जिम्मा लगाइयो।

आम निर्वाचन ०५६ र त्यसअघिको अवस्था।

प्रमुख घटना : दासढुङ्डा दुर्घटना, नेपालमा भारतीय अतिक्रमण, अरुण तेस्रो जल विद्युत आयोजना र विश्व बैंक, नेपाल र भारतबीच सम्पन्न महाकाली सन्धि, स्थानीय निर्वाचन १९९७, नेपालमा राजनीतिक पार्टीहरुको गठन र विघटन।

अन्य विषयहरु : नेपालमा राजनैतिक तथा संवैधानिक विकास, नेपालका मानवअधिकारसँग सम्बद्ध संघ-संस्थाहरु, नेपाल अधिराज्यको संविधान २०४७ र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, कर्मचारी संघर्ष र मानवअधिकार, नेपालमा यातना, शरणार्थी समस्या, बाँधा मजदुर, महिला अधिकार, बालअधिकार, आदिवासी, नेपालमा मानवअधिकार आन्दोलन, आम संचार र मानवअधिकार, तथ्यांकमा नेपाल - आर्थिक योजना लक्ष्य र उपलब्धी, विद्यालय शिक्षकहरु र मानवअधिकार, ट्रेड युनियन आन्दोलन, नेपालमा विस्थापनको समस्या, नेपालमा किसान आन्दोलन, नेपालको सन्दर्भमा मानवअधिकार आयोग- अवधारणा र औचित्य, नेपालका जेलहरु, शैक्षिक आन्दोलन र मानवअधिकार, मानवअधिकारका पक्षमा गरिएका जनस्तरीय प्रयासहरु, नेपाली प्रेस, माओवादी क्रियाकलाप र सरकारी व्यवहार, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार र नेपाल, नेपाली आमसंचारमा महिला, विश्वव्यापीकरण, प्रत्यक्ष वैदेशिक लगानी तथा नेपालको अर्थव्यवस्था र समाज, अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज र नेपालको अवस्था।

मानवअधिकार वर्ष पुस्तक १९९३ देखि उल्लेख्य र प्रमुख घटनाका विषयहरु समावेश गरिँदै आएकोमा मानवअधिकार वर्ष पुस्तक २००० मा भने त्यसमा परिवर्तन गरी विषयहरुलाई सर्सर्ति समावेश गरिएको थियो। तर राज्य र मानवअधिकारअन्तर्गतका विषयहरुलाई भने नियमित नै गरिएको थियो। १९९३ देखि आम संचार र मानवअधिकारको विषय नियमित रुपमा समावेश गरिँदै आएकोमा १९९७ देखि त्यसमा परिवर्तन गरिएको थियो। वर्ष पुस्तक प्रकाशनको पाँचौं श्रृंखला, मानवअधिकार वर्ष पुस्तक १९९६ मा वर्ष पुस्तकको आफ्नै पाँच वर्षे समीक्षाका साथै शैक्षिक आन्दोलन, आम संचार, ट्रेड युनियन आन्दोलन, महिलाअधिकार, बालअधिकार र यातना र मानवअधिकारका सवालहरुको पाँच वर्षे समीक्षा गरिएको थियो। यसका अलावा पाँच वर्षमा भएको मानवअधिकार उल्लंघनको तथ्यांकलाई पनि सो पुस्तकमा समावेश गरिएको थियो।

वर्ष पुस्तकको विमोचन :

नेपालमा यस प्रकारको मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने सोंच बनाउनु हुने नेपाली मानवअधिकार आन्दोलनका अथक योद्धा तथा इन्सेकका संस्थापक स्व. प्रकाश काफ्लेप्रति समर्पण गर्दै मानवअधिकार वर्ष पुस्तक १९९२ को प्रकाशन गरिएको थियो। त्यसपछि सन् १९९३ देखि लगातार रुपमा हरेक वर्ष चैत २६ गते (अंग्रेजी महिनाको अप्रिलमा) वर्ष पुस्तकको विमोचन एक भव्य समारोहका बीच सम्पन्न गरिँदै आएको छ। सन् १९९७ सम्म जुन वर्षका घटना विवरणहरु समावेश गरिन्छन् त्यही वर्षको नाम दिएर वर्ष पुस्तक प्रकाशन गरिँदै आएकोमा सन् १९९८ देखि त्यस परम्परालाई परिस्थितिअनुरुप परिवर्तन गरी जुन वर्षमा विमोचन गरिने हो त्यही वर्षको नाम दिएर प्रकाशन गर्ने नयाँ परम्पराको थालनी भएको हो।

मानवअधिकार वर्ष पुस्तक विमोचनकर्ताहरु

१९९२ - डा. राजेश गौतम
१९९३ - विश्वनाथ उपाध्याय
१९९४ - गणेशमान सिंह
१९९५ - मनमोहन अधिकारी
१९९६ - डिल्लीरमण रेग्मी
१९९७ - कृष्णप्रसाद भट्टराई
१९९९ - ओमभक्त श्रेष्ठ
२००० - नरबहादुर कर्माचार्य

वर्ष पुस्तकका सहप्रकाशन :

वर्षमा एकपटक वर्ष पुस्तक प्रकाशन गर्दा बीच-बीचमा मानवअधिकार उल्लंघनको स्थिति विश्लेषण गर्न तथा जानकारी सार्वजनिक गर्न ढिलो हुने भएकाले हरेक तीन-तीन महिनामा "मानवअधिकार स्थिति सूचक" र मानवअधिकार उल्लंघनका उल्लेख्य खालका घटनाको विवरण घटना भएको तत्कालै "घटना सूचना" का माध्यमबाट प्रकाशित गर्ने गरिन्छ। यसै वर्षदेखि प्रकाशन शुरु गरिएको "घटना सूचना" विभिन्न संचार माध्यमहरुका लागि घटनाको श्रोत समेत बन्न पुगेको छ।

वर्ष पुस्तकको समीक्षा :

वर्ष पुस्तकका बारेमा जिल्ला जिल्लामा अन्तरक्रिया गर्ने, त्यसमा विद्यमान कमी कमजोरीहरु औंल्याउने, त्यस्ता कमजोरीहरुलाई नदोहोऱ्याउनतर्फ सचेत हुने, जनस्तरबाट सुझावको रुपमा पेश हुने विषयहरुलाई महत्वका आधारमा क्रमिक रुपले वर्ष पुस्तकमा समावेश गर्दै जाने र यसले औंल्याएका विषयहरुलाई देशव्यापी रुपमा उजागर गर्ने उद्देश्यले हरेक वर्ष प्रकाशित पुस्तकको जिल्ला-जिल्लामा गोष्ठीको आयोजना गरी समीक्षा गरिन्छ।

वर्ष पुस्तकमा विगतमा भएका कतिपय कमजोरीहरुलाई हटाउँदै, परिमार्जन गर्दै आजको स्थितिमा आइपुग्दा यसमा समावेश गरिएका विषयवस्तु तथा सूचनारूतथ्यांकहरुको प्रस्तुतिमा पनि क्रमिक रुपले परिवर्तन हुँदै आएको छ। समय सापेक्ष रुपमा वर्ष पुस्तकलाई उन्नत र परिस्कृत बनाउँदै जाने क्रम जारी नै छ। तर, यसको मौलिकता नगुमोस् र यसका मूलभूत मान्यताप्रति विचलन नआओस् भन्नेतर्फ पनि हामी उत्तिकै चनाखो हुनु पर्दछ। भेदभावपूर्ण मानसिकताबाट ग्रस्त नभई निष्पक्ष रुपमा यस कार्यलाई अगाडि बढाउन हरपल प्रयत्न गरिरहनु पर्दछ।

समग्रमा भन्नु पर्दा मानवअधिकार वर्ष पुस्तक नेपाली मानवअधिकार आन्दोलनको एउटा हिस्सा बन्न पुगेको छ। विभिन्न न्यायिक, अर्धन्यायिक निकायहरु, मानवअधिकार र सामाजिक न्यायको पक्षमा कार्यरत विभिन्न संघ, संस्थाहरु, अनुसन्धानकर्ता, विद्वत वर्ग, विद्यार्थी आदिका लागि यो नेपालको मानवअधिकारको "तस्वीर" बनेको छ। मानवअधिकारको बारेमा सरोकार राख्ने सबैको सकारात्मक प्रयास, सहकार्य र आपसी सहयोगका आधारमा नै यसको प्रभाव बढाउन सकिन्छ। पुस्तकले विगतमा भएका कमीकमजोरीहरुलाई सुधार्दै जानका लागि सरकार तथा अन्य पक्षहरुलाई राम्रो दिशा निर्देश पनि गरेको छ। मानवअधिकार वर्ष पुस्तकलाई नेपालको "एउटा प्रकाशन" मात्र नठानी साँच्चीकै रुपमा नेपालको मानवअधिकार स्थिति झल्काउने "तस्वीर" को रुपमा लिएर, त्यसले देखाएका नकारात्मक पक्षहरुलाई नदोहोऱ्याउने प्रण गर्ने हो भने यसको सार्थकता अवश्य बढ्ने छ।

महिलाहरूको विश्व यात्रा- २०००

◀ प्रेक्षा श्रेष्ठ ◀

"टु थाउजेण्ड गुड रीजन्स टु मार्च" भन्ने विश्वव्यापी नाराका साथ गत अक्टुवर १७ तारिक अर्थात कार्तिक २ गते सम्पन्न भयो महिलाहरुको विश्वयात्रा। विश्वका १५७ राष्ट्रहरुको प्रतिनिधित्व गर्दै भेला भएका महिलाहरुको ५ हजारको समूहले अन्तर्राष्ट्रिय गरीवी उन्मूलन दिवसका दिन अर्थात अक्टुवर १७ तारिकमा अमेरिकाको न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघको कार्यालय अगाडि धर्ना दिए। उनीहरुले गरीवी र माहिलामाथि हुने हिंसाका विरुद्ध विश्वभरबाट संकलित ४५ लाख ५९ हजार ९ सय नब्बे हस्ताक्षर राष्ट्रसंघका उपमहासचिव लुईस फ्रेचेटलाई बुझाए।

अमेरिकाको राजधानी वाशिङटनबाट प्रारम्भ भएको "हिंसा र गरिवी विरुद्ध महिलाहरुको विश्व यात्रा सन् २०००" का सन्दर्भमा गएको १५ अक्टुवरमा उक्त नगरमा पनि भव्य ऱ्यालीको आयोजना गरिएको थियो। सो ऱ्यालीका सहभागीहरुले शंख, घण्ट, डाडु, पन्यु थाल ठटाएर, सांगीतिक सामाग्रीहरु बजाएर गरीवीलाई प्रस्तुत गरेका थिए। पृथ्वीमा भएको स्रोत र साधनमा, धनी र गरीव वीच समान अधिकार कायम हुनुपर्दछ भन्ने मूल माग सहित सन् २००० को आठ मार्चका दिनदेखि "गुड रीजन्स् टु मार्च" भन्ने मूल नाराका साथ शुरु भएको यस अभियानका क्रममा १६ अक्टुवरमा आयोजकहरुले वाशिङटनमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका अध्यक्ष समक्ष विश्वका महिलाहरुको समस्यालाई प्रस्तुत गरेका थिए। यस सम्बन्धमा नेपालको तर्फबाट आधिकारिक प्रतिनिधित्व गर्नु हुने संचारिका समूहकी अध्यक्ष बन्दना राणा भन्नुहुन्छ- "गरीवी र महिलामाथि हुने हिंसाको एकदम नजिकको सम्बन्ध रहेको र यिनीहरुलाई आपसमा एक अर्कासंग अन्तरसम्बन्धित गराएर विश्व अभियान संचालन गर्ने आवश्यकता महिलाहरुको चौथो विश्व सम्मेलनबाट पहिल्याइएपछि यो अभियानको सवै जिम्मा क्यानाडाको एक संस्थाले लियो। त्यहाँ हामीले के निष्कर्ष निकाल्यौं भने जब हामी गरीविको कुरा गर्छौं विश्व बैंक र अन्तर्राष्ट्रिय वित्तिय कोष जस्तो संस्थाले जुन रुपको संरचनात्मक समायोजन कार्यक्रमहरु निकाल्या छ त्यसमा सुधार ल्याउनु पर्ने, काँटछाँट गर्नुपर्ने, गरीव देशहरुलाई ऋण दिएर ऋणको जुन भार बोकिरहेका छन् त्यसले पनि. झन गरीवी बढिराख्या छ र यसले पनि महिलाहरुलाई झन बढि असर पारिराख्या छ भन्ने हिसावले हाम्रो अभियान संयुक्त राष्ट्र संघलाई मात्र नभएर, राष्ट्रिय स्तरमा मात्रपनि नभएर विश्व बैंक र अन्तराष्ट्रिय वित्तिय कोषलाई पनि सम्मिलित गर्नु आवश्यक ठान्यौं।"

१९९५ मा चीनको वेइजि'मा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनबाट पारित महिलासम्बन्धी १२ वटा बुँदाहरु मध्ये "गरीवी र महिला माथि हुने हिंसा" लाई प्रमूख रुपमा पहिल्याएको थियो। सो सम्मेलनबाट नै महिलाहरुको एउटा अन्तर्राष्ट्रिय ऱ्यालीको आयोजना गर्ने सोच बन्यो। जसअनुसार विश्वका महिलाहरुको अन्तर्राष्ट्रिय भेला गरी विश्वमा बढ्दो गरीवी र महिलामाथि हुने हिंसाको विरुद्ध प्रभावकारी रुपमा आवाज उठाउने र यस अभियानमा विश्वव्यापी ऐक्यवद्धता जनाउनकालागि संसारभरीबाट हस्ताक्षर संकलन गर्ने लक्ष राखियो। संसारका जुनसुकै कुनाका महिलाहरुलाई प्रत्यक्ष वा परोक्ष रुपमा प्रभावित पार्ने भएकोले गरीवी र हिंसा जस्ता विषयमा संसारभरीबाट नै यो अभियान संचालन गरिएको हो।

"संयुक्त राष्टुसंघमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्दै सहभागीहरुले चेलीवेटी वेचविखन र गर्भपतन विषयमा संयुक्त राष्ट्रसंघले ध्यान दिनु पर्ने कुरा उठाइएका थिए। किनभने नेपालका चेलीहरु बलात्कारका शिकार भएका छन जसले गर्दा गर्भपतन मुद्दामा परि जेल खेप्न बाध्य भएका घटनाहरु प्रसस्त छन भने चेलीबेटी बेचविखनबाट नेपाल सबभन्दा बढी पीडित भएको छ। यस्तो किसिमको गम्भीर प्रकृतीको हिंसालाई राष्ट्रसंघले मात्र नभएर सवै राष्ट्रहरुले निरुत्साहित गर्नुपर्छ भन्ने कुरा त्यहाँ उठाइएको थियो। संयुक्त राष्ट्रसंघका उपमहासचिवले पनि सकारात्मक आश्वासन दिंदै सहभागी राष्ट्रहरुलाई यस सम्बन्धमा सम्बन्धित राज्यहरुले नै विशेष महत्वकासाथ पहल गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो।

विश्वयात्रा संचालन गर्ने जिम्मा क्यानाडाको एक महिला संस्था "क्यूवेक" ले लिएपछि १९९८ अक्टोवर २८ मा क्यानाडाको मन्ट्रियलमा एक सम्मेलनको आयोजना गरियो। विश्वका ६५ देशका प्रतिनिधि महिलाहरुको सहमतिबाट एउटा "विश्वयात्रा संचालन समिति" गठन भयो। सो संचालन समितिमा नेपालको पनि सहभागिता रहेको थियो। यस समितिले सन् २००० मार्च ८ देखि अक्टोवरसम्म गरीवी र हिंसा विरुद्ध आ-आफ्ना राष्ट्रहरुमा विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने निर्णय गऱ्यो। यात्रा सकुन्जेलसम्म अन्य ९२ राष्ट्रहरु पनि यस अभियानमा सम्लग्न भएका थिए।

गरिवी र महिलामाथि हुने हिंसाका विरुद्ध आ-आफ्ना राष्ट्रहरुमा अभियान संचालन गर्ने विभिन्न राष्ट्रहरुले क्यानाडामा भएको सो सम्मेलनमा जिम्मा लिएपछि नेपलको तर्फबाट उक्त सम्मेलनमा भाग लिने 'साथी' ले जिम्मा लियो। जस अनुसार साथि संस्थाको आयोजनामा नेपालमा एउटा ठूलो गोष्ठीको आयोजना पद्मकन्या क्याम्पसमा गरियो। ४० वटा संस्थाहरुको सहभागिता रहेको सो गोष्ठीले कामलाई समन्वय गरी लैजानका लागि साथि संस्थाको संयोजकत्वमा इन्सेक, महिला अध्ययन कार्यक्रम, ल्याक, सी.डब्लु.आर.डी, ए.बि.सी. नेपाल लगायतका ११ वटा संस्थाहरुको एउटा कार्यसमिति निर्माण गरियो। कार्यसमिति निर्माण भएपछि मार्च ८ देखि अक्टुवरसम्म गरिने कार्यक्रमहरु तय गरियो। जस अनुसार मार्च ७ मा पत्रकार सम्मेलनको आयोजना गरियो। सन् २००० मार्च ८ अर्थात नब्बेऔं अन्तर्राष्ट्रिय नारी दिवसका दिन बाजागाजा

सहितको विशाल ऱ्यालीले नगर परिक्रमा गऱ्यो। सो ऱ्यालीमा नेपाल प्रहरीको महिला विभागले पनि ठूलो सहयोग गऱ्यो। समापनका समयमा नेपाल प्रहरी महिला विभागले गरीवी र महिला माथि हुने विभिन्न खाले हिंसालाई प्रस्तुत गर्दै नाटक मंचन गऱ्यो भने सो कार्यक्रममा महिला बालबालिका तथा समाजकल्याण राज्य मन्त्री कमला पन्तले पनि सम्बोधन गर्नु भएको थियो। विशाल जनसमूदायको उपस्थिति रहेको टुँडीखेलमा म आफैले पनि सम्बोधन गर्ने मौका पाउँदा साह्रै हर्षित भएको थिएँ।

नारी दिवसको दिन राजधानीबाट मात्रै नभएर पाँचै विकास क्षेत्रका विभिन्न जिल्लाहरुमा पनि गरीवी र महिला माथि हुने हिंसालाई नै लक्षितगरी ऱ्यालीहरु निकालियो। सोहि दिन देखि नै देशभरीबाट हस्ताक्षर संकलन अभियान प्रारम्भ गरियो। हस्ताक्षर संकलनका लागि कार्यसमितिमा रहने सबै सदस्य संस्थाहरुले जिम्मा लिएका थिए र देशभरीबाट ७० हजार हस्ताक्षर संकलन गरियो। "२१ औं शताब्दीको आरम्भ, गरिवी र हिंसा रहित समाजको प्रारम्भ" भन्ने मूल नाराकासाथ नेपालमा यो अभियान संचालन गरियो। यस अभियानका सम्बन्धमा जानकारी दिनकालागि ब्रोशर प्रकाशन गरियो, पोष्टर पनि निकालियो र यी दुई विषयवस्तुलाई अधिसारी एउटा अडियो क्यासेट पनि निकालियो।

गरिवी र महिलामाथि हुने हिंसाका विरुद्ध प्रभावकारी कदम उठाउन महिलाहरु मात्र होइन समाजका सबै बर्ग र तहका पुरुषहरुका साथै नीति निर्माणको तहमा रहेका व्यक्तिहरुको ऐक्यबद्धता अपरिहार्य छ। त्यसैले विश्वयात्राको सफलताका निम्ति सम्पूर्ण तहका जनसमूदाय यस अभियानमा सक्रिय सहभागीता रहोस भन्ने ऐक्यवद्धता जनाउदै विश्वयात्रा आयोजक समिति नेपालले सामाजिक सुरक्षा र रोजगार, सम्पूर्ण क्षेत्रमा समान अधिकार, नीति निर्माण र निर्णायक तहमा महिलाको समान सहभागिता, सम्पूर्ण असमान कानूनहरुको खारेजी गर्ने, पैतृक सम्पत्तिमा समान अधिकार, महिला विरुद्ध हिंसा नियन्त्रण ऐन पारित गर्ने, महिला तथा बालबालिका ओसार प्रसारमा पूर्ण रोक, घरेलु कामको मूल्याकंन गरियोस् भन्ने मागहरु अघि सारेको थियो।

मार्च ८ अर्थात अन्तराष्ट्रिय नारी दिवसका दिनदेखि सुरु गरिएको "महिलाहरुको विश्वयात्रा" अक्टुवर १७ अर्थात अन्तराष्ट्रिय गरिवी उन्मूलन दिवसका दिन समाप्त भएको थियो। नेपालमा पनि यो अभियान "सार्वजनिक सुनुवाई" कार्यक्रमको आयोजना गरी समापन गरिएको थियो। गएको असोज ४ गते गरिवी र महिलामाथि हुने हिंसाका विरुद्धको सार्वजनिक सुनुवाई तथा विभिन्न किसिमका हिंसाबाट पीडित महिलाहरुको पीडा अभिव्यक्त गरेर लेखिएको कपडा प्रदर्शनी कार्यक्रमको आयोजना विश्वयात्रा आयोजक समिति नेपालले गरेको थियो।

महिला, बालबालिका तथा समाज कल्याणमन्त्री कमला पन्तको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा विभिन्न ४ जिल्लाका पीडित महिलाहरुले आफ्नो पीडा अभिव्यक्त गरे। जालझेलमा परी भारतको वेश्यालयमा वेचिएर केही वर्ष बिताएकी एक महिलाले आफूले भोगेका समस्या राख्दै भनिन् :

"आफ्नै देशका दाजुभाईले संरक्षण गर्नुको सट्टा भारतको वेश्यालयमा मलाई लगेर वेच्यो। मैले सोच्नै नसकेको कुरा, त्यहाँको वातावरण संझिदा पनि म तर्सिन्छु। त्यस ठाउँमा मैले यस्तो घृणित काम गर्नु पऱ्यो कि म त्यो मलाई बेच्ने मान्छेलाई धिक्कार्छु जसको कारणले मैले एड्स जस्तो घातक रोग बोकेर फर्कनु पऱ्यो। एड्स रोग लागेको, भारतको वेश्यालयमा नरकीय जीवन विताएका कारण मैले आङ्गनो घर, छिमेकमा पनि तिरस्कृत हुनु पऱ्यो। मलाई एबिसी नेपाल जस्तो संस्थाले हेरचाह नगर्दिएको भए मेरो अस्तित्व नै रहन्नथ्यो होला।" यसैगरी भारत कै वेश्यालयमा आफूजस्तै महिलाले बेचेको कुरा अर्की पीडित महिलाले रुँदै बताएकी थिइन। यी देखि बाहेक घरेलु हिंसाका कारण पीडित भएका दुई महिलाहरुले पनि सो सार्वजनि सुनुवाई कार्यक्रममा रुँदै बताउँदा सहभागीहरु सबै स्तब्ध भएका थिए।

अमेरिकाको वासिङटन शहर र न्यूयोर्क शहरमा भएको विरोध कार्यक्रममा नेपालको तर्फबाट सात जना महिलाहरुको सहभागिता रहेको थियो। यो कार्यक्रमको उपलब्धीलाई कसरी मूल्याकंन गर्नु भएको छ भन्ने सम्बन्धमा बन्दना राणा भन्नुहुन्छ- "मलाई के लाग्छ भने हामीले यत्रो अभियान संचालन गऱ्यौं, संयुक्त राष्ट्रसंघ, विश्व बैंक र अन्तर्राष्ट्रिय वित्तिय कोषसँग भेट्यौं, आफ्ना समस्याहरु राख्यौं, यत्रो कराइसक्यौं अब त समस्या सकियो भन्ने लाग्दैन। हामीले अभियान गर्दैमा उनीहरुले आफ्ना नीति तथा कार्यक्रमहरुमा नै परिवर्तन ल्याउलान, ऋण मोचन नै गर्देलान, संयुक्त राष्ट्रसंघले हिंसालाई निरुत्साहित नै गर्ला भन्ने लाग्दैन र हामीले त्यो आशा गर्नु पनि हुँदैन। तर यसको मतलव यस्ता अभियानहरु, ऐक्यवद्धताहरु नदेखाउने भन्ने होइन। यस्ता अभियानवाट केही न केही दवाव श्रृजना हुन सक्छ भन्ने देखाउनु आवश्यक हुन्छ।"

विशेषत: नेपालमा यस अभियानले के सहयोग गरेको छ त भन्दा ४०/५० वटा संघ संस्थाहरुको माझमा हामीले सुरुमा कार्यक्रम गर्दा यत्रो अभियान संचालन गर्न सकिएला र भन्ने लागेको थियो। किनभने त्यो वेला हामीलाई आर्थिक सहयोग कतैबाट पनि प्राप्त भएको थिएन। कार्यसमितिमा हुने संघ संस्थाहरुकै समझदारिमा विभिन्न कामहरुको बाँडफाँड गरिएको थियो र प्रत्येक हप्ता नभएपनि १५ दिनमा हामी कार्यसमितिका सबै सदस्यहरु भेटी कार्ययोजना तयार गर्दथ्यौं। सुरुमा जतिसुकै गाह्रो भएता पनि, अप्ठ्यारो भएतापनि एउटा ठूलो र बलियो समूह तयार हुन सक्दो रहेछ भन्ने यस अभियानले देखाएकों छ। र भोली जस्तो सुकै परिस्थिति आइपरेपनि हामीसँग बल छ, शक्ति छ, हामी कराउन सक्छौं, आवाज उठाउन सक्छौं भन्ने हामी सबैलाई लागेको छ। समूदायदेखि सरकारसँगसम्म पनि काम गऱ्यौं यसवाट साझेदारीमा पनि काम गर्न सकिन्छ भन्ने आभाष यस अभियानबाट पाइएको छ।

छ्यालीस सालको जनआन्दोलनपछि नेपालमा महिलाअधिकारका क्षेत्रमा निकै कामहरु भएका छन। तर यसको मतलव त्यो भन्दा अगाडि अधिकार प्राप्तिका लागि महिलाहरुले संघर्ष गर्नुपर्ने दिन गए भने होइन। आज कुनै पनि क्षेत्रमा असमानताहरुको खुलेर विरोध गर्न भने डराउनु पर्ने अवस्था छैन। तैपनि व्यवहारमा धेरै कुरा गर्न बाँकी छ। नेपालले महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अभिसन्धिमा सहमति जनाइसकेको भएपनि त्यसअनुरुपको कार्यान्वयन पक्ष भने ज्यादै नै फितलो छ। महिलामाथि हुने घरेलु हिंसामा कमी ल्याउनेखालका हालसम्म कुनै पनि ठोस कानून छैनन्। सम्पूर्ण घटनाहरु सार्वजनिक मुद्दा अन्तर्गत नै हेरिने गरिएको छ। घरेलु हिंसाको अन्त्यका लागि कुनै पनि ऐन बनेको छैन। साथी लगायत अन्य संघसंस्थाहरु र महिला मन्त्रालयको सहभागितामा महिलामाथि हुने हिंसाका विरुद्धको विधेयकको प्रारम्भिक मस्यौदा तयार भैसकेको छ। "कानून मन्त्रालयमा पुगेको प्रारम्भि मस्यौदा आउँदो हिउँदे अधिवेशनमा छलफल भई सदनले पास गरेर एउटा कानूनकै रुपमा आउँछ भन्ने कुरामा आशावादि छौं।" साथी संस्थाकी अध्यक्ष आरजु देउवा भन्नु हुन्छ।

महिलामाथि हुने हिंसाका विरुद्ध सरकारी र गैरसरकारी संघ संस्थामा कार्यरत महिलाहरुले संघर्ष गरिरहेको अवस्थामा काठमाण्डौको स्यूचाटार गाविसमा बस्ने तीन छोराछोरीकी आमा कान्छी माझी जसले एक अक्षर पढेकी पनि छैनन्, छोराछोरीलाई पढाउने अवस्था पनि छैन। जो सँधै जसो लोग्नेको चुटाइबाट शरीरभरी नील डाम सहित रगत चुहाउँदै ज्यमी काममा जानुपर्ने बाध्यता छ र गुल्मीकी एक महिला- जसलाई लोग्नेले सौता हालेका छन, जो लोग्ने विना आफ्ना सासु, ससुरा, छोराछोरी, घर वस्तुभाउ हेरेर वस्तु परेको अवस्था छ, एक अक्षरपनि नपढेकी ती महिलाहरु र त्यस्ता अनभिज्ञ अन्य कैयौं महिलाहरुले नेपालमा संचालन भएका यस किसिमका अभियानहरुबाट आफूलाई उपलब्धी होला भन्ने कस्तो आशा गर्लान ? यदि राष्ट्रिय स्तरमा तथा विश्वव्यापी स्तरमा नै संचालन गरिने महिलाअधिकार सम्बन्धी यस्ता अभियानबाट उनीहरुको अधिकार सुनिश्चित हुने अवस्थाहरु अगाडि देखा परेनन् भने गरीवी र महिलामाथि हुने हिसांका विरुद्धको विश्वयात्राको के औचित्य रहला र ?

अभिवादन मार्था, साराह, अल्वर्टिना र डोरा

◀ अग्निशिखा ◀

हाम्रा ती सबै महिलालाई सम्झ
जो कारागारमा छन्
हाम्रा ती सबै महिलालाई सम्झ
जो अभियानमा छन्
लडाईका असंख्य वर्षहरुका
हाम्रा ती सबै महिलालाई सम्झ
तिनका विजय र तिनका आँशुलाई सम्झ
हाम्रा ती सबै महिलालाई सम्झ

जहाँ आमा सोलोमनहरु थिए। जहाँ आमा साराहहरु थिए। जहाँ आमा नाफ्तालीहरु थिए। र, जहाँ आमा अल्वर्टिनाहरु थिए। त्यही संग्रामी विराङ्गना आमाहरुको, संग्रामी विराङ्गना दिदी र वहिंनीहरुको र संग्रामी विराङ्गना काकीहरुको गौरवशाली गाथा हो यो। जसको आवाजले, जसको गर्जनले र जसको फौलादी प्रहारले जातिवादी, रङ्गभेदी शासन दक्षिण अफ्रिकामा ढल्न पुग्यो। ती विराङ्गना काला थिए तर पनि जसको हृदयमा मुक्तिको रातो फुल ढकमक्क फुलेको थियो। र, ती फूलहरु तिनीहरुको आफ्नै राता रगतमा सिंचित थिए।

दक्षिण अफ्रिका, गोराहरुको शासनमा जहाँ कुनै कालो युवकलाई रुखमा बाँधिन्थ्यो र पटक-पटक गोली हानेर मारिन्थ्यो। त्यसपछि, हत्यारा गोरा सगर्व आफ्नो सफाईमा भन्दथ्यो- "मैले मान्छे मारेको होइन, त्यसको टाउकोमा निशाना सोझ्याएर गोली हान्ने अभ्यास मात्र गरेको हुँ।"

दक्षिण अफ्रिका, जहाँ काला जातिका महिलाहरुवाट उनीहरुका लोग्ने खोसिन्थे। उनीहरुका काखवाट आफ्ना सन्तान खोसिन्थे। उनीहरुकै आँखासामु घरहरु जलाइन्थे र, उनीहरुकै आँखासामु गोलीले छोरा-छोरी भुटिन्थे। दक्षिण अफ्रिका, जहाँ प्रत्येक तीन मिनेटमा एक महिला अर्थात् एक वर्षमा तीन लाखसर्म्म महिला बलात्कारका शिकार हुन्थे। एक थियो त्यो जीवन- जहाँ अपमान, दमन, दुर्व्यवहार, शोषण र मरण बाहेक केही थिएन।

तव त, वयासी वर्षिय वजै डोरा तमाना वीस वर्ष अघि एक सम्मेलनमा गर्जेकी थिईन्- "तिमी जोसँग काम छैन, आवाज बुलन्द गर " तिमी जोसँग स्कूल छैन, आवाज बुलन्द गर " र, तिमी जसलाई गिद्धबाट बच्न चल्ला दगुरेझैं

अफ्रिकी महिला आन्दोलनको सन्दर्भमा हिल्डा बर्न्सटीनले रंगभेदी शासन वहाल रहेकै बेला पन्ध्र वर्षअघि लेखेकी थिइन्- रंगभेदी शासन व्यपस्थामा दक्षिण अफ्रिकी उत्पीडित महिलाहरुले आपना लक्षलाई आधुनिक औद्योगिक समाजमा आपना कानुनी अधिकार प्राप्तिमा मात्र सीमित राख्न सक्दैनन्, न उनीहरु पुरुष आधिपत्य-विश्वमा केही सुविधाका साथ आफू उठ्ने आशा नै राख्न सक्छन्। यसको साटो उनीहरु जातिय शोषणको सम्पूर्ण आधारलाई नै खतम पार्न र महिला-पुरुष दुवैको स्वतन्त्र विकासको सम्भावना खोल्नका लागि नै आन्दोलनमा लागेका छन्। यो कुरा यो समझदारीमा आधारित छ कि- महिला मुक्तिको सवाल सामान्य रुपमा कानुनमा सुधार गर्ने या पुरुषको प्रवृत्तिमा परिवर्तन गर्ने सवाल मात्र होईन। यो त सबैका लागि स्वतन्त्रता र न्यायतर्फ समाजलाई आधारभुत रुपमा पुनर्सगठित गर्ने सवाल नै हो ।

भाग्नु परेको छ, आवाज बुलन्द गर ! तिमी जोसँग घर छैन, आवाज बुलन्द गर ! पुरुष र महिला दुबै घर र बाहिरी काममा समान रुपमा जुट। म तिमीहरुका लागि ढोका खोल्छु ! तिमीहरु अगाडि वढ !!

पितृसत्तात्मक समाजमा जकडिनु परे पनि उत्पीडित अफ्रिकी महिलाहरुले कहिल्यै पनि आफ्नो मुक्तिको मात्र कुरा गरेनन्। उनीहरु महिला मुक्तिको आन्दोलनलाई राष्ट्रिय मुक्ति आन्दोलनमा समाहित गरेर पुरुषसंगै काँधमा काँध मिलाएर मुक्ति युद्धमा सगौरव अगाडि वढे। यसै सन्दर्भमा, एक इतिहासकार लेख्छन्- "उत्पीडितमा पनि अत्यन्त उत्पीडित महिलाहरुले यो कुरालाई कहिल्यै भुलेनन् कि- महिलाहरुको लागि अर्थपूर्ण परिवर्तन सुधारबाट मात्र आउनेवाला छैन, रङ्गभेदी व्यवस्थाको पूर्ण विनाशवाट मात्र त्यस्तो परिवर्तन आउने छ। त्यसैले, रङ्गको आधारमा पुरुष तथा महिलामाथि थोपरिएको आम शोषण र उत्पीडनले महिला अधिकारका लागि पुरुष विरुद्ध महिलाको लडाईंको साटो त्यस व्यवस्था विरुद्ध संयुक्त लडाईंलाई नै अगाडि बढायो। जबकि, महिलाहरुले आफ्नो व्यक्तिगत स्वतन्त्रताको चाहना राख्दा राख्दै पनि त्यसलाई सम्पूर्ण मुक्ति आन्दोलनको एक हिस्साको रुपमा लिएका थिए। त्यसैकारण, दक्षिण अफ्रिकाका महिला संगठनहरु राजीनितिक प्रतिरोध आन्दोलनको ढाँचा भित्रै रहेर सधैं संचालित रहे।"

र, जब महिलाहरु सहनशीलताको पर्खाललाई तोडेर कार्यवाहीमा उत्रिए तिनको साहशले दक्षिण अफ्रिकी समाजलाई नै हल्लाइदियो। यसकारण कि, महिलालाई समाजको स्थायित्व र सुरक्षाको केन्द्र मानिन्थ्यो। र जब, त्यो केन्द्र नै हल्लियो र महिलाहरु गिरफ्तारीमा समेत पर्न थाले तब काला पुरुषलाई त्यसले उद्वेलित तुल्यायो भने गोरा पुरुषहरुको दृष्टिमा आन्दोलनमा महिला सहभागिता सम्पूर्ण सामाजिक संरचना र सम्पूर्ण व्यवस्थाको लागि नै खतरा थियो।

अफ्रिकी महिलाको प्रतिरोध

डा. फतिमा मीर लेख्छिन्- मुक्तिको आधुनिक आन्दोलनमा इण्डियन र विशेष गरी

अफ्रिकी महिलाहरुले अमिट चिन्ह कुँदेका छन्। एन्टी-एसियाटिक कानुन विरुद्ध सन् १९१२ मा दक्षिण अफ्रिकाको नाताल र ट्रान्सभालमा रहेको आश्रमका इण्डियन महिलाहरुले विरोध प्रदर्शन तथा मार्च गरेका थिए र न्यूक्यासलका श्रमिकहरुलाई आफ्ना खन्ती थन्क्याएर हडतालमा उतार्न समेत सफल भएका थिए। त्यसपछि नातालदेखि ट्रान्सभाल सम्मको हड्ताली श्रमिकहरुको मोर्चाको नेतृत्व महात्मा गान्धीले गरेका थिए। तर मीरका अनुसार, "त्यस संघर्षका महानायक गान्धी थिएनन्, वलि अम्मा नामकी जवान महिला थिइन्, जो वारम्वारको कैदका कारण विमार थिइन्। तर पनि उनले आत्मसमर्पण गर्न अस्वीकार गरिन् र संघर्षकै दौरान मृत्युवरण गरिन्।"

सन् १९१२ मा नै अफ्रिकी नेशनल कंग्रेस (एएनसी) को स्थापना भएको थियो र त्यसको एक वर्षपछि, अफ्रिकी महिलाहरुको पहिलो संगठनको रुपमा, बान्टु विमेन्स लिगको स्थापना भएको थियो। त्यसको संस्थापिका चार्लोट माजेक थिइन्। त्यही लिग पैंतिस वर्षपछि एएनसीको विमेन्स लिगको रुपमा पुनःस्थापित भएको थियो। एएनसीको प्रारम्भिक कालमा त्यसमा रहेका महिला सदस्यहरुलाई सहायकको रुपमा मात्र राखिएको थियो र मतदानको अधिकार थिएन। सन् १९४३ मा मात्र महिलाहरुलाई पूर्ण सदस्यको रुपमा राखियो।

एएनसी स्थापनाको एक वर्षपछि नै अफ्रिकी महिलाहरु राजनीतिमा रहेको पुरुषहरुको एकाधिकारलाई तोड्दै विरोध प्रदर्शनमा उत्रिए। त्यो विरोध "पास ल" (अनुमति पत्र कानुन) विरुद्ध थियो। जब प्रशासनसमक्ष कुनै पनि आवेदन काम लागेन तब ल्वोमफोन्टीन शहरका ६०० महिलाहरुले "आफ्ना सल (पछ्यौरा) फ्याँके र कानुन आफ्ना हातमा लिए।" अर्थात् उनीहरुले नगरपालिका घेराउ गरे। यो आन्दोलन अन्यत्र शहरमा समेत फैलियो। गिरफ्तार महिलाहरुले जरिवाना तिर्न अस्वीकार गरे। फलस्वरुप उनीहरुलाई थुनियो। "पास ल" विरुद्धको संघर्ष धेरै वर्षसम्म चल्यो र अन्ततः महिलाहरु विजयी भए। अर्थात्, महिलाहरुको लागि "पास ल"को नियम फिर्ता लिइयो। गौरवशाली संघर्षको एक क्षण त्यो पनि थियो, जव १९४३ मा बसभाडामा एक पेन्नी बढाएको विरोधमा १५ हजार पुरुष तथा महिलाहरुले दिनको १८ घण्टा माइल तय गरी ९ दिनसम्मको विरोध भ्रमण सम्पन्न गरेका थिए।

पचास वर्षअघि, मे दिवसको सन्दर्भमा जव एक दिने काम बन्दको आह्वान एएनसीले गऱ्यो, तब प्रहरीको गोली प्रहारमा डेढ दर्जन व्यक्ति मारिए। यो गोलीकाण्डले एएनसी, ईण्डियन कंग्रेस र कम्युनिष्ट पार्टीलाई एकै ठाउँमा उभ्यायो र उनीहरुले संयुक्त रुपमा २६ जुन १९५० का दिन राष्ट्रव्यापी रुपमा काम बन्दको आह्वान गरे। दशौं हजार जनता प्रदर्शनमा सहभागी भए- त्यो प्रदर्शन नै रङ्गभेदी शासन विरुद्धको प्रारम्भिक प्रदर्शन थियो। त्यस समयदेखि २६ जुन दक्षिण अफ्रिकाको लागि "फ्रिडम डे" घोषित भयो। त्यसपछि अफ्रिकी महिलाहरुले कालो र हरियो रङ्गको व्लाउज लगाउन थाले- त्यो एएनसीप्रति महिलाहरुको समर्थनको प्रतिक थियो। यसर्थ कि एएनसीको झण्डामा कालो र हरियो रङ्ग रहेको छ।

१९५४ मा जोहानेसवर्गमा भएको राष्ट्रिय सम्मेलनमा फेडरेशन अफ साउथ अफ्रिकन विमेन ऍक्ब्ध- छोटकरीमा विमेन्स फेड्फको स्थापना भयो। र। त्यसले घोषणा गऱ्यो- "हामी महिलाहरु पुरुषलाई अलग राखेर समाज स्थापना गर्दैनौं। यहाँ एकमात्र समाज छ र यो महिला तथा पुरुष दुवैद्वारा निर्मित छ। महिलाको रुपमा हामी हाम्रा पुरुषको समस्या र चिन्ताका हिस्सेदार हौं र हामी प्रगतिका लागि वाधक बनेको सामाजिक खरावी हटाउन पुरुषहरुसँग हातेमालो गर्दछौं।" नवस्थापित यो महिला संगठनकी पहिलो अध्यक्ष एएनसीको विमेन्स लिगकी अग्रणी नेतृ इदा न्त्वाना थिइन्। सम्पूर्ण अफ्रिकी जनताको मुक्तिको लागि जुन १९५५ मा जब "फ्रिडम चार्टर" को घोषणा भयो तव गोराशाही शासनद्वारा व्यापक धरपकड गरियो। राज्यद्रोहको आरोपमा १५६ व्यक्तिलाई गिरफ्तार गरियो, त्यसमा १६ महिला थिए। चार वर्षसम्मको अदालती कारवाहीपछि मात्र ती सबैलाई रिहा गरियो।

जव आदिवासी मामिला मन्त्रीले जनवरी १९५६ देखि लागू हुने गरी अफ्रिकी महिलाको लागि "पास" वितरण गर्ने कुरा सार्वजनिक गरे तव नयाँ "पास ल" विरोधी आन्दोलन फेरि भड्कियो। विमेन्स फेड्को आयोजनामा अक्टोवर, १९५५ मा २००० महिलाहरु विरोध प्रदर्शनमा सामेल भए। त्यसमा अत्यधिक संख्या अफ्रिकी महिलाकै थियो। त्यस प्रदर्शनमा गोरा महिला पनि सहभागी थिए। यस सन्दर्भमा काला अफ्रिकी महिलाहरुको भनाइ थियो- ब्ल्याक साश संगठनका गोरा महिलाहरुले तिनीहरुको विरोध प्रदर्शनमा हामीलाई निम्त्याएनन् तर हामी जुनसुकै जात वा वर्णका होउन्, सबै महिलालाई निम्त्याउँछौं।

त्यस आन्दोलनको दौरान प्रिटोरियाको सरकारी प्रशासनिक भवन अगाडि महिलाहरुको ओइरो लागेको थियो। आन्दोलनले गति लियो र डर्वान तथा केप टाउनका महिलाहरु पनि हजारौंको संख्यामा सडकमा उत्रिए। तिनको लडाकुपन देखेर पुरुषहरु अचम्ममा परे। यस सन्दर्भमा एक महिला नेतृ लिलियन न्गोयीको भनाइ थियो- जव हाम्रा पुरुषहरु विहान घरबाट हिंड्दछन्, बेलुका फर्कने हुन वा होइनन्, निश्चित छैन। लोग्ने गिरफ्तार भएमा र आमा पनि गिरफ्तार भएमा हाम्रा केटाकेटीको भविष्य के होला ?" महिलाहरुले "पास ल" को यसकारण पनि विरोध गरेका थिए कि- यो कानुनले गर्दा परिवार विच्छेद हुनेछ,, "पास ल" ले गर्दा आमाहरु गिरफ्तार हुनेछन् र आफ्ना सन्तानबाट छुट्टिनेछन्। जाँचपड्ताल गर्ने वहानामा प्रहरीहरुबाट महिला, जवान केटीहरुले अपमान र दुर्व्यवहार भोग्नु पर्नेछ। यसवाहेक, एक स्थानबाट अर्को स्थानमा स्वतन्त्रतापुर्वक आवत-जावत गर्ने अधिकार महिलाहरुले गुमाउनेछन्।

नयाँ "पास ल" विरोधी आन्दोलन राष्ट्रव्यापी रुपमा फैलियो र एक वर्षपछि प्रिटोरियामा फेरि विशाल महिला प्रदर्शन भयो। त्यो दिन थियो ९ अगष्ट १९५६। सम्पूर्ण प्रिटोरिया महिलै-महिलाले भरिएको थियो। महिला प्रतिनिधि मण्डलले प्रधानमन्त्री जे.जी. स्त्रिदोमलाई भेट्न खोज्दा भेट दिइएन र प्रधानमन्त्री कार्यालय भवन पछाडि ओरालिएको हेलिकप्टरमा चढेर उनी भागे। तव महिलाहरुको विशाल पंक्तिले विरोध स्वरुप ३० मिनेटसम्म थिएटर हलमा मौन धारण गऱ्यो। त्यस समय बच्चा कराएको आवाज वाहेक केही सुनिदैनथ्यो। त्यस दिनको स्मरण स्वरुप दक्षिण अफ्रिकामा ९ अगष्टलाई "महिला दिवस"को रुपमा मनाइन्छ। त्यो दिन यसकारण पनि उल्लेखनीय छ कि, एक वर्षअघि विरोध प्रदर्शनमा दुई हजार महिला सहभागी थिए भने एक वर्षपछि त्यस दिन वीस हजार महिलाले आवाज बुलन्द गरेका थिए। र, एक हप्ताको अवधिभित्र नै २ हजार महिला गिरफ्तार भएका

थिए।

जब प्रहरीहरु गाउँ-गाउँमा पुग्थे र पास जलाउने महिलालाई गिरफ्तार गर्न खोज्थे तब अन्य महिलाहरु प्रहरीलाई चुनौती दिंदै भन्थे- एउटालाई होइन हामी सबैलाई गिरफ्तार गर " गिरफ्तारी बढ्दै गयो र आखिर जेलमा कहाँ राख्ने ? प्रशासनका लागि समस्या नै भयो। २१ मार्च १९६० मा एएनसीवाट अलग भएको पान अफ्रिकानिष्ट कंग्रेस (पिएसी) को आह्वानमा शार्पभिल्लेमा भएको "पास ल" विरुद्धको शान्तिपुर्ण प्रदर्शनमा प्रहरीले गोली चलाउँदा ६९ जना पुरुष तथा महिला मारिएका थिए। त्यसपछि सरकारले आपत्कालीन स्थिति लागू गऱ्यो। एएनसी र पीएसी माथि प्रतिवन्ध लगाईयो। दमन, धडपकड, कारावास र राजनीतिक हत्याको कालखण्ड शुरु भयो। "पास ल" लागू गर्न सरकारलाई ११ वर्ष लाग्यो। यसअघि सेप्टेम्वर १९६९ मा एएनसीको विशेष सम्मेलनले घोषणा गरेको थियो- "महिलालाई सम्मान गर।" यो घोषणामा महिला आन्दोलनप्रतिको उच्च भावना जाहेर भएको थियो।

१९६० को दशकको प्रारम्भमा नै अफ्रिकी मुक्ति आन्दोलनले अहिंसात्मक आन्दोलनलाई अलविदा गऱ्यो र दमनकारी तथा खुनी शासनव्यवस्था विरुद्ध सशस्त्र आन्दोलनलाई प्रमुख रुपमा अंगिकार गऱ्यो। त्यसयताका तीन दशक भन्दा वढीको वैधानिक तथा अवैधानिक दुवै संघर्षका विभिन्न मोर्चामा अफ्रिकी महिलाहरुको सहभागिता उल्लेख्य, जुझारु, लडाकु र वलिदानी रह्यो।

वलिदानी संघर्ष

"तिनीहरु मध्य रातमा म रहेको जेलको कोठामा आउँथे। मेरो गर्धनमा तारले वेर्थे र भन्थे- "म तेरो घाँटी कस्दैछु। यसर्थ कि, तैंले साँचो कुरा वताइनस्, अरु मान्छेको वारेमा मुख खोलिनस्। मैले तँलाई मारे पनि फरक पर्दैन। म बाहिरी विश्वलाई तैंले आत्महत्या गरेको भन्नेछु।"

कुनै दिन उनीहरु मेरो कञ्चटमा बन्दुकको नोकले घोंच्दै भन्थे- "म अव तँलाई गोली ठोक्दैछु। कुनै दिन उनीहरु आउँथे र मलाई बेस्मार पिट्थे।"

यो भनाई थियो- खोसी म्बाथाको। १९६० पछिका दिनहरुमा धेरै महिलाहरु गिरफ्तार भए, यातना पाए, मारिए। धेरै महिला भूमिगत भए, अन्य धेरै देशबाहिर निर्वासनमा गए र वाहिरै रहेर मुक्ति आन्दोलनमा जुटिरहे। राज्यद्रोह, आतंकवाद, विध्वंश, अवैध पार्टी सदस्यता आदिको आरोप असंख्य अफ्रिकी महिलाहरुले पनि भोग्नु पऱ्यो र विना मुद्धा जेलका कालकोठरीमा जीवन बिताउनु पऱ्यो। जव एएनसीका लागि कार्यकर्ता जुटाएको आरोपमा जेलमा कैद जेन अदालतको कठघरामा उभिइन् सोह्र महिने छोरो पनि उनीसँगै कठघरामा थियो।

जव खोसी म्बाथा र उनका लोग्ने एलेक्स दुवैलाई हिरासतमा राखियो उनीहरुका तीन वर्षीया छोरीलाई पनि हिरासतमा लिईयो। यसर्थ कि प्रशासनको भनाइ थियो - यो बच्ची पनि आतंकवादी र कम्युनिष्ट हो, त्यसैले यसले पनि जेल जानै पर्छ।" दुई दिनपछि वलजफ्ती आमाको काखवाट वच्चीलाई छुटाएर लगियो। खोसीलाई उनकी वच्चीलाई सुधार गृहमा राखेको वताईयो। तर वास्तवमा, त्यस बच्चीलाई प्रहरीले खोसीको घर अगाडि लगेर फ्याँकेका थिए र खोसीका मित्रहरुले फेला पारेर बचाएका थिए।

थान्डी मोदिसे गिरफ्तार भएर जेलमा थुनिंदा गर्भवती थिइन् तर पनि तीन जना निर्दयी प्रहरीहरुले ती गर्भवतीलाई बारम्वार निर्घातरुपमा चुटेका थिए।

आफ्नो लोग्नेसंगै गिरफ्तार भएकी चार सन्तानकी आमा रिताले वारम्वार गिरफ्तार हुनु परेको थियो, र कुटिनु परेको थियो। अन्ततः प्रहरीले उनका लोग्नेको हत्या गरेको थियो।

ज्वाइस दिपेललाई पाँच सय दिनसम्म एकान्त कैदमा राखिएको थियो। उँधोमुन्टो झुण्ड्याएर यातना दिइएको थियो। र, नाङ्गो पारेर स्तन, नितम्व तथा गुप्ताङ्गमा विद्युत झट्का दिइएको थियो।

शान्ति नायडुलाई एकान्त कैदमा राख्दा सोधपुछको क्रममा पाँच दिन, पाँच रात उभिन बाध्य बनाइएको थियो।

लिलियनलाई जेलभित्रै यौन आक्रमण गरिएको थियो भने उनका काकाका छोरा अर्नेष्ट प्रहरीको हातवाट मारिएका थिए। महिला नेतृ डोरोथी थेम्वेले १५ वर्षको जेल जीवन बिताउनु परेको थियो।

देश बाहिर निर्वासनमा गएका मुक्ति योद्धाहरुलाई समेत खुनी सत्ताका एजेन्टहरुले पछ्याउने गर्थे। जावुन्जीमा स्वाजील्याण्डमा निर्वासनमा रहेकी थिइन्। उनी र उनको लोग्ने दुवै उनीहरुको गाडीमा राखिएको वम विष्फोटमा परेर मारिए। लेखिका, शिक्षिका तथा संगठक रुथ फर्स्ट मोजाम्विकमा लेटर वमद्वारा मारिईन्। जेनेट र उनकी छोरी अंगोलामा पार्सल वमद्वारा मारिए। जीवनमा असंख्य पटक गिरफ्तार गरिएकी ७२ वर्षीया ग्रेटा न्सापाईलाई जव च्याण्ड सर्वोच्च न्यायालयमा एएनसी र हिंसावारे उनको विचारवारे सोधियो तव ती वृद्धाले निर्भयताका साथ जवाफ दिएकी थिइन्- "यो राष्ट्रमा परिवर्तन ल्याउने कुनै पनि कुरालाई म समर्थन गर्नेछु।"

जब आफ्नो छोरा सोलोमन मालांगु मृत्युदण्ड पाउने पहिलो गेरिल्ला लडाका भए तब उनकी आमा मार्था अवैध घोषणा गरिएको एएनसीको झण्डामा निहित हरियो, कालो र सुनौला रङ्गको पहिरनमा एक सार्वजनिक सभामा पुगिन र भनिन्- "कालाहरुलाई मुक्त हुनवाट कुनै कुराले रोक्न सक्ने छैन।"

जुन विहान युवक जेरीलगायत एएनसीका दुई अन्य जवान योद्धाहरुलाई मृत्यु दण्ड दिइयो, जेरीकी आमा सराह मोसोलोलीले यस्तो उद्गार व्यक्त गरिन् - "जाऊ मेरा छोरा, म तिमीलाई स्नेह गर्छु। तिमीप्रति म गर्वित छु। यसर्थ कि, तिमी आफ्ना जनताका लागि मऱ्यौ। तिमी जहाँ गएका छौ त्यहाँ हाम्रो भेट हुनेछ। तिमी बुझ, तिम्रो मृत्युपछि पनि यो संघर्ष समाप्त हुने छैन।"

नाफ्ताली मनाना, जसलाई अन्य दुई जनासंगै फाँसीमा झुण्ड्याएर मृत्यु दण्ड दिने सजाय सुनाइएको थियो। तर विश्वव्यापी विरोधका कारण मृत्युदण्डको सजायलाई आजीवन कारावासको सजायमा फेरिएको थियो। उनकी आमाले त्यसवखत भनेकी थिइन्- "हाम्रा बराजुहरु आफ्ना हातको भरमा लडेका थिए र उनीहरु पराजित भएका थिए। हाम्रा सन्तानहरु बन्दुक उठाएर लड्दैछन् र यिनीहरुले जित्नेछन्।"

एएनसीका वरिष्ठ नेता वाल्टर सिसुलुकी पत्नी अल्वर्टिना सिसुलु राजनीतिक प्रतिवद्धता र साहसकी एक प्रतिमूर्ति हुन्। एएनसीको विमेन्स लिग गठन हुँदाको समयमा नै त्यसमा संगठित भएकी अल्वर्टिना पछि गएर विमेन्स फेडकी अग्रणी व्यक्तित्व वनिन्। अल्वर्टिना नै एक मात्र त्यस्तो व्यक्तित्व हुन् जसमाथि सबैभन्दा बढी १८ वर्षको प्रतिवन्ध लगाईयो। उनका लोग्नेले नेल्सन मण्डेलासंगै बीस वर्ष भन्दा बढी समय रोवेन द्विपको कारागरमा बन्दी जीवन बिताउँदा अल्वर्टिनाले

कठिन राजनीतिक संघर्षमा होमिएर आफ्ना पाँच सन्तान र मृत-बहिनीका दुई सन्तानलाई समेत हुर्काउनु परेको थियो। अल्वर्टिना आफ्नो जेठो छोरा म्याक्ससँगै एकपटक गिरफ्तार भएर थुनिएकी थिइन्। उनकी छोरी लिंडिवे ११ महिनाको हिरासत र यातनाबाट मुक्त भएपछि निर्वासनमा गएकी थिइन्। उनको अर्को छोरो पनि एक वर्षसम्म थुनिएको थियो। आफूमाथिको प्रतिबन्ध हटेपछि अल्वर्टिना गोराशाही शासन विरुद्धको लडाईंमा झन् खारिएर जुटेकी थिइन्। युनाइटेड डेमोक्रेटिक फ्रण्टका तीन अध्यक्षमध्ये एकमा निर्वाचित भएकी अल्वर्टिनाले पछि पनि कैयौं गिरफ्तारी व्यहोर्नु पर्‍यो।

र, जसको उल्लेख विना दक्षिण अफ्रिकी महिला आन्दोलनको ईतिहास अपूर्ण हुन्छ, - त्यो नाम हो: विन्नी मण्डेला। विन्नी मण्डेला जो कैयौं पटक सत्ताद्वारा सताईन्, गिरफ्तार भइन्, हिरासतमा परिन् र थुनिइन्। उनले एक पटक अफ्रिकी महिलाको सन्दर्भमा भनेकी थिइन्- "यो एक महानतम प्रतिरोधी शक्ति हो र जब हामी यो देशमा मुक्ति भित्र्याउने छौं त्यस वखत महिलाहरु अग्रिम मोर्चामा रहने छन् - शहीदको रुपमा मात्र होइन, मुक्तिको महानतम हतियार, महानतम औजारको रुपमा तिनीहरुको अभ्युदय हुनेछ।"

महिला आन्दोलन जारी रह्यो

सन् १९६१ मा एएनसीलगायत अन्य संगठनहरुमाथि प्रतिबन्ध लागेपछि विमेन्स लिग पनि भूमिगत भयो र भूमिगत प्रतिरोधी आन्दोलन तथा सशस्त्र संघर्षको तयारीमा जुट्न थाल्यो। विमेन्स फेड्लाई अवैध घोषित नगरे पनि त्यसका अग्रणी नेतृहरु सबैमाथि प्रतिबन्ध लगाइयो या गृहनजरबन्दीमा राखियो। सत्तरीको दशकमा आएर नयाँ पुस्ताका महिला तथा पुरुषहरु ब्ल्याक कन्सस मुभमेन्ट वरिपरी संगठित हुन थाले। यसै क्रममा डिसेम्वर १९७६ मा ४१ वटा संगठनका प्रतिनिधिहरु डर्वानमा भेला भएर ब्ल्याक विमेन्स फेडरेशन (बिडव्ल्युएफफको स्थापना गरे। तर एक वर्ष भित्रै त्यसका सात अग्रणी नेतृहरुलाई थुनियो। फतिमा मीरलाई प्रतिबन्ध लगाइयो र अक्टोवर १९७७ मा त्यो सिङ्गो संगठन नै प्रतिवन्धित भयो। जुन १९७६ मा जब सोवेतोका स्कूले केटाकेटीहरुमाथि समेत प्रहरीले गोली चलायो र कैयनलाई गोलीको शिकार बनायो, विश्वलाई त्यस हत्याकाण्डको प्रत्यक्षदर्शी रिपोर्ट काला जातिकी महिला पत्रकार सोफी टेमाले दिएकी थिइन् र त्यो काण्डको विश्वभर निन्दा तथा भर्त्सना भएको थियो। यसै हत्याकाण्डको सन्दर्भमा कोसासान ल्दामिनीको टिप्पणी थियो- "पहिले-पहिले शान्तिपूर्ण प्रदर्शनको बेला विद्यार्थीहरुलाई अभिभावकहरुको समर्थनमात्र हुन्थ्यो। तर ती अभिभावक आफैलाई कार्वाहीमा उतार्न पुऱ्याउने कारक तत्व प्रहरीको त्यो निर्दयी हत्याकाण्ड नै बन्न पुग्यो। र, सिङ्गै व्यवस्थाप्रतिको ती अभिभावकहरुको घृणा र अस्वीकृति सतहमा देखा पऱ्यो।" त्यो हत्याकाण्डको दौरान विमेन्स ब्ल्याक फेडरेशनका सदस्यहरु घाइते तथा पीडित परिवारको सहयोगमा अहोरात्र जुटेका थिए। फलस्वरुप सरकारद्वारा विन्नी मण्डेला लगायत दर्जनौं महिला नेतृ, सामाजिक कार्यकर्ता, नर्स, शिक्षिका, पत्रकारहरुलाई "भड्कावेवाज" को आरोपमा वन्दी वनाईएको थियो।

चार वर्षपछि केपटाउनमा युनाइटेड विमेन्स अर्गनाईजेशन (युडव्ल्युओ)को स्थापना भयो। त्यस संगठनको भनाइ थियो- "हामी राजनीतिक मुद्धाबाट अलग रहन सक्दैनौं किनभने यी हाम्रा दैनिक जीवन हुन्। मौलिक अधिकार प्राप्तीको संघर्षमा एक हिस्साको रुपमा हाम्रो स्थान रहनै पर्छ।" यसैबीच विमेन्स फेड्ले पनि आफूलाई पुनरुत्थान गरायो - फेड्स (FEDSAW) को नाममा। र, सन् १९८१ मा मण्डेला छुटाऊ अभियान संचालन गर्दै नेल्सन मण्डेलालगायत सम्पूर्ण राजनीतिक बन्दीहरुको रिहाईको माग गर्नेहरुमा फेड्स पनि थियो। यस वाहेक मृत्यु दण्डका सजाय पाएका एएनसी सदस्यहरुको जीवन बचाउन, तिनीहरुको परिवारप्रति समर्थन जुटाउन जनतामाझ पुग्ने अभियानमा यो संगठन जुटेको थियो। त्यतिबेला खुलेका अन्य महिला संगठनहरुमा, "ब्ल्याक विमेन युनाईट" (१९८१) र "नाताल अर्गनाइजेशन अफ विमेन" (१९८३) थिए।

सन् १९५५ मा स्थापना भएको गोरा महिलाहरुको संगठन ब्ल्याक सास (Black Sash) मूलत: अनुसन्धान र प्रोपोगाण्डामा सीमित थियो र आफूहरुले सुखद, व्यवस्थित जीवन व्यतित गरे पनि रङ्गभेदी शासनद्वारा काला बहिनीहरुमाथि थोपरिएको निर्दयतालाई स्विकार गर्न सक्दैनथ्यो। त्यसैले यो संगठनले मौन विद्रोहको बाटोलाई पछ्याएको थियो। यस बाहेक, सोवेतो हत्याकाण्डका कारण चिन्तित गोरा महिलाहरुका माझबाट अन्य महिला संगठनहरु पनि देखापर्न थाले। त्यस्तै एक संगठन जन्मियो "विमेन फर पिस"।

अफ्रिकी महिला आन्दोलनको सन्दर्भमा हिल्डा बर्न्सटीनले रङ्गभेदी शासन वहाल रहेकै बेला पन्ध्र वर्षअघि लेखेकी थिइन्- रङ्गभेदी शासन व्यवस्थामा दक्षिण अफ्रिकी उत्पीडित महिलाहरुले आफ्ना लक्षलाई आधुनिक औद्योगिक समाजमा आफ्ना कानुनी अधिकार प्राप्तिमा मात्र सीमित राख्न सक्दैनन्, न उनीहरु पुरुष आधिपत्य-विश्वमा केही सुविधाका साथ आफू उठ्ने आशा नै राख्न सक्छन्। यसको साटो उनीहरु जातिय शोषणको सम्पूर्ण आधारलाई नै खत्तम पार्न र महिला-पुरुष दुवैको स्वतन्त्र विकासको सम्भावना खोल्नका लागि नै आन्दोलनमा लागेका छन्। यो कुरा यो समझदारीमा आधारित छ कि- महिला मुक्तिको सवाल सामान्य रुपमा कानुनमा सुधार गर्ने या पुरुषको प्रवृत्तिमा परिवर्तन गर्ने सवाल मात्र होईन। यो त सबैका लागि स्वतन्त्रता र न्यायतर्फ समाजलाई आधारभुत रुपमा पुनर्संगठित गर्ने सवाल नै हो।

हिल्डा ब्रर्न्सटीनले यो पंक्ति लेखेको १० वर्ष बित्दा-नवित्दै दक्षिण अफ्रिकामा रङ्गभेदी शासन व्यवस्था ढलिसकेको छ। अफ्रिकी महिला आन्दोलनले राष्ट्रिय मुक्ति आन्दोलनको आफ्नो लक्षलाई गौरवशाली तथा वलिदानी संघर्षकारण हासिल गरिसकेको छ।

अन्त्यमा, हिल्डाकै यी शव्द : दक्षिण अफ्रिकी महिलहरुले लामो यात्रा तय गरेका छन्, लामो यात्रा तय गर्न बाँकी नै छ।

(हिल्डा बर्न्सटीनको जन्म सन् १९१५ मा लण्डनमा भएको हो। १९३४ मा उनी दक्षिण अफ्रिकामा गएकि थिइन् र राजनीतिक रुपमा सक्रिय भएकी थिईन्। उनले त्यहाँ कम्युनिष्ट पार्टीको जोहानेसवर्ग सिटी काउन्सीलको एक मात्र कम्युनिष्ट सदस्यको रुपमा तीन वर्ष काम गरेकी थिइन्। अफ्रिकी खानी मजदुरलाई सहयोग पुऱ्याएको आरोपमा हिल्डालाई १९४६ मा गिरफ्तार गरियो। ५० को दशकमा उनी फेडरेशन अफ साउथ अफ्रिकन विमेनको सक्रिय सदस्य थिइन्। आपत्कालीन स्थिति लागू भएको बेला १९६० मा उनी कैदमा परिन्। १९६४ मा उनले दक्षिण अफ्रिका छोडिन् र ब्रिटेनमा बसिन्। यो लेख हिल्डाको कृति "फर देयर ट्रम्फ्स एण्ड फर देयर टियर्स: विमेन इन एपर्थाइड साउथ अफ्रिका"को आधारमा तयार गरिएको हो।)

मानवअधिकार शिक्षा र इन्सेक

◀ देविका तिमिल्सिना ◀

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार शिक्षालाई कार्यक्रमको प्रमुख अंग बनाएको छ। मानवअधिकार शिक्षाको कुरा गर्दा इन्सेकले देशमा विद्यमान अशिक्षा, गरीबि र रुढीग्रस्त परम्पराको सोचले पीडित जनताको चेतना अभिवृद्धि गर्नुपर्ने कुरालाई लक्षित गरेको छ। जनताको सचेतनताबाट मात्र मानवअधिकारको संरक्षण र विकास गर्न सकिन्छ भन्ने धारणा इन्सेकले राखेको छ। इन्सेकले वर्तमानमा आफ्ना कार्यक्रमहरु रेडियो नेपालमा मानवअधिकार शिक्षा भनेर गरेको होस् वा जनस्तरमा मानवअधिकार शिक्षा भनेर संचालन गरिने ग्रामीण तहको मानवअधिकार शिक्षाको कार्यक्रम होस् यी सबैमा सचेतना अभिवृद्धि गर्ने विषयवस्तुलाई नै छनौट गरिएको हुन्छ।

अहिले पनि देशमा जातीय भेदभाव छ। छुवाछूत प्रथाले ल्याएको परम्परावादी मनुवादी सामाजिक संरचना भत्केको छैन। यसले समाजलाई विखण्डन गरेको छ। जबसम्म समतामूलक समाजको निर्माण हुँदैन तबसम्म नेपालका तमाम उत्पीडित उपेक्षित करीब २० प्रतिशत जनसंख्या मानवअधिकार उपभोग गर्नबाट वञ्चित रहने छन्। यत्रो संख्याको मानव चेतना अहिलेसम्म उठ्न नपाउनु र उठेको चेतनाले पनि सामाजिक मान्यता नपाउनुले दलित जनजातिहरु मानवअधिकारबाट वञ्चित छन् भन्ने स्पष्ट संकेत देखिन्छ। देशमा विद्यमान ६० प्रतिशत भन्दा बढी गरीबिको रेखामुनी बाँच्न विवश जनसंख्याको ठूलो भागमा यिनै तथाकथित अछुत वर्गहरु, उत्पीडित जनजातिहरु, उपेक्षित वर्गका ग्रामीण, जनताहरु र देशको आधाभन्दा बढी जनसंख्या रहेको महिलाहरु पर्दछन्। भावी समुन्नत समाजको परिकल्पना गर्दा महिलाहरुको सामाजिक मान, मर्यादा र सहभागितामा वृद्धि हुनु पर्दछ भन्ने कुरामा कतै मतभेद पाइन्न अपितु व्यवहारमा त्यसलाई राज्यले अंगिकार गरेको छैन। तदनुरुप ऐन कानुनहरु बनेका छैनन्। महिलाहरुको पैतृक सम्पत्ती माथिको अधिकारमा कानुनी मान्यता प्राप्त छैन। सरकार ओठे भक्तिले महिला मुक्तिको कुराहरु गरिरहेको छ तर साँच्चै महिला मुक्तिमा उसको ध्यान जान सकेको छैन अर्थात् गर्न सकेको छैन। राष्ट्रिय उत्पादनका हरेक क्षेत्रहरुमा जनताको समान पहुँच हुनुपर्दछ। स्रोत र साधनमा जनताको हक अधिकार हुनुपर्दछ। यसले मात्र जनताको मानवअधिकारको रक्षा हुन सक्दछ। आर्थिक समुन्नति र राष्ट्रिय सम्पत्ती माथिको भेदभावले मानवअधिकार हनन हुन दिदैन। जनताको सामाजिक सहभागितामा अभिवृद्धि गरेर हरेक तह, तप्का र वर्गका जनताको समान सहभागिता हुनुपर्छ भन्ने धारणा हाम्रो छ। हामी समाज भित्रको उत्पीडनलाई प्याज छोडाए झैं छोडाएर सरल बनाउन चाहन्छौं। शताब्दीयौं देखि जरा गाडेर बसेको रुग्ण जीर्ण शीर्ण परम्परावादी सोचमा वैज्ञानिक चिन्तनको पूट दिन चाहन्छौं। युग सम्मत समाजको उन्नती समकालिन नवीन धाराहरुलाई समेटेर जान सकेमा मात्र हुन सक्छ भन्ने चेतनालाई छरेर जनताको उन्नत विचारलाई बाहिर ल्याउन सक्नु पर्छ। यसो गरेमा मात्र जनताले साँच्चै सामाजिक अधिकारहरुको उपभोग गर्न सक्नेछन् भन्ने हामीलाई लाग्दछ।

सांस्कृतिक अधिकारको हिसाबले मन्दिर पस्न पाउने र नपाउने हिन्दूहरु बीचको भिन्नताले धार्मिक आस्थामाथि नै पारेको प्रभावको अध्ययन गर्नु जरुरी छ। जनताहरु आफ्ना आस्था र परम्पराको आध्यात्मिक भावनाबाट नभड्किउन् भन्ने सोच राखेर सांस्कृतिक अधिकारको उपभोगमा सबै जनताको समान पहुँच हुनुपर्छ भन्ने चेतना इन्सेक दिन चाहन्छ। त्यसैले इन्सेकले संचालन गरेको मानवअधिकार शिक्षा धार्मिकवाद भन्दा पृथक छ र यसले धार्मिक निरपेक्षताका लागि जनतामा चेतनाहरु अभिवृद्धि गर्न चाहन्छ।

यसैगरी आर्थिक संरचनाले जनताको आर्थिक स्तरमा पुऱ्याउने भिन्नता र आय आर्जनको होचो अग्लोले पार्ने खाडलको दूरी जसम्म साँघुरो र अझै समान बनाउने तहसम्म जाँदैन तबसम्म मानवअधिकार उल्लंघन भइनै रहन्छ। हुनेखाने र हुँदा खाने वर्गहरु बीचमा हुने श्रमको शोषण, शिक्षा, स्वास्थ्य र समृद्धिमा पार्ने प्रभावले मानवअधिकारको उल्लंघन भइनै रहेको हुन्छ। आर्थिक अधिकार जनताको तहसम्म पुऱ्याउन राष्ट्रिय उत्पादनको वितरण प्रणालीमा सुधार र सबै जनतामा समान वितरण हुनुपर्छ भन्ने धारणा हामीले राखेका छौं। अन्तर्राष्ट्रिय पुँजीवादले ल्याएको राष्ट्रमाथि राष्ट्रको शोषणले आर्थिक विकृति र विसंगतिलाई बढावा दिन्छ। यी विकृति र

विसंगतिलाई रोक्न बहुराष्ट्रिय निगमहरुको लगानी रोक्नु पर्दछ र मुनाफाखोर चर्को व्याजदरमा राष्ट्रलाई ऋणको मारमा पार्ने आर्थिक संस्थाहरुसंग राष्ट्रले ऋणलिन हुन्न यसो गर्दा जनताको आर्थिक अधिकारको प्रत्याभूति दिन सकिन्न भन्ने चेतना मानवअधिकार शिक्षा मार्फत् दिनु पर्दछ।

मानवअधिकार समाजको परिवर्तन र समृद्धिसंगै सापेक्षतामा हुर्किएर अगाडि बढिरहेको हुन्छ। समाजलाई अग्रगति नदिई मानवअधिकारले अग्रगति पाउन सक्दैन। समाजलाई अग्रगतिमा धकेल्नु भनेको पछाडि परेको वा किनारामा परेको वर्गलाई समेत संगै मुल प्रवाहमा लिएर अगाडि बढ्नु हो। यसरी संगै अगाडि बढाएर लिएर जानका लागि विभिन्न बाधक तत्वहरु खडा भएर रहेका छन्। यी बाधक तत्वहरु विरुद्ध संगठित आवाज उठाएर पन्छाउँदै अगाडि बढाउने मानसिक सोचलाई हामी सचेतनता अभिवृद्धि कार्यक्रम भन्दछौं।

मानवअधिकारलाई अग्रगतिमा लान अवरोधका रुपमा रहेका तत्वहरु :

१. परम्परावादी जीर्ण सामन्ती सोच
२. रुढीवादी सामाजिक संरचना
३. अशिक्षा
४. गरीबि

कतै पितृसत्तात्मक सोचले महिला माथिको दमनलाई वैधता दिन्छ। कतै महिलालाई बोक्सी, डंकिनी आदि भनेर अमानवीय व्यवहार समाजले गर्छ। कतै महिला पोइ टोकुवा हुन्छे र परिवारमा पीडा खप्छे। यसैका विरुद्ध लक्षित छ इन्सेकको सचेतना कार्यक्रमहरु।

बालबालिकाहरु शिक्षा र स्वास्थ्यको आवश्यकताबाट वंचित छन्। अनिवार्य र निशुल्क शिक्षाको लागि कामहरु हुनुपर्छ। त्यसका लागि आवाजहरु उठ्नु पर्छ। शिक्षामा धनी गरीब बीचको शैक्षिक धरातल बनेको छ। धनीका छोराछोरीहरु र गरीबहरुले पढ्ने विद्यालयहरु फरक फरक छन्। पद्धति र सिकाइका तरिकाहरु फरक छन्। एउटाले अत्याधुनिक पद्धति र तरिकाहरु सिक्छ भने अर्कोले उही सरकारी विद्यालयको घिसिपिटी शिक्षा पाउँछ। यसरी भविष्यका तारा भनिने बालकहरु हुर्किंदा खेरी नै गरीब धनीको अनुभूतिबाट हुर्कन्छन्। जसले असन्तोष र विद्रोहको जन्म गराउँछ। त्यसैले यसका विरुद्ध अभियानहरु संचालन गर्नुपदृछ र "शिक्षामा समान अधिकार आजको बालबालिका भोलिका कर्णधार" भन्ने नारा सहित शैक्षिक क्षेत्रमा एक स्तर (गुणस्तर) कायम गर्नेतिर सरकार, जनता र शिक्षाविद्हरुको ध्यानाकर्षण गराउनु पर्दछ भन्ने इन्सेकले सोचेको छ।

स्वास्थ्य स्थितिको वर्तमान अवस्था हेर्दा यो साह्रै नै दयनीय र भेदभावयुक्त छ। शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा अत्यन्त दुरावस्थामा रहेको छ। ग्रामीण तहको जनताहरु आधारभूत स्वास्थ्यको अभावमा पीडित छन् र अकालमै जीवन बिताइरहेका छन्। कैयौं आमाहरु सुरक्षित प्रसुतीको सुविधाबाट वंचित भएकाले शिशु जन्माउने क्रममा असामयिक मृत्युवरण गर्न बाध्य छन्। ग्रामीण तहमा प्रसुती केन्द्रहरु स्थापना गर्न सरकारलाई दबाब दिनु जनताको स्वास्थ्य सम्बन्धी अधिकारको लागि जनतालाई नै शिक्षित बनाउनु हो। इन्सेक जनताको स्वास्थ्य सम्बन्धी अधिकारमा उनीहरुको सचेतना अभिवृद्धि गराउन मानवअधिकार शिक्षाको माध्यमबाट अगाडि बढिरहेको छ।

कमैयाहरु माथिको शोषण समाप्त गर्न इन्सेकले उठाएको अभियान उनीहरुको मुक्तिको घोषणाले सफलतामा त टुँगियो तर सरकारी पक्ष अत्यन्त अमानवीय, अविवेकी र जनताको भोजन, आवास र लत्ताकपडा प्रति चिन्ता रहित भएकाले उनीहरु कठिन जीवन भोग्न बाध्य भइरहेका छन्। इन्सेक ती मुक्त कमैयाहरुले कृषि श्रमिकको रुपमा कृषि क्षेत्रमा उचित ज्याला सहित काम गर्न पाउनु पर्छ भन्ने मान्यता राख्दछ। उनीहरुको खाना, नाना र छानाको प्रबन्ध सरकारले गर्नुपर्छ र त्यसका लागि पुनर्वास कार्यक्रम तत्काल संचालन गर्न दबाब सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिरहेको छ। यसैगरी उनीहरुका आश्रित परिवारजनहरु माथि गरिएका सबैखाले शोषणहरु बन्द गर्न र सबैलाई रोजगारी दिन सिपमुलक कार्यक्रमहरु सरकारले संचालन गरोस् भनी दबाब दिइरहेको छ।

बालबालिकामाथि हुने श्रमको शोषण, यौनको शोषण, बेचबिखन र ओसार पसारहरु रोकी उनीहरुको बालापनको संरक्षणका लागि सरकारले काम गर्नु पर्दछ भनी इन्सेकले अभियानहरु संचालन गरेको छ।

अन्त्यमा इन्सेकले संचालन गरेका मानवअधिकार शिक्षा तथा सचेतन कार्यक्रमहरुले जनताका विभिन्न तहमा मानवअधिकारप्रति सजग र सचेत गराउने काम गरेको छ। मानवअधिकारको रक्षा र सम्बर्द्धनका लागि राष्ट्रले खेल्नु पर्ने भूमिकाहरुका बारेमा यी सचेतन कार्यक्रमहरु मार्ग निर्देशन बन्न सक्दछन्। भनाइ छ उपदेश वा शिक्षा लिनाले लाग्दछ दिएर वा कराएर मात्र केही हुँदैन। जनताको तहमा मानवअधिकार शिक्षा तथा सचेतनका यस्ता कार्यक्रमहरु स्वीकार्य भएकाले उनीहरुले सचेतनता साथ ग्रहण गनरेका छन् तर सरकार यी सबै कुरा ग्रहण गर्न अर्थात् स्वीकार्न मान्दैन जसले गर्दा मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा कठिनाइ उत्पन्न भएकै छ। हामी चाहन्छौं सरकारको शिक्षा, स्वास्थ्य, आर्थिक प्रणाली आदिमा नीतिगतरुपमा मानवअधिकारको दृष्टिकोणबाट कार्यक्रम बन्नु पर्दछ तबमात्र मानवअधिकार शिक्षा तथा सचेतन कार्यक्रमहरु सफल भएको ठानिने छ। त्यसैले अहिलेसम्मका प्रयासहरुले त्यसतर्फ उन्मुख गराउने काम मात्र भएको छ भन्दा अत्युक्ति नहोला।

सशस्त्र संघर्षको अवस्थामा सञ्चार

◀ कृष्ण गौतम ◀

विषय प्रवेश

एक्काइसौं शताब्दी सूचना तथा सञ्चारको शताब्दी हो भन्दा अत्युक्ति नहोला। आज यस क्षेत्रमा भएका विकासले संसारलाई साँघुरो बनाएको छ। विश्वको कुनै एउटा कुनामा भएको कुनै घटनाबारे क्षणभरमै विश्वका हरेक कुनामा बसेर थाहा पाउन सकिन्छ। यसले गर्दा सञ्चारको प्रभावकारिता दिन प्रति दिन बढ्दै गइरहेको प्रष्ट हुन्छ।

प्रजातन्त्रको प्रमुख उपलब्धी अभिव्यक्ति स्वतन्त्रता हो। मान्छेले आफ्नो ब्रम्हले देखेको कुरा बोल्न र लेख्न पाउनु पर्छ। अभिव्यक्ति स्वतन्त्रताको अभावमा अन्य सम्पूर्ण अधिकारहरू अर्थहीन हुन जान्छन् र प्रजातन्त्र नै अपाङ्ग बन्न पुग्दछ।

प्रजातन्त्रमा आम सञ्चार जगतलाई राज्यको चौथो अंगको रूपमा लिने गरिन्छ। यसले प्रेस जगतलाई दिइएको महत्वलाई दर्शाउँछ। आम सञ्चार (प्रेस) ले राज्य, समाज र अन्य सम्बद्ध पक्षबाट प्राप्त गर्ने सम्मान र अधिकार जति महत्वपूर्ण छ, त्यति नै आफ्नो दायित्वप्रति सचेत र कर्तव्यनिष्ठ हुन सक्नु पर्दछ। सत्य र निष्पक्ष सूचना प्रवाहका माध्यमबाट प्रेसले जनमत निर्माण गर्न महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। मानवअधिकार उल्लंघनका घटनाहरू समाचारको रूपमा प्रेसबाट नै सार्वजनिक हुने भएकाले पनि प्रेस जगतलाई मानवअधिकारको पहिलो संस्था पनि भन्ने गरिन्छ।

अहिले देशमा आन्तरिक द्वन्द्वको रूपमा देखा परेका नेकपा (माओवादी) द्वारा ०५२ फागुन १ गतेदेखि संचालित "जनयुद्ध" का नाममा देशमा करिब १ हजार ५ सय व्यक्तिहरूको ज्यान गइसकेको छ। हिंसा-प्रतिहिंसाका घटनाहरू दिन प्रतिदिन बढ्दै गइरहका छन्। यस्तो अवस्थामा सञ्चार क्षेत्रले कस्तो भूमिका खेलिरहेका छन् र कस्तो भूमिका खेलिनु पर्छ? सरकार र माओवादी पक्षबाट सञ्चारलाई नियन्त्रण र प्रभाव पार्न के कस्ता काम कारवाहीहरू भइरहेका छन्? यस बारेमा यहाँ संक्षिप्त रूपमा चर्चा गर्ने जमर्को गरिएको छ।

सूचना र अभिव्यक्ति : संवैधानिक र कानूनी प्रावधान

हाम्रो देशले अनुमोदन गरिसकेका अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरू मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६२ को धारा १९ ले नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई ग्यारेण्टी गरेका छन्। त्यसैगरी नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक अधिकार अन्तर्गत अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी दिएको छ। संविधानको धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक अनुसार (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन। (२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामाग्री मुद्रण गरेवापत छापाखाना बन्द वा जफत गरिने छैन। (३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामाग्री मुद्रण गरेवापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन। त्यस्तै धारा १६ मा पनि सूचनाको हकको प्रावधान छ।



सञ्चारमा जनयुद्ध

नेकपा (माओवादी) द्वारा संचालित "जनयुद्ध" शुरू भएयता यसले सञ्चार माध्यमहरूमा निकै चर्चा पाएको छ। जनयुद्ध संचालक नेकपा (माओवादी) बाट "जन कारवाही" वा "सैन्य कारवाही" का नाममा गरिएका घटनाहरू हुन वा "जनयुद्ध" लाई दमन वा नियन्त्रण गर्ने नाममा राज्य पक्षबाट गरिएका कुनै "कानूनी कारवाही" का घटना हुन्, सबैले सञ्चारमा स्थान पाएका छन्। जनयुद्धका बारेमा समाचार, टिप्पणी, लेख वा सम्पादकीय लेखिँदै आइरहेका छन्। राजनीतिक पार्टीहरूका वैठक हुन्, या आमसभा वा अन्य कुनै प्रशिक्षण कार्यक्रम, त्यहाँ कुनै न कुनै रूपमा चर्चा या विश्लेषण हुने गर्दछ र समाचार बन्ने गर्दछन्। तर समग्रमा मूल्यांकन गर्ने हो भने केही पत्रपत्रिकाहरूले कि त सतहमा आएका कुराको आधारमा समाचार/टिप्पणी गर्ने गर्दछन् कि यस विषयमा एकदमै चिसो रहन्छन्। सरकारी संचार माध्यमहरूले कतिपय घटनाहरूमा एकपक्षीय ढंगले समाचार सम्प्रेषण गर्ने तथा भ्रामक समाचारहरू समेत प्रकाशित गरेको पाइन्छ। केही पत्रपत्रिकाहरू जनयुद्धको क्रममा माओवादीका तर्फबाट भएका जुनसुकै घटनाहरूको समर्थनमा प्रस्तुत हुन्छन् भने केही पत्रपत्रिकाहरू यसको विरूद्धमा देखिन्छन्। यी दुवै प्रकृतिले जनयुद्धको बारेमा आम जनतामा सही सूचना प्रवाह हुन सकिरहेको छैन। यसले गर्दा जनता "जनयुद्ध" को बारेमा अन्यौलमा परिरहेका छन्।

रेडियो नेपालबाट माओवादी जनयुद्धसम्बन्धी गलत सूचना प्रवाह भएको उदाहरणहरू प्रशस्त भेट्न सकिन्छ। रेडियोबाट प्रशारण भएको कुरालाई आधार मान्ने हो भने कालिकोट जिल्ला अहिले माओवादी कमाण्डरविहिन भैसकेको हुन्थ्यो होला।

तर पनि यस सवालमा प्रेस जगतका कतिपय नकारात्मक पक्ष मात्र नभएर कतिपय प्रशंसायोग्य, राम्रा र सकारात्मक पक्षहरू पनि छन्। केही पत्रपत्रिकाहरूले घटनाको वस्तुस्थितिको यथार्थ अध्ययन गर्ने, हत्या तथा वेपत्ताका घटनाहरूबारे सक्दो सूचना सम्प्रेषण गर्ने, कतिपय अवस्थामा घटना हुने वित्तिकै तुरून्त घटनास्थलमा पुग्ने गरेको पाइन्छ। डोल्पाको दुनै घटनाका सम्बन्धमा कान्तिपुर दैनिकले गरेको स्थलगत अध्ययन, कान्तिपुर, समाचारपत्र आदि पत्रिकामा दिने गरिएको

घटनाका पीडितहरूको "विलाप" वा उनीहरूको "पीडाजनक भनाई" आदि लाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ। त्यसैगरी विभिन्न पत्रपत्रिकाहरूले जनयुद्धका सम्बन्धमा नागरिक समाज तथा मानवअधिकार संस्थाहरू र अन्य सामाजिक पक्षबाट भएका विभिन्न क्रियाकलापहरू र समस्या समाधानका लागि दिइएका अभिव्यक्तिहरूका बारेमा समाचार सम्प्रेषण गर्ने गरेका छन्। यसका अलावा सम्पादकीयका माध्यमबाट समस्या समाधानका लागि दुवैपक्षसँग आग्रह पनि गर्ने गरिएको छ।

हाम्रो भूमिका

नागरिक समाज या मानवअधिकार संस्थाहरू पनि सञ्चारका क्षेत्रमा काम गर्दै आइरहेका छन्। यसैक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकारसँग प्रत्यक्ष/परोक्ष सरोकार राख्ने हरेक घटनाहरूलाई अध्ययन गर्दै आइरहेको छ। देशभरमा रहेका यससँग सम्बन्धित मानवअधिकार रक्षकहरूले नै यसका लागि सञ्चारकर्मीको रूपमा काम गर्दै आइरहेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि हरेक वर्ष मानवअधिकार वर्ष पुस्तक, ३-३ महिनामा मानवअधिकार स्थिति सूचक प्रकाशित गर्दै आएको छ। यस वर्षदेखि मानवअधिकार उल्लंघनका गंभीर प्रकृतिका घटनाहरूलाई तत्काल "घटना सूचना" को नाममा प्रकाशन र सम्प्रेषण गर्ने गरेको छ। मानवअधिकार वर्ष पुस्तकभित्र जनयुद्ध वा अन्य कारणबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरू नियमित रूपमा आइरहेका छन्। मानवअधिकार वर्ष पुस्तक १९९६ र १९९९ मा माओवादी जनयुद्धसम्बन्धी विशेष सामाग्रीहरू परिच्छेद र अनुसूचीअन्तर्गत समावेश गरिएका छन्।

केही पत्रपत्रिकाहरु जनयुद्धको क्रममा माओवादीका तर्फबाट भएका जुनसुकै घटनाहरुको समर्थनमा प्रस्तुत हुन्छन् भने केही पत्रपत्रिकाहरु यसको विरुद्धमा देखिन्छन्। यी दुवै प्रकृतिले जनयुद्धको बारेमा आम जनतामा सही सूचना प्रवाह हुन सकिरहेको छैन। यसले गर्दा जनता *जनयुद्ध* को बारेमा अन्यौलमा परिरहेका छन्।

माओवादी र सरकार दुवै पक्षबाट असंलग्न सूचना सम्प्रेषण गर्न निश्चितै रूपमा सजिलो काम भने छैन। ती दुवै पक्ष आफ्नो तर्फबाट भएका घटनाहरूको बारेमा सही रूपमा सूचना प्रवाह गर्न पनि चाहँदैनन्। त्यसले गर्दा पनि तटस्थ भएर सूचना संकलन र सम्प्रेषण गर्ने काममा वाधा पर्ने गरेको छ। इन्सेक केन्द्रलाई तत्काल तथ्य र विस्तृत रूपमा प्राप्त हुने सूचनाहरूले घटनालाई आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा पुऱ्याई दबाब सिर्जना गर्न मद्दत पुग्ने गरेको छ।

माओवादी जनयुद्ध भनौं या उनीहरूले बन्दूक बोकेर हिंड्नु पछाडि रहेको कारणको खोजी आम सञ्चारका माध्यमहरूले राम्रोसँग गर्न सकेको पाइएको छैन। मानवअधिकार हननका विविध पक्षसँग जोडेर माओवादी जनयुद्ध र विद्रोही भावनाको अध्ययन गर्दै त्यस धरातलमा पुगेर रिपोर्टिङ् गर्न इन्सेक प्रयास गर्दैछ तर समग्र धरातलमा भने पुग्न सकेको छैन।

त्यसका लागि बाधक तत्वहरु :

१. राज्य २. माओवादी ३. पीडित भित्रको त्रासको मानसिकता।

माओवादी जनयुद्ध शुरू हुनुअघिका वर्ष पुस्तकहरू १९९२ देखि १९९५ सम्ममा यसले अब मुलुकमा हिंसात्मक आन्दोलन हुन सक्ने खतराको बारेमा "जनाउ (warning)" दिइसकेको थियो। जनयुद्धले सबैभन्दा पहिलेदेखि नै प्रभावित जिल्ला रोल्पा र रूकुममा त्यसताका भएका प्रतिपक्षी खास गरी संयुक्त जनमोर्चाका कार्यकर्ता र समर्थकहरूमाथि भएका अत्यन्तै अमानवीय र अमानवीय र भेदभावपूर्ण व्यवहारलाई हेर्ने हो भने स्थिति विष्फोटक हुने खतराको संकेत पाइसकिएको थियो। (हेर्नुहोस् : शिर्षक *"प्रजातन्त्र प्राप्तिपछि जनयुद्ध शुरू हुनुभन्दा पहिलेको रोल्पा र रूकुम"*)

तथापि, त्यसतर्फ न त पत्रपत्रिकाहरूमा गंभीर ढंगले कुराहरू उठे न सरकारले नै सुन्यो। त्यसैको परिणाम आज देशमा दिन प्रतिदिन हिंसात्मक घटनाहरू बढ्दै गइरहेका छन्। समयमै सञ्चार क्षेत्रबाट यसका बारेमा जानकारी/दबाब सिर्जना हुन सकेको भए स्थिति अर्कै पनि हुन सक्थ्यो कि? त्यसो हुन नसकेकाले पनि जनयुद्ध भन्ने वित्तिकै मार्ने/काट्ने भन्ने सन्त्रास आम नेपाली जनताका मनमा रहने थिएन कि?

प्रजातन्त्रको प्राप्तिपछि जनयुद्ध शुरु हुनुभन्दा पहिलेको रोल्पा र रुकुम

- रोल्पाको सदरमुकाम लिवाङमा ०४९ मंसिर १ गते नेकपा (मसाल) ले विरोध सभाको आयोजना गरेको थियो। सो कार्यक्रमलाई नेता चित्रबहादुर के.सी. ले सम्बोधन गर्नुभएको थियो। उक्त कार्यक्रमबाट चित्रबहादुर के.सी., स्थानीय राजकुमार कक्षपतिलगायत् दर्जनौं कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिएका थिए। साथै सो क्षेत्रमा भाषण, जुलुश तथा आमसभामाथि निषेधाज्ञा जारि गरिएको

थियो। *(मानवअधिकार वर्ष पुस्तक १९९२)*

- दुविडाँडा गाविस-४ जसपुर बस्ने पूर्णबहादुर वि.क.लाई फरक मत राखेको कारण नागरिकता दिइएन। *(सोही वर्ष पुस्तक)*
- रूकुम हुकाम गाविसका वीरबहादुर बुढाले प्रजातन्त्र प्राप्तिपछि पनि गाउँलेहरूबाट अनेक वहानामा कर असुल्दै आएका थिए। सोको विरोधमा स्थानीय वासिन्दाहरूले ०४९ मंसिर ७ गते जुलुश प्रदर्शन गरी स्थानीय प्रहरी चौकीमा विरोधपत्र दिएर फर्किरहेको अवस्थामा वीरबहादुर बुढाको घरबाट गोली चल्यो। तर स्थानीय प्रशासनले जिविस सदस्य ओमबहादुर घर्तीसमेत २७ जनालाई सार्वजनिक अपराधको मुद्दा लगायो। वीरबहादुर पञ्चायत कालमा प्रधानपञ्च थिए र पछि नेपाली काँग्रेसमा प्रवेश गरेका थिए। *(सोही वर्ष पुस्तक)*
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ०४९ वैशाख १३ गते मुसिकोट पुग्नु हुँदा सो जिल्लाका सांसदको अगुवाईमा विरोधस्वरूप कालो झण्डा देखाइयो। सो कार्यक्रमबाट २७ जनालाई पक्राउ गरी सार्वजनिक अपराध मुद्दा लगाइयो। *(सोही वर्ष पुस्तक)*
- रोल्पा सुलिचौरका मुक्तबहादुर घर्तीलाई ०५० पुस १० गते सिडिओ अब्दुल रईस खाँले गाडीमा हालेर कुटपिट गरी बेहोस बनाएर भालुखोलाको जंगलमा फ्याँकेका थिए। पीडित अदालतमा मुद्दा दिन जाँदा सिडिओ विरूद्धको मुद्दा दर्ता नै भएन। *(मानवअधिकार वर्ष पुस्तक १९९३)*
- संगठनपक्षीय शिक्षकहरूलाई विभिन्न मुद्दा लगाइयो। यसैक्रममा शिक्षक विष्णुप्रसाद पोखेललाई जिल्ला छोड्ने आदेश दिइयो। *(सोही वर्ष पुस्तक)*
- रोल्पा गैरीगाउँ गासिमा ०५० असोज २१ र २२ गते प्रहरीको संरक्षणमा नेपाली काँग्रेसका कार्यकर्ताहरूले वीरबहादुर डाँगी, अमरराज बुढा र तुल्सीराम बुढालाई पक्राउ गरे। अमरराज खुकुरी प्रहारबाट घाइते भए भने वीरबहादुरकी ७५ वर्षीय बुढी आमा पनि आक्रमणबाट घाइते भइन्। नेकाँका कार्यकर्ताहरूसमेत प्रहरीको पोशाकमा गएका थिए। नुवागाउँमा चन्द्रबहादुर थापा असई र अम्परबहादुर हवल्दार बनेका थिए। *(सोही वर्ष पुस्तक)*

- रोल्पा जिल्ला इरिवाङ गाविस अन्तर्गत पर्ने स्थानीय मेलामा ०५१ मंसिर ९ गते प्रहरीहरूले संजमो नेपाल भट्टराई पक्षका कार्यकर्ता नन्दकिशोर पुनलाई पक्राउ गर्ने भनी मेलाभित्र पसी मादल बजाउँदै नाच्दै गरेका नन्दकिशोरलाई गोली प्रहार गरे। प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा राङ्सी गाविसका लोकबहादुर घर्ती र इरिवाङका मनबहादुर पुनको घटनास्थलमै मृत्यु भएको थियो। *(मानवअधिकार वर्ष पुस्तक १९९४)*
- जिल्ला भूसंरक्षण कार्यालय रोल्पाका लेखापाल देवराज पोखेललाई ०५१ भदौमा मूल्यांकन मासिक पत्रिका ल्याएर पढेको आरोपमा सिडिओ अब्दुल रइस खाँले स्पष्टिकरण लिएका थिए। *(सोही वर्ष पुस्तक)*

माओवादी जनयुद्ध भनौं या उनीहरूले बन्दूक बोकेर हिंड्नु पछाडि रहेको कारणको खोजी आम सञ्चारका माध्यमहरूले राम्रोसंग गर्न सकेको पाइएको छैन। मानवअधिकार हननका विविध पक्षसंग जोडेर माओवादी जनयुद्ध र विद्रोही भावनाको अध्ययन गर्दै त्यस धरातलमा पुगेर रिपोर्टिं गर्न इन्सेक प्रयास गर्दैछ तर समग्र धरातलमा भने पुग्न सकेको छैन।

- रोल्पा जिल्ला उवा गाविसकी १६ वर्षीय धनकुमारी घर्तीलाई ०५२ कार्तिक १४ गते प्रहरीले पक्राउ गरे। गाम प्रहरी चौकी पुऱ्याएर त्यसैदिन रातारात हिंडाई १५ गते सुलिचौर पुऱ्याइयो। त्यहाँबाट लिवाङ् पुऱ्याई वयान लिने क्रममा लठ्ठीले हिर्काउने, सिस्नो पानी लगाउने तथा हातले गालामा चट्कन दिए। दिलकुमारी भन्ने अर्की महिलालाई लुङ्गी कम्मरसम्म उचाल्न लगाई गुप्ताङ्गलगायत् शरीरका संवेदनशील अंगमा सिस्नोपानी लगाइयो। त्यसैगरी हात र कम्मरमा लठ्ठीले हिर्काई गुप्ताङ्गमा औंलासमेत कोच्ने काम भयो। *(मानवअधिकार वर्ष पुस्तक १९९५)*
- गाम गाविस-५ मा ०५२ असोज २२ गते लागेको एक मेलामा भएको कुटपिट सम्बन्धी घटनापछि प्रहरीले विभिन्न आरोपमा ३ सय ३९ जनालाई गिरफ्तार गऱ्यो। त्यसमध्ये १ सय ६५ जनालाई साधारण सोधपुछपछि रिहा गरियो भने १ सय ७२ जनालाई विभिन्न मुद्दा लगाइयो। पक्राउ पर्ने अधिकांश संजमो समर्थक थिए। तर संजमोले भने ५ सयभन्दा बढीलाई गिरफ्तार गरिएको बताएको थियो। *(सोही वर्ष पुस्तक)*

सञ्चार माध्यमलाई नियन्त्रण गर्ने प्रयास

माओवादी समस्यालाई निहुँ बनाएर सरकारले प्रेस सेन्सरसिप लगाउनका लागि गत भदौ महिनामा राष्ट्रिय वहस प्रारम्भ गरेको थियो। सिधै "सेन्सरसिप" नभनी उक्त आशयको सुझाव सूचना तथा सञ्चार मन्त्री जयप्रकाश गुप्ताले तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीको उपस्थितिमा विभिन्न

प्रतिपक्षी पार्टी, प्रकाशन समूह, पत्रपत्रिकाका प्रतिनिधि र सम्पादकहरूसमक्ष समग्र छलफलका लागि राख्वेको कुरा पत्रपत्रिका मार्फत् सार्वजनिक गर्नु भएको थियो। सो कार्यक्रममा मन्त्री गुप्ताले हत्या र हिंसाको राजनीतिसँग वैचारिक समानता भएका प्रेसले त त्यो प्रवृत्ती वढाएको थियो-थियो, अन्य प्रेसले पनि अत्यन्त अतिरञ्जनात्मक तरिकाले त्यसो गरेका छन् भन्नुहुँदै त्यसको रोकथामका लागि प्रेसको सीमा तोकिनु पर्ने गरी आचार संहिता तयार गर्नुपर्ने आशय व्यक्त गर्नु भएको थियो। *(कान्तिपुर दैनिक)*

कुनै पनि वहाना वा आधारमा संविधानप्रदत्त अधिकार कुण्ठित गर्न नहुने विचार अन्य राजनीतिक पार्टी तथा पत्रकारहरूले सो कार्यक्रममा उठाएपछि त्यो वहसलाई अगाडि बढाइएको छैन। डेढ वर्ष अघि एउटा कार्यक्रममा माओवादी शब्द प्रयोग भएकोमा रेडियो सगरमाथालाई संचार मन्त्रालयले टेप उपलब्ध गराउने आदेश दिएको थियो। त्यसैगरी माओवादी जनयुद्धको समर्थन गरेको आरोपमा चलचित्र "आगो" लाई सेन्सर वोर्डले प्रतिबन्ध लगाएको थियो। पछि मात्र केही दृश्य पुनः छायांकन गरी र केही पुराना दृश्य हटाई प्रतिबन्ध फुकुवा गरियो। नीजि क्षेत्रका एफ.एम. प्रशारणहरूले समेत कार्यक्रम सेन्सर गरेर "तपाईंको कार्यक्रम प्रशारण गर्दा अफ्ठ्यारो पर्छ" भनेर कार्यक्रम उत्पादकहरूलाई जानकारी दिएको समेत घटनाहरू भएका छन्। माओवादी जनयुद्ध दमन गर्ने वहानामा प्रहरीले नै तयार पारेको आतंककारी गतिविधि नियन्त्रण सम्बन्धी विधेयक ल्याउने तयारी गरिएको थियो। त्यसले पनि संविधान प्रदत्त अभिव्यक्ति र प्रेस स्वतन्त्रतालाई प्रत्यक्षै असर गर्न सक्थ्यो।

प्रेस जगतमा भएको हस्तक्षेप

माओवादी जनयुद्धलाई समर्थन गरेको वहानामा विभिन्न पत्रपत्रिका जफत गर्ने र पत्रकारहरूलाई गिरफ्तार गर्ने काम हुँदै आएका छन्।

काठमाण्डौबाट प्रकाशित हुने जनादेश साप्ताहिकको कार्यालयमा ०५५ पुस २१ गते प्रहरीले छापा मारी पत्रकार तथा जनादेश साप्ताहिकका सल्लाहकार शक्ति लम्साल, अन्य पत्रकारहरू अशोक सुवेदी, धनबहादुर मगर, हरि अधिकारी, सूर्य मगर, रेवती सापंकोटा, इन्द्रेणी अफसेट प्रेसका मालिक ज्ञानेन्द्र मानन्धर र प्रेसका कामदारहरूसमेत १३ जनालाई गिरफ्तार गरे। ललितपुरको भट्टेडाँडा प्रहरी चौकीमा माओवादीले ०५५ पुस १८ गते आक्रमण गरी दुई जना प्रहरीको हत्या गरेको घटनालाई "साहसिक कारवाही" भनेको आधारमा सो कारवाही गरेको प्रहरीले बताएको थियो।

त्यसैगरी जनादेश साप्ताहिकका सम्पादक कृष्ण सेनलाई ०५६ वैशाख ६ गते सुन्धाराबाट प्रहरीले गिरफ्तार गरेकोमा नौ महिनापछि जेलबाट छुटेकोमा प्रहरीले पुनः आफ्नो कब्जामा लिई सिराहा पुऱ्याई अर्को वहानामा मुद्दा लगाई हालसम्म पनि सप्तरी कारागारमा राखिएको छ। त्यस्तै सोही पत्रिकाका व्यवस्थापक मिलन नेपालीलाई ०५६ जेठ ७ गते प्रहरीले पक्राउ गरी वेपत्ता बनाएको छ भने योजना साप्ताहिकका पत्रकार अमर बुढालाई उदयपुरबाट ०५५ चैत २६ गते पक्राउ गरी दाङ जेलमा पुऱ्याइएको छ। विभिन्न मितिमा ज्वाला, योजनालगायत्का साप्ताहिक पत्रिकाका कार्यालयमा प्रहरीले छापा मारेको थियो भने थुप्रै पत्रकारहरूलाई गिरफ्तार गर्ने र घर खानतलासी गर्ने काम भएको थियो।

यस वर्ष मात्र पुनरावेदन अदालत वुटवल र इलामबाट रिहा भएका व्यक्तिहरूलाई प्रहरीले पुनः पक्राउ गर्ने क्रममा त्यहाँ पुगेका पत्रकारहरूमाथि हातपात गर्नुका साथै क्यामरासमेत जफत गरेका थिए।

त्यसो त माओवादीद्वारा पनि पत्रकारहरूलाई ज्यान मार्ने धम्की दिइएका घटानाहरू सार्वजनिक भए। हिमालय टाइम्स दैनिकका कालिकोट सम्वाददाता भरतकुमार शाहीलाई माओवादीका महामन्त्री प्रचण्डद्वारा हस्ताक्षरित पत्रमार्फत् माओवादी गतिविधिका बारेमा लगातार लेख्दै गएमा ज्यान मार्ने धम्की दिइएको थियो। *(Status of Press Freedom and Freedom of Expression in Nepal 2000, Published by CEHURDES)* त्यसैगरी कान्तिपुर दैनिकका हुम्ला सम्वाददाता जयबहादुर रोकायलाई ०५६ कात्तिक २४ गते ९० हजार रूपैयाँ आर्थिक सहयोग गर्नुपर्ने धम्कीपत्र माओवादीद्वारा पठाइएको थियो। *(मानवअधिकार वर्ष पुस्तक २०००)*

माओवादी जनयुद्ध शुरू भएयता प्रहरीबाट ९०३ र माओवादीबाट ४८४ जनाको गरी कूल १३८३ जनाको हत्या भैसकेको छ।

रूकुम जिल्लाको स्वारा गाविसमा ०५६ फागुन १० गते प्रहरीले १६ जना सर्वसाधारण व्यक्तिहरूको हत्या गर्नुका साथै महिलाहरूमाथि दुर्व्यवहार गर्दै गाउँका घरहरूमा आगो लगाई नष्ट गरिएको थियो।

त्यसैगरी कैलाली जिल्लाको उर्मा गाविसको धुर्फन्ना भन्ने ठाउँमा ०५७ जेठ १३ गते माओवादी लुकेको आशंकामा प्रहरीले एक जना किसानको घरमा डिजल/मट्टितेल छर्केर आगो लगाइदिए र त्यसपछि घर भित्रबाट निस्कँदै गरेका १ महिला सहित ६ जना व्यक्तिलाई गोली हानी हत्या गरे।

रोल्पाको हार्जङ गाविस-३ का एक व्यक्तिको घरमा ०५५ फागुन २७ गते माओवादीहरूले आगो लगाई गोली प्रहार गरेर नाबालकसमेत ७ जना व्यक्तिहरूको हत्या गर्नुका साथै २ जनालाई घाइते बनाए।

माथि उल्लेख गरिएका घटनाहरू, निर्दोष नागरिकहरू जो युद्धरत पक्ष होइनन्, उनीहरूमाथि भएका ज्यादतीका केही उदाहरण मात्र हुन्। ती घटनाहरूको सञ्चार (प्रेस) जगतबाट निकै आलोचना गरिएपछि हार्जङको घटनामा स्थानीय तहबाट गल्ती भएको स्वीकार्न माओवादी वाध्य भयो भने स्वाराको घटनामा शुरूमा प्रहरीले माओवादीलाई आरोप लगाए पनि सञ्चारको क्षेत्रमा हामी सबैले गरेको प्रयासपछि प्रहरीबाट्टै सो घटना भएको यथार्थ बाहिर आयो।

सरकार र माओवादी दुवै पक्षबाट नागरिकहरूलाई अपहरण गरी वेपत्ता पार्ने, हत्या गर्ने जस्ता क्रियाकलापहरू बढिरहेका छन्। जेनेवा महासन्धिको परिपालना आफ्नो पक्षबाट भएको दावी गर्ने नेकपा (माओवादी) र प्रहरी दुवैले उक्त महासन्धिको धारा ३ मा उल्लेख भएको न्यूनतम शर्तहरूलाई पनि पालन गरेको पाइँदैन। कसैलाई पनि बन्दी बनाउन नहुने वा कुनै किसिमको सँजाय दिन नपाउने प्रावधान होस् या नागरिकलाई कुनै पनि वहानामा पीडित बनाउन पाइँदैन भन्ने प्रावधान, कुनैको पनि परिपालना भएको छैन। जनयुद्धका कारण प्रहरी र माओवादीका तर्फबाट धेरै सर्वसाधारण व्यक्ति पीडित बन्नु परिरहेको छ। दुवै पक्षबाट भएका घटनाहरू अमानवीय मात्र होइन, अत्यन्त निर्दयी पनि भइरहेका छन्।

अन्त्यमा,

पत्रकार वर्ग वा पत्रकारिता जगत देशका हरेक पक्षको "watch dog" को रूपमा रहेको बौद्धिक समाज भएकाले उनीहरूको भूमिका घटनाको सत्य/तथ्य सार्वजनिक गर्नु हो। झुठ नलुकाउने माध्यम नबनिदिए पनि शान्ति प्रकृयामा आम सञ्चार क्षेत्रले ठूलो भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरामा दुई मत नहोला।

सन् २००० : मानवअधिकार उल्लंघनका उल्लेख्य घटना

खारा आगजनी

०५६ फागुन ६ गते राति रोल्पा जिल्लाको घर्तीगाउँ स्थित इलाका प्रहरी कार्यालयमा माओवादीहरूले आक्रमण गरी १ जना प्रहरी निरिक्षक सहित् १५ जना प्रहरीको हत्या गरे भने २० जनालाई सख्त घाइते बनाए। त्यसैगरी ०५६ फागुन १० गते रूकुम जिल्लाको खारामा १ जना प्रहरीलाई माओवादीहरूले हत्या गरे भने १५ जना व्यक्तिलाई प्रहरीले हत्या गरे।

रूकुम जिल्लाको खारा गाविसमा हिंजो विहान रूकुम खलंगा घर भएका प्रहरी गणेश महतरालाई माओवादीले हत्या गरे। तत्पश्चात् प्रहरीले खारा गाविस खुम्चेरी भन्ने ठाउँका ७-८ वटा घरमा आगो लगाई नष्ट गरे। यसैबीच २ वटा हेलिकप्टरबाट थप प्रहरीहरू हिंजो दिउँसो घटनास्थलमा पुगेपछि खारा गाविसका विभिन्न गाउँहरूलाई प्रहरीले घेराउ गरी वडा नं. १ मा पर्ने पुरानो खारा, २ मा पर्ने झुल्नेटा, ३ मा पर्ने कुरल, ४ मा पर्ने तल्लो खुम्चेरी र कालिमाटी, वडा नं. ५ मा पर्ने पोखरी, ६ मा पर्ने खुम्चेरी आदि ठाउँका करिब २०० घरहरू प्रहरीले आगो लगाए। त्यसपछि रूघा गाविसको वडा नं. ८ मा पर्ने बल्ले, ६ को दहमार्गका २० भन्दा बढी घरहरूमा प्रहरीले आगो लगाए।

स्मरण रहोस्, ०५६ माघको दोश्रो सातामा खारा गाविस-९ को तमाखछरे, ७ मा पर्ने तल्लो जिवाङ्, रूघा गाविस-२ को सिमुत, ९ को ढाङ्चुङ् र बल्लजुरे, ५ मा पर्ने उन्नेचौर र बाँदरपाने गाउँमा प्रहरीले आगो लगाई केही घरहरू नष्ट गरेका थिए।

सिनो फाल्न नमानेका कारण समाजबाट बहिष्कार

सिराहा / लाहान नगरपालिका-१ मा बसोबास गर्दै आएका मोची (दलित) जातिका व्यक्तिहरूले मरेको सिनो फ्याँक्न आफ्नो जातिलाई कानूनी बाध्यता नभएकाले आइन्दा उक्त कार्य नगर्ने निर्णय गरेका कारण अन्य जातका व्यक्तिहरूले उनीहरूलाई समाजबाट बहिष्कार गरेको कुरा मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतानाध दवराज पाख्रलल बताएका थिए।

चौधरी, सुडी, गुहार, खत्वे, मुसहर, तत्मा, तेली महतोलगायत्का अन्य ११ जातिले ०५६ चैत १० गते वैठक बसि मोची जातिका व्यक्तिहरूलाई सार्वजनिक ठाउँको पोखरीमा नुहाउन नदिने, कुनै पसलेले उनीहरूलाई सामान बेच्न नपाउने र सामान बेचेमा बेच्नेलाई ५ सय ५१ रूपैयाँ जरिवाना गर्ने निर्णय गरेका थिए। सोही नपा-१ का वडा सदस्यसमेत रहेका ३४ वर्षीय सनहु रामले बसमा बुकिङ कार्य गर्ने र टेलिफोन सेवासमेत संचालन गर्दै आएकामा सोही कारण उनलाई रोजगारबाट हटाइ टेलिफोन सेवा संचालनमा समेत रोक लगाउने कार्य भयो।

लक्ष्मी मुडभरी भोजपुर प्रहरी हिरासतमा

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य लक्ष्मी मुडभरीलाई प्रहरीले गिरफ्तार गरेकोमा हाल भोजपुर पुऱ्याएर हिरासतमा राख्वेको कुरा मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधि चित्राङ्गत चौलागाईंले बताएका छन्। पीडितलाई भोजपुर पुऱ्याएको समाचार प्राप्त भएपछि पटक पटक जिल्ला प्रशासनसँग सम्पर्क गर्दा गिरफ्तार नगरिएको जानकारी दिइएको थियो तर पछि प्रमुख जिल्ला अधिकारी देशीराम पियाले लक्ष्मी प्रहरीसँगै भएको बताए। डिएसपी वीरेन्द्रबाबु श्रेष्ठले भने सो अस्वीकार गरे। तत्पश्चात् मानवअधिकारकर्मी, जनप्रतिनिधि तथा स्थानीय व्यक्तिहरूले लक्ष्मीलाई भेट्न दिइयोस् भनी आग्रह गर्दा "हामी बयान लिइरहेका छौं, भेट्न पाइँदैन। जे गर्नु छ गर्नु" भन्ने जवाफ दिइयो। पीडित ६/७ महिनाको गर्भवती अवस्थामा रहेको र यस्तो अवस्थामा पनि प्रहरीले कसैसँग भेट गर्न नदिइएकाले यातना दिइएको आशंका गरिएको छ।

माओवादी समात्न पुरस्कारको घोषणा

हुम्ला जिल्लाका १६ जना माओवादी कार्यकर्ताहरूलाई पक्राउ गर्न सहयोग गर्नलाई जनही ५० हजार रूपैयाँ पुरस्कार दिने घोषणा गरिएको थियो। जिल्ला प्रहरी कार्यालय, हुम्लाद्वारा ०५७ जेठ ५ गते प्रकाशित सूचनामा जनाइएअनुसार रोडिकोट गाविस-१ का मदन रोकाया, सोही गाविस-२ का तुला बुढा र हेसे रोकाया, सोही गाविस-३ सुरे बुढा, सिमीकोट गाविस-८ का छिमी लामा, बराइ गाविस-१ का प्रदीप ऐडी, सोही गाविस-३ का कमल ऐडी र हर्के रोकाया, सोही गाविस-५ का खड्गे बुढा, बनगाउँ गाविस-२ की पानकली लामा, सोही गाविस-४ का छाम्जोन लामा, बरगाउँ गाविस-५ का छिरिङ् तुम्छोल लामा तथा गोठी गाविस-३ का अजबीर ऐडीलगायत्का व्यक्तिहरूको नाम/ठेगाना खुलाई जिल्लाका विभिन्न ठाउँमा टाँसिएको थियो।

रोगको महामारी, घेराउ, बोक्सीको आरोप

त्रियुगा नपा-९ र १० गते यता कालोज्वर आशंका गरिएको रोगबाट २४ जना व्यक्तिहरूको मृत्यु भइसकेको छ। उक्त रोगको समस्यालाई लिएर उपचारको माग गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराउन आज स्वतः स्फूर्तरूपमा स्थानीय व्यक्तिहरू, विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरू जम्मा भई जिल्ला प्रशासन र जिविस कार्यालय घेराउ गरे। तर स्थानीय जिल्ला स्वास्थ्य कार्यालयले भने उक्त रोगबाट ५ जनाको मात्र मृत्यु भएको कुरा जनाएको छ।

उक्त रोग बोक्सी भई फैलाएको आरोपमा त्रियुगा नपा-१० की हरिदेवी चौधरीलाई जेठ १६ गते बेलुका ५ बजे स्थानीय खखन चौधरी, वंशीधर चौधरी, भुटाई चौधरी लगायतका २०-२५ जनाको जमातले घरमै गई कुटपिट गरे।

प्रहरी कार्यालय ध्वस्त र ४० प्रहरी वेपत्ता

जाजरकोट जिल्ला धिमे गाविस-१ पाँचकटियास्थित इलाका प्रहरी कार्यालयमा ०५७ जेठ २५ गते राति ८ बजेदेखि नेकपा (

माओवादी) ले आक्रमण गरी प्रहरी कार्यालय ध्वस्त पारे। उक्त इलाका प्रहरी कार्यालयमा रहेका ५१ जना प्रहरीहरूमध्ये १२ जनाको हत्या भएको थियो। यसबाहेक ७ जना सर्वसाधारण र २ माओवादीको मृत्यु भएको थियो।

जिल्ला सदरमुकाम खलंगाबाट करिब ४ कोश उत्तरतिर पर्ने सो घटनास्थल आसपासमा रहेका घरहरू बम प्रहार गरी ध्वस्त पारिएको थियो।

पूर्व जिविस सभापति यादवको हत्या

सिराहाका पूर्व जिविस सभापति तथा नेपाली काँग्रेस जिल्ला कार्य समितिका सदस्य चन्द्रनारायण यादवलाई ०५७ असार ५ गते (आज विहान) करिब साढे ६ बजे सिराहा नपा-२ को आफ्नो निवासबाट श्रीमतीसहित घुम्न निस्किएको बेला दुईजना अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। पीडित यादवको छातीमा र कोखामा गरी दुईवटा गोली लागी मृत्यु भएको थियो। घटना विवरण अनुसार बाटोमा हिंडिरहेको बेला एकजनाले एकछिन कुरा गर्नु छ भनी बोलाउँदा यादव त्यसतर्फ फर्किंदा गोली हानिएको थियो।पीडकहरूलाई तत्कालै स्थानीय जनताले समात्न खोज्दा तिमीहरूको नेतालाई त मारिसक्यौं , तिमीहरूलाई पनि मार्छौं भनी धम्की दिएका थिए ।

सो घटनामा संलग्न भएको आरोपमा सिरहा नपा देखि दक्षिण पर्ने लक्ष्मीनिया गाविस ९ तारापट्टी गाउंबाट दुई जनालाई प्रहरीले विहान करिंव ९ बजेतिर पक्राउ गऱ्यो। पक्राउ परेका व्यक्तिहरू एक जना भारतीय र एक जना नेपाली रहेको बताइएको छ। पक्राउ गरिसकेपछि प्रहरी भ्यानमा राख्वेर सिरहा तिर ल्याउदै गर्दा घटना स्थल निर आइ पुग्दा ती दुई जनालाई स्थानीय जनताको भीडले प्रहरी भ्यानबाट निकाली कुटपीट गरी घाइते बनाए। यसै क्रममा प्रहरी भ्यानको शीशासमेत आक्रोसित भीडले फुटाएको थियो। भीडलाई नियन्त्रण गर्न प्रहरीले ८,९ राउण्ड हवाई फायर समेत गरेको थियो ।

अदालत भित्रैबाट गिरफ्तार

नवलपरासी जिल्ला देवचुली गाविस ८ का २१ वर्षीय ताराप्रसाद भूसाललाई पुनरावेदन अदालत बुटवलले छोड्ने आदेश दियो तर उनलाई प्रहरीले पुनः अदालत भित्रैबाट पक्राउ गरी बेपत्ता पारेको छ।

पीडित भूसाललाई माओवादीको आरोपमा ०५६ वैशाख ९ गते घरबाट इलाका प्रहरी कार्यालय कावासोतिले पक्राउ गरेको थियो। पुनरावेदन अदालत बुटवलमा वन्दिको तर्फबाट निवेदन परी कारवाई हुदैं गर्दा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा हातहतियार खरखजना मुद्दामा रू.१५ हजार धरौटी राख्न नसक्दा थुनामा राखिएको थियो।सो आदेश पुनरावेदन अदालत बुटवलले बदर गरी तारेखमा राख्न आदेश दिएकोमा तारेखमा राखि बाहिर निस्कन नदिई त्यहांबाट पक्राउ गरी प्रहरीले पर्वत पऱ्याई त्यहिंबाट हातहतियार खरखजना मुद्दा चलाए। पुनरावेदन अदालत वाग्लुङमा वन्दि प्रत्यक्षीकरण मुद्दा पऱ्यो। पुनरावेदन वाग्लुङले तारेखमा राख्न आदेश दियो।तर त्यहांबाट पनि पुनः पक्राउ गरी स्याङ्जा पठाइयो । स्याङ्जाबाट २०५७ वैशाख ३० गते पाल्पा पऱ्याई त्यहां थुनामा राखिएकोमा बन्दि प्रत्यक्षीकरणको निवेदन परि पुनः छोड्नेआदेश गरेको अदालतले आदेश गरी पीडितका बाबु नर भुपाल भूसाललाई अदालतले जिम्मा लगायो । ताराप्रसाद भूसालको पक्षमा बहस गरी कानुन व्यवसायीहरू फर्किन लाग्दा इलाका प्रहरी कार्यालय बुटवलबाट प्रहरी निरीक्षकहरू इश्वर कार्की र राजन श्रेष्ठको नेतृत्वमा आएका प्रहरीहरूले अदालत घेराउ गरेका थिए। वकिलहरूलाई हातापाई र अशिष्ट व्यवहार गरे । समाचार संकलन गर्न गएका पत्रकार कर्णबहादुर कार्की,विष्णुप्रसाद घिमिरे,भरत के.सी. युवराज पाण्डेलाई अदालत परिसर मै प्रहरीले कुटपीट गरी साथमा भएका क्यामरा समेत खोसे। सांझ ७ वजे सम्म भूसाललाई अदालतको रजिष्टारको कोठामा राखियो र बाहिरबाट विस्कुट आदि लगेर खान दिइयो। प्रहरीले अदालत वन्द गर्न रोके । सांझ करिव ८ वजे अदालतका चौकीदारलाई धम्काई हातपात समेत गरी रजिष्टारको कोठामा वसेका ताराप्रसाद भुसाललाई प्रहरीहरूले अदालत भित्रैबाट पक्राउ गरी मुन्ड्याउदै ल्याई यू.पी.७८ सी.२३२५ नं. को गाडीमा राख्वेर लगे।

दलित भएकोले प्रहरी हिरासतमा

डडेलधुरा अमरगढी न. पा. ५, बागबजार स्थित एक होटलमा असार १२ गते चिया नास्ता गर्न गएका हेमबहादुर सार्की, नन्दे सार्की र पारस जैरूलाई तल्लो जातीका मानिसहरू होटलमा किन प्रवेश गरेको भनी नर्वदी गुरागाईं, पष्पा गुरागाईं, ज्वाला गुरागाईं र सुधिर थापा लगायतका व्यक्तिहरूले कुटपीट गरे ।

हेम बहादुर सार्की र नन्दे सार्कीलाई बाटोमा हिडीरहेको बेला उपल्लो भनिने जातिका नर्वदी गुरागाईं, पष्पा गुरागाईं, ज्वाला गुरागाईं र सुधिर थापाले कुटपिट गर्दै पक्रेर जिल्ला प्रहरी कार्यालयमा बुझाए । यस अघी असार ७ गते यूनिसेफको सहयोगमा खानेपानी तथा सरसफाई सम्बन्धीत सडक नाटक देखाएर बागबजार स्थित सनलाईट होटलमा नास्ता खान जादां नारद जैरू, अन्जू गैरी, पारश जैरू र रसुता जैरू लगायतका व्यक्तिहरूलाई होटेल मालिक करण सिंह भण्डारीले तल्लो जातिका मानिसहरूलाई यहां नास्ता छैन भनी फर्काएका थिए ।

माओवादीद्वारा चेतावनी

म्याग्दी। पिप्ले गाविस-२ घर भई हाल भगवति गाविस-६ मा बसोबास गर्दै आएका अमरसिंह प्रा.वि. पिप्लेका प्रधान अध्यापक रमेश शाहीलाई ०५७ असार १९ गते राती ९.३० बजेतिर १५ जना जति नकाबधारीहरूले कोठाबाट बाहिर निकाली कुटपिट गरे। ती नकाबधारीहरूले प्र.अ. शाहीलाई तरूणदलको सदस्य भई माओवादीविरूद्ध सुराकी नगर्न, मदिरा सेवन नगर्न, विद्यालयमा नियमितरूपले हाजिर हुन चेतावनी दिई अन्यथा "सफाया" गर्ने धम्की समेत दिएका थिए। रमेश शाही तरूण दलका जिल्ला सदस्य हुन्।

प्रहरीद्वारा नेपाली कांग्रेसका कार्यकर्ताको हत्या

म्याग्दी। बाबियाचौर गाविस-५ का २० वर्षीय विनोद के.सी. लाई मलामी गएर फर्किरहेको अवस्थामा ०५७ असार २२ गते राती ११:३० बजेतिर सिङ्गा तातोपानी प्रहरी चौकी अगाडि प्रहरीले गोली हानी हत्या गरे। आफ्ना माइला बुबा हेमबहादुर के.सी.को भारत पटनामा उपचार गर्दा गर्दै मृत्यु भएपछि हिजो मात्र उनको शब बेनी ल्याइपुऱ्याएर दाह संस्कार गरी सकेर गाउँलेहरूका साथ मैनटोल बालेर घरतिर जाँदै गर्दा प्रहरीले विनोदको हत्या

गरेका थिए।

बारामा प्रहरीद्वारा गिरफ्तारपछि हत्या

बारा जिल्लामा ०५७ असार २४ गते ३ जना माओवादी कार्यकर्ताहरू प्रहरीसँगको दोहोरो भीडन्तमा मारिएको समाचार प्रकाशमा आए पनि उनीहरूलाई प्रहरीले गिरफ्तार गरेपश्चात् गोली हानी हत्या गरेको रहस्य खुल्न आएको छ। घटना विवरणअनुसार, इनरवासिरा गाविस-३ घर भई नेकपा (माओवादी) का बारा जिल्ला छापामार दलका उपकमाण्डर भनिएका २८ वर्षीय रामेश्वर पासवान, सोही ठाउँका माओवादी कार्यकर्ताहरू २६ वर्षीय समीम मियाँ अन्सारी र २८ वर्षीय वृजराउत कुर्मिलाई सिम्रौनगढतर्फ गैरहेको अवस्थामा ०५७ असार २३ गते साँझ ७ बजेतिर विश्रामपुर गाविसको मुसहरवाचौकीका प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई सोही राती जिल्ला प्रहरी कार्यालय कलैयामा पुऱ्याइयो र त्यहाँबाट ०५७ असार २४ गते विहान ३ बजेतिर प्रहरी निरीक्षक विकासराज खनालको नेतृत्वमा गस्ती गएको प्रहरी टोलीसँगको दोहोरो भीडन्तमा मरेको भन्ने बहानामा ककरी गाविसको चौध किलो भन्ने चारकोशे झाडीको नामले परिचित जंगलमा लगी गोली हानी हत्या गरेका थिए।

माओवादीद्वारा दाहालको हत्या

काभ्रे / अनेकोट गाविस-१ दाहालगाउँका ४१ वर्षीय अर्जुन दाहाललाई ०५७ साउन २ गते बेलुका ७.३० बजेतिर घरमा खाना खाइरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

घटना विवरणअनुसार, खाना खाइरहेको अवस्थामा ३ जना अपरिचित व्यक्तिहरूले छुट्टाछुट्टै रूपमा घरमा आई गोली हानेका थिए। दाहालको घरमा ०५५ चैत ५ गते सेल्टर लिएर बसेका ७ जना माओवादी कलाकारहरूलाई प्रहरीले गोली हानी हत्या गरेका थिए भने प्रहरी र माओवादी कलाकारबीचको दोहोरो पेट्रोल बम तथा गोली प्रहारमा घर आगलागी भएको थियो। सोही घटनामा सुराकी गरेको र घर आगलागी भएको बहानामा सरकारसँग ३ लाख रूपैयाँ लिएको आरोप माओवादीहरूले लगाउँदै आएका थिए। सो घटना भएदेखि मृतक दाहाल पाँचखालस्थित तामाघाटमा पसल राखी बस्ने गरेको र १५ दिन अगाडि मात्रै गाउँ फर्किएका थिए।

मालिकहरूद्वारा कमैयामाथि दमन

कैलाली / श्री ५ को सरकारले हालै कमैया मुक्तिको घोषणा गरेपश्चात् मालिक (जमिन्दार) हरूद्वारा विभिन्न बहानामा कमैयाहरूलाई कुटपिट, धम्की तथा बसोबास गरेको ठाउँबाट निकाला गरेका घटनाहरू प्राप्त भएका छन्।

- टिकापुर नपा-७ उर्दीपुरका बसन्त सुनारका कमैया तथा कमैया मुक्ति आन्दोलनमा काठमाण्डौ आई धर्ना समेत बसेका बालकिसन चौधरी कमैया मुक्तिको घोषणापछि अत्यन्त खुशी हुँदै घर फर्कंदा मालिक सुनारले घरमा ताल्चा लगाइदिएका कारण उनीमात्र होइन, परिवार समेत विचल्लीमा पर्नुपऱ्यो। मालिक बसन्तले ९ हजार रूपैयाँ सौंकी दिएमा मात्र बालकिसनलाई घरभित्रका सामान लैजान दिने बताए। न्यूनतम ज्यालाको लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरेपछि मालिक सुनारले खुकुरी प्रहार गर्न खोजी लखेटेका थिए।
- पथरैया गाविस-४ पहाडिपुरका पदमराज उपाध्यायको घरमा कमैया बसेका ढिक्र चौधरी, रामबहादुर चौधरी, जीतबहादुर कुमाल र कंगाली चौधरीलाई मालिक पदमराजले आफ्नो घरबाट अन्नपात समेत निकाल्न नदिई लखेटे। अहिले उनीहरू बाहिरै मजदुरी गर्न विवश छन्। उनीहरूलाई पनि सरकारद्वारा तोकिएको न्यूनतम ज्याला पाउनुपर्छ भन्ने आन्दोलनमा लागेवापत् मालिकले त्यसरी लखेटेका हुन्।
- बैनिया गाविस-५ वनकट्टाका गणेशबहादुर कुवँरले आफ्नो घरमा कमैया बसेका फूलराम चौधरीलाई ०५७ साउन ५ गते दिनभरि खेतमा काम गरेर घरमा आई बसेको अवस्थामा सौंकी तुरून्त तिर्नुपर्ने बताउँदै कुटपिट गरे।

कमैयाहरूको बिचल्ली

वर्दिया / पदनाहा गाविस-३ ४ र ५ नं. वडाका धनिराम थारू, काजीराम थारू, चिन्कु थारू, चौतारी थारू, शान्ता थारू, छोटकनवा थारू, खुसीराम थारू, सुकराम चौधरी, मनबहादुर थारू, आइतवारी थारू, विष्णुप्रसाद थारू, भुखाली थारू, मनबुझावन थारू, बलिराम थारू, कृष्णु थारू, तुलाराम थारू, प्रमोद थारू र अन्तराम थारूलाई ०५७ साउन १३ गते जमिन्दारहरू भोला सुवेदी, चिरञ्जीवी पहाडी, बन्धुराज पौडेल, देवीप्रसाद सुवेदी, महोदत्त भट्टराई, शिव के.सी, कमल सुवेदी, शोभाकर भट्टराई, केशवराज भट्टराई, नरहरि भट्टराई, हरिचन्द्र लामिछाने र भवानीप्रसाद भट्टराईले श्री ५ को सरकारले साउन २ गते गरेको कमैया मुक्तिको घोषणालाई कारण देखाई घरबाट निकालिदिए।

०५६ माघदेखि प्रति व्यक्ति बार्षिक ८ कुन्टल धानका दरले काम गर्न बसेका जग्गाविहिन कमैयाहरूलाई मालिकहरूले "दिएको मस्यौरा फिर्ता गर, सौंकी हामी जसरी पनि असुल्छौं, आजसम्म खायौ अब हाम्रो लेनदेन केही छैन" भनी धम्क्याउनुका साथै मालिक भवानीप्रसादले अन्तरामको बुक्राभित्र चामल राखिएको "डेली" समेत फुटाइदिए।

प्रहरीद्वारा दुई महिलाको हत्या

गोरखा / मसेल गाविस-९ स्थित इलाका प्रहरी कार्यालय घ्याम्पेसाल नजिकै रहेको पानी ट्यांकी माथि राखेर प्रहरीले २ जना महिला माओवादी कार्यकर्ताहरूलाई ०५७ साउन १९ गते राति गोली हानी हत्या गऱ्यो। तान्द्राङ् गाविस-९ तीनखन्ने भन्ने ठाउँमा गस्ती गर्दै हिंडेका प्रहरी र माओवादीहरूबीच सोही राति १० बजे दोहोरो भीडन्त भएको थियो। सो भीडन्तका क्रममा एकजना प्रहरी हातमा गोली लागि घाइते भए। तत्पश्चात् प्रहरीले ती २ जना महिलाहरूलाई गिरफ्तार गरी आधा घण्टा टाढाको दूरीमा रहेको सो स्थानमा ल्याई गोली हानी हत्या गऱ्यो।

प्रहरीद्वारा सैनिकको हत्या

सोलुखुम्बु / धनकुटा जिल्ला मारेकटाहरे गाविस घर भई सोलुखुम्बु जिल्ला सदरमुकामदेखि करिब ५ घण्टाको दूरीमा रहेको केरूङ् गाविस-९ पत्ताले स्थित टेलिफोन टावरमा सुरक्षाकर्मी रहेका सैनिक लिला श्रेष्ठलाई ०५७ भदौ ७ गते बेलुका ८.३० बजेतिर पत्ताले प्रहरी चौकीका प्रहरीले गोली हानी हत्या गरे।

टर्च बाली टावरबाट प्रहरी चौकीतर्फ आइरहेको अवस्थामा चौकीको सुरक्षार्थ खटिएका प्रहरीहरूले "तपाईं को हो? कहाँ, किन हिँड्नु भएको?" भनी सोध्दा जवाफ नदिई एक्कासी "म तेरो बावु हुँ" भन्ने जवाफ आएपछि माओवादीको आशंकामा प्रहरीले गोली प्रहार गर्दा सैनिकको घटनास्थलमै मृत्यु भएको थियो।

अदालतको आदेशमा छुटेकाहरु पुनः गिरफ्तार

इलाम (असोज २) / पुनरावेदन अदालत, इलामको इजलासले रिहा गर्ने आदेश दिएका अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २३ वर्षीय धीरेन्द्र शर्मा तिम्सिना र उपाध्यक्ष २० वर्षीय लक्ष्मीदेवी न्यौपानेलाई अदालत परिसरबाट बाहिर निस्कने बित्तिकै दिउँसो ३.५५ बजे प्रहरीले पुनः गिरफ्तार गरे। उनीहरूलाई गिरफ्तार गर्ने क्रममा पत्रकार, वकिल तथा मानवअधिकार कार्यकर्ताहरूलाई प्रहरीले लछारपछार समेत गरे। पत्रकार तथा इन्सेक जिल्ला प्रतिनिधि कमल श्रेष्ठको क्यामरासमेत प्रहरीले जफत खोसेर लगे।

माओवादीद्वारा आठ प्रहरीको हत्या, दुई घाइते

लमजुङ / भोर्लेटार गाविसस्थित इलाका प्रहरी चौकीमा ०५७ असोज १० गते राति १२ बजेतिर माओवादीहरूले आक्रमण गर्दा एकजना प्रहरी नायव निरीक्षकसहित ८ जना प्रहरीको मृत्यु भयो भने एक जना प्रहरी हवल्दार तथा एकजना मृतक प्रहरीकी पत्नी घाइते भए। राति १२ बजेदेखि विहान ४ बजेसम्म माओवादीहरूले रेञ्जपोष्ट र प्रहरी चौकीमा बम प्रहार गरी ध्वस्त पारे भने सोही स्थानमा रहेको कृषि विकास बैंक र साना किसान विकास आयोजनाका कागज पत्रसमेत नष्ट गरे।

त्यसरी माओवादीको आक्रमणमा परी मृत्यु हुनेहरूमा प्रहरी नायव निरीक्षक रामबहादुर रानाभाट (तनहुँ घर), प्रहरी सहायक निरीक्षक धनप्रसाद सुवेदी (स्याङ्जा घर) तथा प्रहरी जवानहरू रमेश जोशी (गुल्मी), भूमी राजभण्डारी (वाग्लुङ), इन्द्रबहादुर चन्द (रूकुम), सुरेशप्रसाद कुर्मी (रूपन्देही), तारापति खनाल (स्याङ्जा) र नेत्रबहादुर कुँवर (गोरखा) रहेका छन्।

प्रहरीको गोलीद्वारा कर्मचारीको मृत्यु

रसुवा / सदरमुकाम धुन्चेस्थित नेपाल दूरसंचार संस्थानको टावरमा कार्यरत् सो संस्थानका कर्मचारी पकलीप्रसाद भट्टराईको प्रहरीको गोलीद्वारा मृत्यु भयो। प्राप्त जानकारीअनुसार पीडित भट्टरा

ई ड्युटीमा बसिरहेको अवस्थामा केही अपरिचित व्यक्तिहरू आई टावर तोडफोड गर्न थालेपछि उनले प्रहरीमा खबर गरे। प्रहरीको डरले ती व्यक्तिहरू भागिसकेपछि प्रहरी गस्ती टोली घटनास्थलमा पुग्यो। प्रहरी गस्तीलाई माओवादी ठानी भट्टराई जंगलतिर भाग्न लागिरहेको अवस्थामा प्रहरीले उनलाई माओवादीको आशंकामा गोली प्रहार गर्दा मृत्यु भएको थाहा हुन आएको छ।

माओवादीद्वारा कांग्रेस महासमिति सदस्यको हत्या

वाग्लुङ / नेपाली काँग्रेसका महासमिति सदस्य पाला गाविस-२ खहरेका ४७ वर्षीय तुलप्रसाद शेरचनलाई ०५७ कात्तिक २५ गते विहान ५:४५ बजे वाग्लुङ नपा-१ को गणेशस्थान र देवीस्थानको बीचमा रहेको बाटोमा मर्निङ्ग वाक गरिरहेको अवस्थामा माओवादीहरूले देब्रे कञ्चटमा गोली प्रहार गरेकोमा विहान ६:०५ बजे वाग्लुङ अस्पतालमा मृत्यु भयो। पीडितले सो गाविसमा जनताले एकजना माओवादी कार्यकर्ताको हत्या गरेको घटनाप्रति समर्थन जनाई सार्वजनिक अभिव्यक्ति गरेका कारण माओवादीद्वारा उक्त कारवाही गरिएको जानकारीमा आएको थियो।

माओवादीद्वारा अपहरण

कपिलवस्तु / गुगौली गाविसका अध्यक्ष राजेन्द्र चाईलाई ०५७ कात्तिक ३० गते करिब ३० जना माओवादी कार्यकर्ताहरूले अपहरण गरी गाउँको बीचमा रहेको मन्दिरमा लगेर हात ढुङ्गाले थिचिदिनुका साथै खुट्टा खुकुरीले काटिदिए।

गाविस अध्यक्ष राजेन्द्रले केही समयअघि २ जना महिलाहरूलाई बोक्सीको आरोपमा कुटपिट तथा अभद्र व्यवहार गरेको र त्यसको विरोध गर्ने व्यक्तिलाई जिउँदै बोरामा हाली गाडेको आरोपमा त्यसो गरिएको जनाइएको छ।

माओवादीद्वारा एघार प्रहरीको हत्या

कालिकोट / सदरमुकामदेखि पाँचकोश टाढा रहेको कोटवाडा प्रहरी चौकीमा ०५७ मंसिर १४ गते राति ११:१५ बजे माओवादीहरूले आक्रमण गरी १ जना प्रहरी सहायक निरीक्षकसहित २ जना प्रहरी हवल्दार र ८ जना प्रहरी जवानको हत्या गरे। दुई पक्षबीच भएको दोहोरो भीडन्तमा एकजना प्रहरी निरीक्षकसहित ८ जना प्रहरी सख्त घाइते भए। मृत्यु हुनेहरूमा प्रहरी सहायक निरीक्षक २५ वर्षीय प्रकाश थापा (सुनसरी), प्रहरी हवल्दारहरू ३४ वर्षीय आशमान गुरूङ (गोरखा) र ३४ वर्षीय प्रेमबहादुर सिंह (कञ्चनपुर), प्रहरी जवानहरू २४ वर्षीय नवबहादुर के.सी. (दाङ), २४ वर्षीय उपेन्द्र सेजुवाल (दाङ), २६ वर्षीय पुष्कर भट्ट (वैतडी), २८ वर्षीय काशिराम वि.क. (वर्दिया), २४ वर्षीय दिलबहादुर बस्नेत (दाङ), २७ वर्षीय अजय बस्नेत (सुर्खेत), २८ वर्षीय खगेन्द्र कार्की (रोल्पा) र २६ वर्षीय प्रेमबहादुर शाही (जाजरकोट) रहेका छन्। त्यसैगरी घाइते हुनेहरूमा प्रहरी निरीक्षक ४५ वर्षीय विष्णुगोविन्द थापा (ललितपुर), प्रहरी हवल्दार ३९ वर्षीय गोपाल घर्ती (प्युठान), प्रहरी जवानहरू २७ वर्षीय भीम थापा (गोरखा), ३० वर्षीय हरिलाल महतो (नवलपरासी) लगायत आठजना रहेका छन्। यसका साथै प्रहरी जवान २५ वर्षीय सूर्यप्रकाश रिजाल (रोल्पा) लाई माओवादीहरूले अपहरण गरे।

कूल ४५ जना प्रहरीको दरबन्दी रहेको सो चौकीमा ५-६ सय जति माओवादीहरूले आक्रमण गरी चौकी ध्वस्त बनाएका थिए। उक्त अवस्थामा २ जना प्रहरी जवान भाग्न सफल भए भने १ जना चौकीको दायाँतर्फ रहेको भीरमा लुकेर बसे। बाँकी प्रहरीहरूले आत्मसमर्पण गरेका थिए। भाग्न र लुक्न सफल भएका प्रहरीका ३ वटा राइफल बाहेक सम्पूर्ण हातहतियारहरू माओवादीहरूले कब्जामा लिएको बुझिएको छ।

माओवादीहरूले ञ्याङ्गील र लालिघाटस्थित कर्णाली नदीका र लालु गाविसको खुलालीस्थित एक खोलाको गरी ३ वटा झोलङ्गे पुलहरू पनि ब्लाष्टिङ्ग गरेर ध्वस्त पार्नुका साथै ञ्याङ्गीलस्थित पुल ध्वस्त पार्ने क्रममा बदालकोट गाविस-२ का २२ वर्षीय कमलबहादुर शाहीलाई पास्वुरामा गोली हानी घाइते बनाए। यो माओवादीहरूका तर्फबाट कालिकोट जिल्लामा गरिएको सबैभन्दा ठूलो आक्रमण हो।

का. जि. का. द. नं. २१/४९/५०

संविधानप्रदत्त राज्यको निर्देशक सिद्धान्तको आधारमा सरकारको मूल्याङ्कन गर्ने परिपाटी बसालौं ।

आर्थिक तथा सामाजिक असमानता हटाऔं ।
न्याय र नैतिकतामा आधारित स्वस्थ समाजको निर्माण गरौं ।

सन्दर्भः अन्तरराष्ट्रिय मानवअधिकार दिवस, डिसेम्बर १०, २०००

इन्सेक insec
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार, कलंकी, पो.ब.नं.: २७२६ काठमाडौं
फोन: २७०७७०, २७८७७०, फ्याक्स: २७०५५१
ईमेल: info@insec.wlink.com.np, वेब साइट: www.insec-nepal.com